ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४६ ❑ अङ्क : ३ ❑ सम्पूर्णाङ्क : ८२ ❑ वैशाख-असार, २०७६

**सम्पादक**
शशि पन्थी

**सह–सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.


किरण पुस्तकालय
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.५०/-

कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क. र विशाल श्रेष्ठ
मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०
E-mail : spgulmi 33@yahoo.com


आवरण पृष्ठ : आदिकवि भानुभक्त आचार्य

# हाम्रो पुरुषार्थ(त्रैमासिक)

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०९०८

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

**सम्पादकीय**

# राष्ट्र, भाषा र साहित्य

- राष्ट्रको भूगोल हुन्छ, माटो हुन्छ । माटोमा हामी उभिन्छौं, हिड्छौं, त्यहीं छरिन्छौं । हाम्रा पुर्खाहरू छरिएका छन् यस माटोमा । त्यसैले त प्रिय छ हामीलाई यो माटो । अग्रजहरू यसलाई ढुङ्गा भन्थे । यो राष्ट्रको शरीर हो । मातृभूमिको मुहार हो यो । अङ्गप्रत्यङ्ग हुन् यी राष्ट्रका हिमालहरू, पहाडहरू, मैदानहरू ।

- भाषा वाणी हो राष्ट्रको । भाषामा, वाङ्मयमा उनिएका छन् हाम्रा गौरवगाथाहरू । भाषा हाम्रो कान हो, जिभ्रो हो, आँखा हो । भाषाले जोड्छ हामीलाई अनेकताबीच एकतामा । हामी बहुभाषाभाषी छौं । सबै भाषा सम्पत्ति हुन् हाम्रा । सबै भाषा सभ्यता र संस्कृति बोकेर उभिएका छन् । नेपाली भाषा सम्बन्ध-सेतु हो हाम्रो । यो समग्र नेपालको पहिचान हो ।

- साहित्य मन हो, मस्तिष्क हो - राष्ट्रको । राष्ट्रका भावना र विचारहरू प्रतिबिम्बित हुन्छन् साहित्यमा । साहित्यमा राष्ट्रको ढुक्ढुकी बज्छ । साहित्यमा राष्ट्रको मानवजीवन लहराउँछ । एउटा निर्जीव भूगोल भाषाले, संस्कृतिले, इतिहासले, सभ्यताले जीवन्त बन्दछ ।

- भूगोलले, भाषाले, संस्कृतिले, सभ्यताले, इतिहासले नेपाल जोडेको छ । हामी नेपाली भएका छौं । नेपाल र नेपाली हाम्रो पहिचान बनेको छ । खण्डखण्डमा विभाजित हाम्रा मनहरू नेपाली राष्ट्रिय एकताको सूत्रमा उनिएर एकाकार बनून् ।

- पृथ्वीनारायणले एकीकरण गरेको यस राष्ट्रको शरीरमा भानुभक्तले प्राण भरे, मन भरे । राष्ट्रलाई भाषाले, साहित्यले एकीकरण गर्ने भानुभक्त धन्य छन् । तिनै आदिकवि भानुभक्त आचार्यप्रति कृतज्ञ हुँदै उनको २०६ औं जन्मजयन्तीमा हार्दिक श्रद्धाञ्जलि ।।

-०००-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | आजको हाम्रो मुख्य आवश्यकता ... | मोहनविक्रम सिंह | १ |
| २. | सत्तरी विमर्श | डा. तुलसी भट्टराई | १८ |
| ३. | काव्यमालिका पढेपछि | दीन पन्थी | २८ |
| ४. | जिन्दगी | विनोद नेपाल | ३४ |
| ५. | बालकृष्ण समको 'मुकुन्द इन्दिरा' ... | डा. शंकरप्रसाद गैरे | ३५ |
| ६. | कौटिल्यको अर्थशास्त्र र मार्क्सको पूँजी | डा. बाबुराम ज्ञवाली | ४८ |
| ७. | शिक्षक सपना | शिवशरण ज्ञवाली | ५६ |
| ८. | महाभारतकालीन नारी शिक्षाको ... | मन गहिरे | ५७ |
| ९. | यौन शिक्षा परम्परा | उत्तरकुमार पराजुली | ६२ |
| १०. | ब्लुम वर्गीकरणका आधारमा नेपाली ... | मीना पौडेल | ७२ |
| ११. | जय हनुमान् ! | पन्थी रामप्रसाद | ७८ |
| १२. | रेसुङ्गा हेर्दै मरूँ | शारदा पन्थी खनाल | ८१ |


**स्थायी स्तम्भहरू :**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. दुर्गाप्रसाद अर्याल | १ |
| ३. | पुस्तकालय परिचय | केशबहादुर खाती | ८३ |
| ४. | किरण पुस्तकालयको पातो | सचिव | ८५ |
| ५. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ८७ |
| ६. | यताउताबाट | ऋषि आजाद/दैनिक पत्र | ९१ |
| ७. | पाठक-प्रतिक्रिया | ध्रुवराज पन्थी | ९५ |
| ८. | हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकहरू | | ९९ |


ooo

# आजको हाम्रो मुख्य आवश्यकता विद्यमान समाज व्यवस्था परिवर्तन हो ।



✍ **मोहनविक्रम सिंह**

*(नेपाली काँग्रेसले नेतृत्व गरेको २००७ सालको राजनीतिक आन्दोलनमा प्यूठान र सल्यानका राणाविरोधी संघर्षमा सामेल भई राजनीतिक जीवन प्रारम्भ गरेका मोहनविक्रम सिंह २०१० सालदेखि अद्यपर्यन्त नेपाल कम्युनिष्ट पार्टीमा संलग्न रही हाल नेकपा (मसाल) को महामन्त्री, आई.सी.ओ.आर.को अन्तर्राष्ट्रिय केन्द्रीय समितिको सदस्य हुनुहुन्छ । पञ्चायती कालमा पटक पटक गरी ११ वर्ष जति जेल जीवन बिताएका सिंहले २०२७ सालमा जेलबाट निस्केपछि २०४६ सालसम्म भूमिगत जीवन बिताउनुभयो । त्यसपछि वर्तमान समयसम्म उहाँ अर्धभूमिगत अवस्थामा हुनुहुन्छ । उहाँले नेतृत्व गरेको पार्टीका प्रवक्ता सार्वजनिक हुन्छन् । उहाँका पद, नाम र विचारहरू पनि सार्वजनिक हुन्छन् । सार्वजनिक कार्यक्रमहरूमा उहाँ जाने गर्नुहुन्न । यसैलाई उहाँ अर्धभूमिगत अवस्था भन्न रुचाउनुहुन्छ । १५ वर्षको उमेरदेखि प्रारम्भमा नेपाली काँग्रेस र पछि नेपाल कम्युनिष्ट पार्टीको सदस्य भई सो पार्टीको एउटा हाँगा (मसाल) को उहाँले आज पनि नेतृत्व गरिरहनुभएको छ । आफ्नो जीवनका ८५ वसन्तमा पाइला राख्नुभएका सिंहले करिब ७० वर्ष त राजनीतिमै बिताउनुभएको छ । कुनै लाभको पदमा नरही यति धेरै वर्ष राजनीतिमा क्रियाशील सिंहले आफ्नो सिद्धान्त र आस्थाअनुसार लगातार काम गर्न सक्नु दुःख र कष्ट होइन बरू सुख, आनन्द र सन्तोष हो भन्ने विचार प्रकट गर्नुभएको छ ।*

*वि.सं. १९९२ साल वैशाख ३ गते काठमाडौंको मरूटोलमा जन्मेका सिंहले अर्थशास्त्र विषयमा एम.ए. गर्नुभएको छ । उहाँका पिताको नाम खिमविक्रम र माताको नाम ताराकुमारी हो । वि.सं. २००४ सालमा परोपकार औषधालयमा स्वयंसेवक भई सामाजिक सेवामा संलग्न हुन थालेका सिंहले २००९ सालदेखि प्यूठानमा विभिन्न सामाजिक कामहरू गर्नुभएको थियो । सिंह राजनीतिज्ञ मात्रै*

*नभएर लेखक तथा साहित्यकार पनि हुनुहुन्छ । 'प्यूठानको किसान समस्या र किसान संघर्ष' भन्ने उहाँको पहिलो रचना हो । गोरखापत्र, आँखा, नेपाली काँग्रेसको मुखपत्र 'नेपाल पुकार' मा पनि उहाँका कतिपय रचनाहरू प्रकाशित भएका थिए । उहाँका शान्तिपूर्ण आन्दोलन वा सशस्त्र संघर्ष, राजनैतिक आलोचना, नेपाल-भारत व्यापार तथा पारवहन समस्या, विचार-विवेचना र विश्लेषण, क्रान्ति वा भ्रान्ति, चार दशक (दुई खण्डमा), १२ मई (नाटक), उग्र वामपन्थी विचारधाराको खण्डन, विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास, नेपालको राष्ट्रियता (राष्ट्रियतासम्बन्धी लेखहरूको संग्रह), युगनृत्य (खण्डकाव्य र कविताहरू), रिम र माओवादीहरूको कथित जनयुद्ध, पार्टीको पुनर्गठनको समस्या, पार्टीक्लासका नोटहरू, साहित्य र समालोचना, दुई एकाङ्की, दुई नाटक दुई एकाङ्की, ओशो धार्मिक समुदाय र समाजमा त्यसको भूमिका र संघीयताका विरूद्ध भन्ने कृतिहरू प्रकाशित भएका छन् । अङ्ग्रेजी भाषामा* ***Two line struggle Within RIM*** *भन्ने कृति प्रकाशित छ । यात्रा र जङ्गलहरूको भ्रमणमा पनि रुचि राख्ने सिंहसँग 'हाम्रो पुरुषार्थ' का काठमाडौं प्रतिनिधि प्रा.डा. दुर्गाप्रसाद अर्यालले भेटघाट गरी लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।*

*-**सम्पादक**)*

**१. यहाँको कुन समय र उमेर अवस्थादेखि के कस्तो परिस्थिति र प्रभावबाट राजनीतिको थालनी गर्नुभयो ? उल्लेख गरिदिनुहुन अनुरोध गरिन्छ ।**

❑ म१५ वर्षको उमेरमा २००७ सालको आन्दोलनमा सामेल भएको थिएँ । त्यसबेलाको देशको राजनीतिक वातावरण र पिताजी खिमविक्रमको त्यसमा संलग्नताका कारणले म नेपाली कांग्रेसले नेतृत्व गरेको आन्दोलनमा सामेल भएको थिएँ । त्यस सिलसिलामा म प्यूठान र सल्यानका राणाविरोधी संघर्षमा सामेल भएको थिएँ । त्यही मेरो राजनीतिक जीवनको प्रारम्भ थियो ।

**२. यहाँको राजनीतिक कार्य र अभियानको प्रारम्भ कुन वाद वा सिद्धान्त या व्यक्तिको प्रभावबाट भयो ?**

❑ राजनीतिक जीवनको प्रारम्भ नेपाली काँग्रेसबाट भएको हो भन्ने कुरा मैले प्रश्न नं. १ को जवाफमा स्पष्ट गरिसकेको छु । २०१० सालमा म नेपाल कम्युनिष्ट पार्टीमा सामेल भएँ । बताइरहनुपर्ने आवश्यकता छैन कि मार्क्सवादी-लेनिनवादी सिद्धान्तको प्रभावमा परेर नै म कम्युनिष्ट पार्टीमा सामेल भएको थिएँ । मैले मार्क्सवादी-लेनिनवादी साहित्यको अध्ययन गरेपछि नै त्यसद्वारा प्रभावित भएर कम्युनिष्ट पार्टीमा सामेल भएको थिएँ । कुनै व्यक्तिको प्रभावमा परेर होइन । निश्चय नै, कम्युनिष्ट पार्टीको सदस्यताको लागि मैले दरखास्त त्यो बेलाका कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य कमलराज रेग्मीलाई दिएको थिएँ ।

**३. यहाँको राजनीतिक उद्देश्य के हो र यहाँ आफूले त्यसको प्राप्ति वा उपलब्धि के कति भएको अनुभव गर्नुभएको छ ?**

❑ एउटा कम्युनिष्टको अन्तिम राजनीतिक उद्देश्य साम्यवाद नै हुन्छ र त्यस अनुसार मेरो उद्देश्य पनि त्यही हो । तर त्यो एउटा दीर्घकालीन कार्यक्रम हो र त्यसलाई प्राप्त गर्नका लागि क्रान्ति वा आन्दोलनका कैयौं चरणहरूबाट जानुपर्ने आवश्यकता हुन्छ । समाजवाद र साम्यवाद हाम्रा दीर्घकालिन उद्देश्यहरू हुन् र नयाँ जनवाद अहिलेको आधारभूत वा न्यूनतम कार्यक्रम हो । तर त्यो उद्देश्य पूरा गर्नको लागि पनि कुनै खास बेलाको तात्कालिक राजनीतिक स्थितिअनुसार कैयौं कार्यनीतिहरू अपनाउनुपर्ने आवश्यकता हुन्छ । त्यसअनुसार पार्टीको स्थापनादेखि अहिलेसम्म हामीले कैयौं कार्यनीतिहरू आपनाउँदै आएका छौं । पार्टीले अपनाएका कैयौं कार्यनीति वा त्यस अन्तर्गतका कैयौं मागहरू सफल पनि हुँदै आएका छन् । हाम्रो आन्दोलनको परिणामस्वरूप समाजका कैयौं क्षेत्रहरूमा, जस्तै कि राजनीतिक व्यवस्था, भूमि व्यवस्था, संस्कृति वा विभिन्न जनसमूहहरू, मजदुर, किसान, महिला, जनजाति, दलित आदिका जीवनमा कैयौं सुधार वा परिवर्तनहरू पनि हुँदै आएका छन् । निश्चय नै आन्दोलनका विभिन्न चरणहरूमा हामीले अन्य कैयौं पक्षहरूसित मिलेर पनि संघर्ष गर्दै आएका छौं । त्यसैले अहिलेसम्म भएका सबै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सुधार वा परिवर्तनहरू खालि हाम्रो आन्दोलनका उपलब्धिहरू मात्र नभएर त्यस प्रकारका संयुक्त प्रयासहरूका पनि परिणामहरू हुन् । त्यसरी हेर्दा अहिलेसम्मका कम्युनिष्ट पार्टीका आन्दोलनहरूका कैयौं महत्त्वपूर्ण उपलब्धिहरू भएको कुरामा कुनै शंका रहँदैन । तर अहिलेसम्म हामीले जेजति सफलताहरू प्राप्त गरेका छौं ती अत्यन्त कम छन् र अझै हामीले लामो र कठिन संघर्ष गर्नुपर्ने छ । कम्युनिष्ट आन्दोलन भनेको कैयौं पुस्ताहरूसम्म निरन्तर चल्ने संघर्ष हो ।

**४. मार्क्सवादी साहित्यभन्दा स्वतन्त्र साहित्य र साहित्यको परम्परालाई यहाँले कसरी लिनुहुन्छ ?**

❑ समाजमा कैयौं वर्गहरू वा ती वर्गहरूलाई प्रतिनिधित्व गर्ने बेग्लाबेग्लै राजनीतिक धारहरू हुन्छन् । त्यसअनुसार साहित्यका पनि बेग्लाबेग्लै धारहरू हुन्छन् । समाजमा चल्ने राजनीतिक, सामाजिक वा वर्गीय संघर्षभन्दा बाहिर कुनै साहित्य स्वतन्त्र वा निरपेक्ष हुँदैन । समाजको बनावट वा त्यसमा देखापर्ने चिन्तनको स्वरूपअनुसार नै साहित्यको स्वरूपको पनि निर्धारण हुन्छ । व्यक्तिगत रूपमा कतिपय व्यक्तिहरूले स्वतन्त्र रूपले आफ्नो साहित्यको सिर्जना गरेका हुन सक्दछन् । तर मूल रूपमा त्यो समाजमा चल्ने द्वन्द्व वा अन्तर्संघर्षभन्दा बाहिर हुँदैन । त्यो

द्वन्द्व वा अन्तरसंघर्षमा पनि बेग्लाबेग्लै देश वा कालको छाप हुन्छ । अर्को शब्दमा समाजको असरबाट कुनै साहित्य स्वतन्त्र हुँदैन । जहाँतक मार्क्सवादी साहित्यको प्रश्न छ, त्यसको निर्माण पनि समाजको त्यही प्रकारको पृष्ठभूमिमा हुन्छ र त्यो स्वतन्त्र हुँदैन । त्यसको मूल उद्देश्य समाजमा विद्यमान शोषण प्रधान अवस्थाको अन्त र आमूल परिवर्तन नै हुन्छ । यस अर्थमा समाजका अन्य कैयौं धाराहरूभन्दा त्यो स्वतन्त्र र क्रान्तिकारी पनि हुन्छ ।

**५. यहाँको साहित्यप्रति के कस्तो दृष्टिकोण रहेको छ र यहाँले कहिलेदेखि साहित्यमा अग्रसर हुनुभई साहित्यका कथा, निबन्ध, नाटक, कविता, लेख-रचना र समालोचनामध्ये कुन विधामा अभिरुचि राखेर क्रियाशील हुनुभएको हो ?**

❑ माथि प्रश्न नं. ४ को जवाफमा मैले मूल रूपमा यो कुरा प्रष्ट गरेको छु । साहित्यमा मेरो सोचाइ पनि त्यही दृष्टिकोणद्वारा प्रेरित छ । सामान्यतः मैले निबन्ध, कविता, समालोचना, नाटक, कथा तथा उपन्यासका क्षेत्रहरूमा रुचि राख्दछु र ती विषयहरूमा केही लेख्ने पनि प्रयत्न गर्दै आएको छु । यद्यपि कथा र उपन्यासको क्षेत्रमा मेरा कुनै कृतिहरू प्रकाशित भएका छैनन् भने पनि हुन्छ । मैले कथा वा उपन्यासहरू २०१२ सालदेखि नै लेख्दै आएको छु । मैले लेखेका कथा र उपन्यासहरू सबै विभिन्न कारणले हराउँदै आएको हुनाले कुनै प्रकाशित हुन सकेनन् । यद्यपि २०१२ सालमा लेखिएको एउटा मात्र उपलब्ध कथा 'त्यो' प्रकाशित भएको छ । तर आशा गर्दछु, निकट भविष्यमा त्यो विषयमा पनि मेरा केही कृतिहरू प्रकाशित हुनेछन् । म गत करिब १५ वर्षदेखि एउटा उपन्यास, **'का. जलजला'**, लेख्ने काममा लागेको छु । तर पार्टी कामको व्यस्तताले मैले त्यसलाई पूरा गर्न सकेको छैन । सायद एक आधा वर्षमा त्यो कृति प्रकाशित हुनेछ ।

**६. यहाँलाई साहित्यिक प्रेरणा कहाँबाट प्राप्त भयो र यहाँको साहित्य लेखन तथा अध्ययन विश्लेषणको प्रतिबद्धता मार्क्सवादी मान्यता र विधि विधानमा नै केन्द्रित छ कि अरू गैरमार्क्सवादी दृष्टिकोणबाट पनि प्रभावित हुनुहुन्छ?**

❑ साहित्यप्रति मलाई सर्वप्रथम प्रेरणा धर्मराज थापाबाट नै प्राप्त भएको हो । २००३ सालमा एउटा स्कूलमा तीन कक्षामा पढ्दा उहाँ मेरो शिक्षक हुनुहुन्थ्यो । उहाँसितको संगतले नै मेरो साहित्यप्रतिको रुचि बढ्दै गयो । मेरो साहित्य राजनीतिप्रतिको मेरो प्रतिबद्धता वा संघर्षद्वारा नै प्रभावित छ भन्न सकिन्छ । तर त्यसको अर्थ साहित्यका अन्य विचार वा रचनाहरूबाट पनि म प्रभावित भएको छैन भन्ने होइन । यी सबै कुराहरू परस्परमा सम्बन्धित हुन्छन् । त्यो कुरा मेरो साहित्यप्रतिको दृष्टिकोण वा रचनाबारे पनि सत्य हो ।

**७. संक्षेपमा यहाँका साहित्यिक र राजनीतिक प्रमुख कृतिहरू के कति छन् र तिनको उद्देश्य के हो ?**

❑ यसबारे परिचयमा मैले बेग्लै सूची दिएको छु । जहाँतक तिनीहरूको उद्देश्यको कुरा छ, जस्तो कि मैले पहिले लेखें, ती सबै मेरा राजनीतिक प्रतिबद्धता वा उद्देश्यद्वारा निर्देशित छन् । तर साहित्यमा राजनीति नांगो रूपमा आउँदैन त्यसकारण, मेरा साहित्यिक कृतिहरूलाई राजनीतिक साहित्यको रूपमा मात्र बुझ्नु हुँदैन । साहित्य र राजनीतिको एक आपसमा घनिष्ट सम्बन्ध हुन्छ र दुबै एकअर्काद्वारा प्रभावित हुन्छन् । तैपनि तिनीहरूको आफ्नो बेग्लाबेग्लै स्वरूप वा अस्तित्व पनि हुन्छ । त्यही कुरा मेरा साहित्यिक कृतिहरूबारे पनि सत्य हो ।

**८. वामपन्थी नेताका नाताले नेपालका वामपन्थी विचारका दल, गुटको विविधता, विभेद र अन्तरविरोधलाई कसरी लिनुभएको छ ?**

❑ यो लामो, जटिल र विस्तृत विषय हो । सायद एउटा प्रश्नको संक्षिप्त जवाफमा त्यो कुराको व्याख्या गर्नु सम्भव हुनेछैन । तैपनि संक्षिप्तमा यति भन्न सकिन्छ : कम्युनिष्ट आन्दोलनको विकास पनि सधैं द्वन्द्वहरूका बीचबाट हुँदै आएको छ । त्यो कुरा अन्तर्राष्ट्रिय र नेपालको कम्युनिष्ट आन्दोलनबारे पनि सत्य हो । त्यसमा कैयौं धारणाहरू छन् । तिनीहरूबारे बेग्लाबेग्लै र विस्तृत व्याख्याको आवश्यकता हुनेछ । यस सन्दर्भमा एउटा अर्को कुरा पनि प्रष्ट हुन आवश्यक छ । सामान्यतः कम्युनिष्ट र वामपन्थीलाई एकअर्काको पर्यायवाचीको रूपमा लिने गरिन्छ । सबै कम्युनिष्टहरू वामपन्थी हुन्छन्, तर सबै वामपन्थीहरूलाई कम्युनिष्ट भन्न मिल्दैन । त्यस प्रकारले नेपालका सबै वामपन्थीहरूलाई कम्युनिष्ट भन्न सकिन्न । सायद त्यसको लागि बेग्लै र लामो विश्लेषण आवश्यक हुनेछ ।

**९. अब वामपन्थी राजनीतिको संघर्ष समाप्त भएको छ । विकास निर्माणको अभियानमा नलाग्ने वर्तमान सत्ता र सरकारको मूलधारमा नआउने कुनै पनि वामपन्थी राजनीतिक दलको भविष्य छैन र वर्चस्व रहँदैन भन्ने खालको सत्तासिन शक्तिको दृष्टिकोणका सम्बन्धमा के-कस्तो आफ्नो दृष्टिकोण अंगाल्नुभएको छ ?**

❑ यो सोचाइ मूलभूतरूपले नै गलत हो । यहाँ वामपन्थी भन्नाले कम्युनिष्टलाई पनि लिएको कुरा प्रष्ट छ । कम्युनिष्ट वा वामपन्थी आन्दोलन लामो समयदेखि चल्दै आएको संघर्ष हो र वर्तमान शोषण प्रधान व्यवस्थाको अन्त नहुँदासम्म त्यो लगातार चलिरहने छ र चलिरहनु पर्नेछ । हाम्रो उद्देश्य विद्यमान व्यवस्थामा आमूल परिवर्तन र क्रान्तिकारी परिवर्तन हो । तैपनि तात्कालिक रूपमा हामीले विकास कार्यहरूमा पनि लगातार जोड दिने गर्दछौं । क्रान्तिकारी आन्दोलन, विकास कार्यहरूबाट बेग्लै

अलग भएर अगाडि बढ्दछ र बढ्नुपर्दछ भन्ने होइन । जहाँसम्म वर्तमान सत्ता र सरकारको मूलधारमा नआउने कुनै पनि वामपन्थी राजनीतिक शक्तिको भविष्य छैन भन्ने सोचाइको प्रश्न छ, त्यो अत्यन्त हल्का, अवस्तुवादी र हास्यास्पद सोचाइ हो ।

**१०. अर्थशास्त्रमा उच्च शिक्षा (एम.ए.) प्राप्त गर्नु भएकोले यहाँको आर्थिक दृष्टिकोण के कस्तो रह्यो ? मार्क्सवादी अर्थतन्त्रको पूर्ण उपभोग र पालना नेपालमा के कति हुनसक्ला ?**

❑ एउटा मार्क्सवादी-लेनिनवादीको हैसियतले अर्थशास्त्रसम्बन्धी मेरो दृष्टिकोण पनि मूल रूपमा मार्क्सवादी-लेनिनवादी नै भएको कुरा प्रष्ट छ । मार्क्सवादी अर्थशास्त्र एउटा विश्वव्यापी र सार्वभौम सिद्धान्त हो । त्यसकारण संसारका सबै देशहरूमा त्यसको प्रयोग हुन सक्ने कुरा प्रष्ट छ । निश्चय नै बेग्लाबेग्लै देशहरूको विशिष्ट आर्थिक स्थितिअनुसार त्यसको प्रयोग पनि बेग्लाबेग्लै प्रकारले नै हुने गर्दछ । त्यही कुरा नेपालका सन्दर्भमा पनि सत्य हो ।

**११. यहाँका विचारमा मार्क्सवादमा प्रतिबद्ध नभएका गैरकम्युनिष्ट दल, पार्टी, व्यक्ति के कस्ता प्रतिक्रियावादी, सामन्ती, वर्गशत्रु र घोर दक्षिणपन्थी शोषक हुन् ?**

❑ समाजमा राजनीतिक शक्तिहरू बेग्लाबेग्लै प्रकारका हुन्छन् । उनीहरूले कुन वर्गको प्रतिनिधित्व गर्दछन् । त्यस अनुसार नै उनीहरूको राजनीतिक चरित्र बनेको हुन्छ । नेपालका राजनीतिक शक्तिहरूलाई हामीले तीन भागमा बाँडेका छौं । प्रथम, सर्वहारा वर्गको पार्टी । द्वितीय, देशभक्त र जनतान्त्रिक वामपन्थी शक्तिहरू र तृतीय, प्रतिक्रियावादी शक्तिहरू । नेकपा (मसाल) सर्वहारा वर्गको पार्टी हो । तर यसको बनावट मुख्य रूपमा निम्नपूँजीपति वर्गबाट आएका मानिसहरूबाट भएको हुनाले यसको संगठनात्मक स्वरूप मुख्य रूपले निम्नपूँजीवादी प्रकारको नै छ । नेकपा, क्रान्तिकारी माओवादी, नेकपा विप्लव, मजदुर किसान पार्टी, नेकपा (माले), नेपाल कम्युनिष्ट पार्टी (नेकपा) आदि निम्न पूँजीवादी वर्गहरूका राजनीतिक संगठनहरू हुन् । त्यसैले, यिनीहरू देशभक्त, जनतान्त्रिक र वामपन्थी शक्तिहरू तथा मित्र शक्तिहरू हुन् । तर आफ्नो निम्न पूँजीवादी चरित्रअनुसार उनीहरूमा ढुलमुल, अवसरवादी र सम्झौतापरस्त प्रवृत्तिहरू पनि हुन्छन् । सामन्त, दलाल र नोकरशाही पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने वा उनीहरूको दलाली गर्ने भएको हुनाले नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, मधेशवादी दलहरू प्रतिक्रियावादी र दुश्मन शक्तिहरू हुन् । तर बेग्लाबेग्लै राजनीतिक स्थिति र आवश्यकताअनुसार कतिपय तात्कालिक कार्यनीतिक प्रश्नहरूमा मित्र शक्तिहरूसित संघर्ष वा दुश्मन

शक्तिहरूसित पनि कार्यगत एकताको नीति अपनाउन सकिन्छ । मित्र शक्तिहरूसित संघर्षको नीति अपनाए पनि त्यो एकता-संघर्ष-एकताको सिद्धान्तमाथि आधारित हुन्छ भने दुश्मन शक्तिहरूसितको संघर्षको नीति संघर्ष-एकता-संघर्षको सिद्धान्तमाथि आधारित हुन्छ । त्यसरी मित्रशक्तिहरूसित एकताको पक्ष नै प्रधान हुन्छ भने, दुश्मन शक्तिहरूसित संघर्षको पक्ष नै प्रधान हुन्छ ।

**१२. नेपालमा २००७ सालदेखि पटकपटक क्रान्ति र विद्रोह भए । तिनको पृष्ठभूमि र कार्यभूमिकामा कुन कालखण्डको र दलकोलाई महत्त्व दिनुहुन्छ ? अथवा ती सबैको भूमिकालाई मूल्यहीन ठान्नुहुन्छ ?**

❑ बेग्लाबेग्लै कालखण्डका आन्दोलनहरूका आफ्ना बेग्लाबेग्लै विशेषता वा कमजोरी रहेका छन् । २००७ सालको आन्दोलन प्रतिक्रियावादी शक्तिहरू, नेपाली काँग्रेस, राजा र तत्कालीन भारतीय विस्तारवादको गठबन्धनमा नै सम्पन्न भएको थियो । त्यसकारण त्यसलाई हामीले क्रान्ति मान्दैनौं । तैपनि त्यसको परिणामस्वरूप राणाशासनको अन्त भयो र त्यसरी देशमा महत्त्वपूर्ण राजनीतिक परिवर्तनहरू भए । त्यसको त्यो सकारात्मक पक्ष थियो । २०४६ वा २०६२-०६३ का आन्दोलनहरू ऐतिहासिक जनआन्दोलनहरू थिए । तिनीहरूको परिणामस्वरूप २०४६ सालमा निरंकुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था तथा २०६२-६३ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापना, संविधानसभाको चुनाव र राजतन्त्रको अन्त भएर गणतन्त्रको स्थापना जस्ता ऐतिहासिक कार्यहरू पनि भए । तर ती बुर्जुवा प्रकारका आन्दोलनहरू नै थिए । त्यसकारण तिनीहरूको माध्यमद्वारा देशमा आमूल परिवर्तन हुन सक्दैनथ्यो र भएको पनि छैन ।

**१३. तपाईंको पार्टीको लक्ष्य र प्राप्ति के हो ? यहाँ जस्तो त्यागी, राष्ट्रवादी, इमान्दार र विवेकशील नेताको नेतृत्वमा तपाईंको पार्टी किन लोकप्रिय र व्यापक हुन सकेन ?**

❑ जस्तो कि पहिले नै हामीले स्पष्ट गरिसकेका छौं । हाम्रा दीर्घकालीन उद्देश्यहरू समाजवाद र साम्यवाद हुन् भने अहिलेको न्यूनतम कार्यक्रम नयाँ जनवाद हो । निश्चय नै तत्कालीन रूपमा हामीले बेग्लाबेग्लै समयको स्थितिअनुसार आफ्ना तात्कालिक नीति, कार्यक्रम वा नाराहरू निश्चित गर्दछौं । कुनै पार्टीको शक्ति कति व्यापक हुन सक्दछ ? त्यो कुरा कुनै बेला कुनै पार्टीलाई मिल्ने जनसमर्थनले नै निश्चित गर्दछ । हाम्रो पार्टीका नीति वा कार्यक्रमहरू क्रान्तिकारी भए पनि त्यसअनुरूप जनताको चेतना उठ्न सकेको छैन वा त्यस प्रकारको चेतना उठाउन हामीहरू असमर्थ हुने गरेका छौं । त्यसैले हाम्रो पार्टीको संगठन आशा गरे जति शक्तिशाली र व्यापक बन्न सकेको छैन ।

**१४. यहाँको धर्मसंस्कृतिका सम्बन्धमा के कस्तो मान्यता छ ?**

❑ हामीले धर्ममाथि विश्वास गर्दैनौं । तर कुनै खास बेलाको जनताको चेतनाअनुसार उनीहरूले कुनै धर्ममाथि विश्वास गर्दछन् भने त्यो उनीहरूको व्यक्तिगत स्वतन्त्रताको विषय हो । हामीले सामन्ती र प्रतिक्रियावादी प्रकारको संस्कृतिलाई विरोध गर्दछौं र प्रगतिशील, जनपक्षीय संस्कृतिको विकासमा जोड दिन्छौं । तर समाजमा जनजीवनसित जोडिएको प्रगतिशील संस्कृति पनि विद्यमान हुन्छ । हामीले त्यसको संरक्षण सम्वर्धन र विकासमा पनि जोड दिन्छौं । तर संस्कृतिको नाममा समाजमा फैलिएका कुरीति, अन्धविश्वास वा महिला, दलित वा अन्य विभिन्न जनसमूहहरूमाथि अन्याय, अत्याचार, उत्पीडन गर्ने जस्ता सबै प्रचलनहरूको हामीले विरोध गर्दछौं ।

**१५. अनेक धर्म, संस्कार, विश्वास, अन्धविश्वासको जकडबन्धमा परेको, विदेशी धर्म क्रिश्चियनको चाप बढेको नेपाली समाजको बारेमा के टिप्पणी वा मत राख्नुहुन्छ ?**

❑ धर्मलाई आड बनाएर कैयौं पक्षहरूले आफ्ना प्रतिगामी वा साम्राज्यवादी उद्देश्यहरू पूरा गर्ने वा जनतामाथि कैयौं अत्याचारहरू गर्ने गर्दछन् । इस्लामिक कट्टरपन्थीहरूले धर्मका नाममा संसारभरि नै आतंक मच्चाइरहेका छन् । दलाई लामाले बौद्ध धर्मलाई आफ्नो प्रतिक्रियावादी सत्ताको पुनर्स्थापनाका लागि दुरूपयोग गर्ने कार्य गरिरहेका छन् । नेपालमा राजावादीहरूले हिन्दू धर्मलाई राजतन्त्रको पुनर्स्थापनाको उद्देश्य पूरा गर्न हतियारका रूपमा प्रयोग गरिरहेका छन् । यो सत्य हो कि नेपालमा बहुसंख्यक जनता हिन्दू छन् । तर त्यसका साथै नेपाल एउटा बहुसांस्कृतिक, बहुभाषिक, बहुजातीय वा बहुधार्मिक देश पनि हो । त्यो अवस्थामा कुनै एउटा धर्मलााई राज्यको धर्म बनाएर होइन, धर्मनिरपेक्षताद्वारा नै सबै धर्महरूका बीचमा सद्भाव र एकता कायम रहन सक्दछ । धर्मनिरपेक्षताको अर्थ सबै धर्मप्रति रज्यको समान नीति र सबैको संरक्षण हुन्छ । नेपालका बहुसंख्यक जनता हिन्दू भए पनि धर्मनिरपेक्षताका कारणले उनीहरूको धर्ममा कुनै आँच पुग्दैन । जस्तै कि भारत । भारत धर्मनिरपेक्ष देश हो । तर त्यो कारणले त्यहाँको हिन्दूहरूको धर्ममा कुनै आँच पुगेको छैन । पश्चिमी साम्राज्यवादी शक्तिहरूले इसाई धर्मलाई आफ्नो साम्राज्यवादी उद्देश्यको पूर्तिको साधनको रूपमा उपयोग गर्ने गरेका छन् । नेपालमा इसाई धर्मको जुन ठूलो पैमानामा प्रचार भइरहेको छ र ठूलो संख्यामा चर्चहरूको पनि निर्माण भइरहेको छ । त्यसका पछाडि जनताको इसाई धर्ममाथिको आस्थाभन्दा पनि साम्राज्यवादी शक्तिहरूको साम्राज्यवादी उद्देश्यले नै बढी काम गरेको छ । इसाई धर्मको आडमा

नेपालमा साम्राज्यवादीहरूको प्रभाव जसरी बढ्दै गइरहेको छ, त्यसबाट नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा गम्भीर खतरा पुग्ने सम्भावना छ । त्यसैले साम्राज्यवादीहरूको उद्देश्य पूरा गर्न पैसा वा विभिन्न प्रकारका प्रलोभनहरूका आधारमा नेपालमा इसाई धर्मको जुन प्रचार र प्रसार हुने गरेको छ, त्यसको विरोध र भण्डाफोरमा हाम्रो पार्टीले जोड दिन्छ ।

### १६. यहाँलाई मनपर्ने साहित्यकार र साहित्यिक कृति के-के हुन् ?

❑ अन्तर्राष्ट्रिय साहित्यमा मेक्सिम गोर्कीको **'आमा'** मलाई सबैभन्दा बढी मनपर्छ । जनशिक्षा गृहद्वारा प्रकाशित गोर्कीको **'आमा'**को भूमिकामा मैले त्यो उपन्यासको विस्तृत व्याख्या र विश्लेषण गरेको छु । नेपालमा लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम, हृदयचन्द्र सिंह प्रधान आदि मलाई सबैभन्दा बढी मन पर्दछन् ।

### १७. नेपाली साहित्यको विकास र विस्तारमा गुणात्मक ऋणात्मक के कस्तो गति अनुभव गर्नुहुन्छ ?

❑ नेपाली साहित्यको सन्दर्भमा सर्वप्रथमतः यो उल्लेखनीय छ कि यसको विकास धेरै पछि शुरू भयो र त्यसले गर्दा त्यसको विकास पनि उत्साहप्रद प्रकारले हुन सकिरहेको छैन, यद्यपि त्यसले लक्ष्मीप्रसाद देवकोटा जस्ता महान् साहित्यिक विभूतिहरूलाई पनि जन्म दिएको छ । नेपालको साहित्यमा लामो समयसम्म सामन्तवादको असर पऱ्यो । त्यसले गर्दाखेरि साहित्यको विकासलाई काफी हदसम्म कुण्ठित गऱ्यो । तैपनि नेपालमा नवजागरण आउनुका साथै त्यसमा प्रगतिशील र जनपक्षीय प्रवृत्तिहरू पनि देखापर्ने गरेका छन् । आजको हाम्रो साहित्यको मूलभूत आवश्यकता पुरानो प्रकारको संस्कृति र पिछडिएको चेतनामा सांस्कृतिक रूपान्तरण हो । पुरानो पिछडिएको संस्कृति वा मान्यताहरूका आधारमा त्यो कार्य पूरा हुन सक्दैन । त्यसका लागि क्रान्तिकारी दृष्टिकोण वा चेतनाको आवश्यकता पर्दछ । त्यस प्रकारको दृष्टिकोण वा चेतनाको निर्माण मार्क्सवादी दर्शनको आधारमा नै सम्भव छ । तर संसारमा र नेपालमा पनि शक्तिशाली बन्दै गएको पूँजीवादी वा उपभोक्तावादी दृष्टिकोणका कारणले नेपालमा क्रान्तिकारी विचारको समूचित रूपमा विकास हुन सकिरहेको छैन । त्यसले गर्दा साहित्यलाई प्रगतिशील र क्रान्तिकारी रूप दिने कार्य पनि पछाडि परेको छ । पूँजीवादी दृष्टिकोण एउटा पतनशील दृष्टिकोण हो । त्यसले समाज, राजनीति र साहित्यलाई पनि पतनको दिशामा नै लैजान्छ । त्यसले गर्दा नेपालको साहित्यको पनि स्वस्थ र उदीयमान रूपमा विकास कसरी हुन जान्छ ? तैपनि आजको हाम्रो मुख्य आवश्यकता विद्यमान समाज व्यवस्थामा परिवर्तन हो । त्यो परिवर्तनमा मद्दत पुऱ्याउने साहित्यले

नै समाजलाई उदीयमान दिशामा लैजान सक्दछ । त्यसरी त्यो आजको साहित्यिक मात्र होइन, राजनीतिक र सांस्कृतिक आवश्यकता पनि हो ।

**१८. यहाँले आफ्ना पुर्खाको कुल वंशानुसारको नेतृत्व र समाजशास्त्रीय अध्ययन गर्नुभएको छ । साथै आफ्नै पिताको साहूपाराको व्यवहारको विद्रोह पनि गर्नुभएको हो । यसमा पनि प्रकाश पारिदिनुहुन्थ्यो कि ?**

❑ हामीले हाम्रा पुर्खाहरूको कुनै व्यवस्थित र समाजशास्त्रीय अध्ययन गर्न सकेका छैनौं । यतिसम्म हामीलाई थाहा छ कि हाम्रो वंश खस जातिसित सम्बन्धित छ । खस जाति मध्य एसियाको मेसोपोटामिया, बेबिलोनबाट हिन्दकुश, काश्मिर, गढवाल, कुमाऊ हुँदै नेपाल आएका थिए । तर हाम्रो गाउँ, ओखरकोटमा आउनुभन्दा पहिले कुन ठाउँबाट आएका थिए ? त्यो कुरा अझैसम्म थाहा हुन सकेको छैन । अहिलेसम्म हामीलाई आधिकारिक रूपमा थाहा भएअनुसार करिब ४५० वर्ष पहिले परस घर्तीको नेतृत्वमा कष्ठू जैसी, शिवराम महतरा वाहुबले कामीसमेतको टोलीले ओखरकोटको कोटमा कब्जा गरेर, जहाँ त्यो बेला जाट राजाहरूको राज्य थियो, त्यहाँ कब्जा गरेर बसोबास गरेका थिए । त्यसपछिको उनीहरूको इतिहास सामान्य प्रकारको नै रहेको छ । एकातिर, प्राचीनकालको एउटा महान् जाति, खस जाति, र अर्कातिर, परस घर्तीका सन्तानहरू हाम्रो गाउँमा बसेदेखिको उनीहरूको जीवनको विस्तृत समाजशास्त्रीय अध्ययन गरेपछि नै यसबारे आधिकारिक रूपमा ज्ञान हुन सक्दछ । ओखरकोट विश्वकोष परियोजनाअन्तर्गत ओखरकोट र त्यसका आसपासका गाउँहरूमा बस्ने परस घर्तीका सन्तानहरू र अन्य जातिहरूको अध्ययन गर्न केही प्रयत्न गरिएको थियो । त्यसरी अध्ययन गरिएका प्रारम्भिक रचनाहरू **'ओखरकोट'** पुस्तकमा दिइएका छन् । तर त्यो अध्ययन अत्यन्त प्रारम्भिक प्रकारको र अपर्याप्त छ ।

प्यूठानमा २०१० सालमा कम्युनिष्ट पार्टीको स्थापना भएपछि त्यहाँ किसान आन्दोलनको उभार नै आएको थियो । त्यही सिलसिलामा हामीले पिताजीका सामन्ती शोषण र जालझेलका विरूद्ध पनि संघर्ष गर्नुपरेको थियो ।

**१९. तपाईंले विश्वेश्वरप्रसाद कोइरालाको राजनीतिक र साहित्यिक देनलाई के कसरी स्वीकार गर्नुहुन्छ ? कि तिरस्कार ? बताइदिनुहुन अनुरोध छ ।**

❑ नेपालको प्रजातान्त्रिक आन्दोलनमा खास गरेर निरंकुश राणाशासनका विरूद्धको संघर्षमा, बी.पी. कोइरालाको महत्त्वपूर्ण र ऐतिहासिक भूमिका रहेको छ । साहित्यिक क्षेत्रमा खास गरेर उपन्यासको क्षेत्रमा उनको महत्त्वपूर्ण देन रहेको छ । तर उनका कृतिहरू बढी फ्रायडवादी विचारद्वारा

निर्देशित छन् । त्यसकारण उनको साहित्यले प्रतिक्रियावादी धाराको नै प्रतिनिधित्व गर्दछ । तैपनि कला र शिल्पका दृष्टिकोणले तिनीहरू उच्च रहेको कुरालाई हामीले स्वीकार गर्नुपर्दछ ।

**२०. यहाँ आफ्नो राजनीतिको प्रारम्भिक चरणमा बीपीबाट प्रभावित र प्रेरित हुनुभएको थियो भन्ने कुरा के कति सत्य हो र त्यस विषयमा के अभिव्यक्ति राख्नुहुन्छ र बी.पी.लाई कसरी मूल्यांकन गरेर चिनाउनुहुन्छ ?**

❑ म आफ्नो प्रारम्भिक राजनीतिक जीवनमा बी.पी.द्वारा प्रभावित भएको थिएँ भन्ने कुरा सत्य होइन । २००७ सालको आन्दोलन शुरू भएपछि नेपालमा राणाविरोधी आन्दोलनको उभार आयो । म त्यसद्वारा प्रभावित भएर त्यसमा सामेल भएँ । अर्कातिर, बी.पी. गृहमन्त्री भएपछि उनले जुन दमनकारी नीतिहरू अपनाए, खास गरेर विद्यार्थीहरूमाथिको दमन, त्यसबाट नेपाली काँग्रेसमाथिको मेरो आस्था समाप्त भयो र २००८ सालमा नै मैले त्यसबाट (नेपाली काँग्रेसबाट) राजिनामा दिएँ । राणाविरोधी आन्दोलनमा बी.पी.को महत्त्वपूर्ण भूमिका भए पनि नेपाली काँग्रेसका प्रारम्भिक दस्तावेजहरूमा भारतबाट नेपाल राजनतिक दृष्टिकोणले कृत्रिम प्रकारले पृथक् भएको छ भन्ने जुन विचारहरू व्यक्त गरिएका थिए, त्यसले उनको (बी.पी.को) भारतपरस्त सोचाइलाई नै बताउँदथ्यो र त्यही क्रममा सरदार पटेलले नेपाललाई निजामको हैदरावादलाई जस्तै भारतीय संघमा गाभ्नुपर्दछ भन्ने विचार प्रकट गरेका थिए । उक्त दुबै पक्षहरूमाथि विचार गर्दा बी.पी.को नेतृत्वको नेपाली काँग्रेस र सरदार पटेलको भनाइमा छद्म रूपमा कुनै तालमेल ता थिएन भन्ने प्रश्न पैदा हुन्छ । त्यसरी राष्ट्रियताको दृष्टिकोणले विचार गर्दा त्यो प्रश्नमा बी.पी.को दृष्टिकोण सही थिएन भन्ने मेरो धारणा रहेको थियो । यो दृष्टिकोणले बी.पी.को अरू विस्तृत रूपले मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ जस्तो लाग्दछ । त्यसका साथै राजासित मेलमिलापको उनको सोचाइबारे पनि थप मूल्याङ्कनको आवश्यकता छ ।

**२१. आफ्ना कृति (पुस्तक)हरूमा कुन कृति प्रिय मान्नुहुन्छ ?**

❑ निबन्धहरूमा **'हर्के'** र कविताहरूमा **'गंगाकावेरी एक्सप्रेस'**लाई मैले सबैभन्दा प्रिय मान्दछु । ती दुबैमध्ये पनि पछिल्लोलाई मैले सबैभन्दा बढी प्रिय मान्दछु । त्यो कवितासित मेरो गहिरो भावनात्मक सम्बन्ध रहेको छ र त्यससित मेरा जीवन र पार्टीका पनि कैयौं कटु, दुःखद र महत्त्वपूर्ण पक्षहरू जोडिएका छन् । तर जीवनको त्यो सबैभन्दा अप्ठ्यारो अवस्थामा पनि मैले पार्टीप्रतिको प्रतिबद्धतामा कुनै विचलन आउन दिइन र मैले क्रान्तिका गीतहरू गाउन तथा सपना देख्न छाडिन । त्यसैले त्यो कविताले मेरा साहित्यिक कृतिहरूमध्ये सबैभन्दा बढी महत्त्व राख्दछ ।

**२२. यहाँ आफ्नो पारिवारिक पृष्ठभूमिको सम्बन्धमा केही भन्न चाहनुहुन्छ कि ?**

❑ पारिवारिक पृष्ठभूमिबारे भन्नुपर्ने कुराहरू धेरै छन् । तर तीमध्ये कुन कुराको चर्चा गर्ने त्यो छुट्याउनु सजिलो छैन । कुनै खास प्रश्न उठेमा त्यसबारे केही प्रकाश पार्नु सायद अप्रासांगिक हुनेछैन । तर अहिले कुनै खास प्रश्न नउठीकन त्यसबारे बढी चर्चा गर्नु सायद प्रासंगिक र सही पनि हुने छैन ।

**२३. यहाँले ११ वर्षसम्म पटकपटक गरी जेल यातना बेहोर्नु पर्‍यो । जेलबाहिर पनि अनेक अनेक दुःख, कष्ट बेहोर्नु पर्ने अवस्थाका सम्बन्धमा केही भन्न चाहनुहुन्छ कि ?**

❑ म पञ्चायतीकालमा सवा ९ वर्षजति जेलमा बस्नु परेको थियो । पटकपटक गरी म ११ वर्ष जति जेलमा बसेको थिएँ । २०२७ सालको चैत्रमा जेलबाट निस्केपछि २०४६ सालसम्म भूमिगत भएर बस्नुपर्‍यो । त्यसपछि अहिलेसम्म अर्धभूमिगत अवस्थामा छु । अर्धभूमिगत भन्नुको अर्थ हो, सरकारबाट हुनै वारेन्ट छैन । तर पार्टीलाई पूरै भूमिगत राख्ने हाम्रो नीति छ । पार्टीका प्रवक्ताहरू सार्वजनिक हुन्छन् । मेरो पद, नाम र विचारहरू सार्वजनिक हुन्छन् । तर सार्वजनिक कार्यक्रमहरूमा जाने गर्दिन । त्यसरी म पूरै भूमिगत पनि छैन र पूरै सार्वजनिक पनि छैन । यही अर्धभूमिगतको अवस्था हो । तर यो सबैलाई मैले दुःख र कष्टको अवस्था ठान्दिन । आफ्नो सिद्धान्त र आस्थाअनुसार लगातार काम गर्न सक्नु दुःख र कष्टको अवस्था होइन । बरू त्यस प्रकारका कामहरू गर्दा सुख, आनन्द र सन्तोष नै प्राप्त हुन्छ ।

**२४. जेलको कठोर बन्दी जीवनका अनुभव, अनुभूतिलाई कतै लिपिबद्ध गर्नुभएको छ कि ? भए के हो ?**

❑ जेल जीवनको अवस्थामा म लगातार अध्ययन गर्ने र लेख्ने कामहरूमा लागें । त्यो बेला लेखेका कैयौं पुस्तक, पत्रिका र लेखहरू प्रकाशित भएका छन् । तर स्वयं जेल जीवनका अनुभवहरूबारे मैले केही लेखेको छैन । मैले **'भूमिगत/अर्धभूमिगत'** शीर्षकले एउटा पुस्तक लेख्ने योजना बनाएको छु। त्यसका केही परिच्छेदहरू पनि लेखिसकेको छु । तर पार्टीका कामहरूको व्यस्तताले गर्दा त्यो पुस्तक पूरा हुन सकेको छैन । कहिले पूरा हुनेछ त्यो पनि भन्न सक्दिन । यदि त्यो पुस्तक पूरा गर्ने मौका पाएँ भने त्यसमा जेल जीवनका अनुभवहरू बारे पनि केही प्रकाश पार्ने प्रयत्न गर्नेछु ।

**२५. कस्तो समाज र व्यक्तिको जीवनलाई सार्थक, सफल र उन्नत मान्नुहुन्छ ? यहाँका केही मान्यता बताइदिनुभए पाठक लाभान्वित हुने थिए । किनभने यत्रो लामो संघर्षमय चुनौतीपूर्ण जीवन बिताएका ८५ वर्षीय मोहनविक्रम सिंह स्वयं एक दर्शन, महाकाव्य वा बृहत् आख्यान हुनुहुन्छ ।**

❑ जस्तो कि मैले माथि लेखें आफ्नोआफ्नो सिद्धान्त र आस्थाका लागि निरन्तर र दृढतापूर्वक काम गर्नुलाई नै मैले सार्थक, सफल र उन्नत जीवन मान्दछु । त्यसमाथि त्यस प्रकारको सिद्धान्त र आस्था सम्पूर्ण देश, समाज वा मानव जातिलाई नै सुखी र उन्नत बनाउने उद्देश्यले निर्देशित हुन्छ भने त्यसको लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नु, त्यो सबैभन्दा सार्थक हुन्छ । आफ्नो सम्पूर्ण जीवन त्यसका लागि समर्पण गर्न पाएकोमा मैले धेरै नै प्रसन्नता र गौरवको पनि अनुभव गरेको छु । आफ्नो जीवनमा म कति सफल भएँ ? त्यो गौण महत्त्वको कुरा हो । आफ्नो उद्देश्यको लागि लगातार अगाडि बढ्नु नै मेरो दायित्व हो भन्ने मैले महसुस गर्दछु । मैले आशा र कामना गर्दछु । जीवनको अन्तसम्म म यसरी नै विचलित नभईकन लगातार अगाडि बढ्नु सकूँ । मैले पुनर्जन्म वा परलोकमाथि विश्वास गर्दिन । तर त्यस्तो सम्भावना भए अरू सयकडौं, हजारौं जीवनहरू पनि आफ्नो उद्देश्यको लागि दिएर सबै प्रकारका शोषण, उत्पीडन, अन्याय, अत्याचार र असमानताबाट मुक्त, स्वतन्त्र, सुखी र सुन्दर मानव समाजको निर्माण गर्न सकेमा त्यो मेरा लागि सबैभन्दा सुःख र प्रसन्नताको कुरा हुन्थ्यो ।

**२६. विदेशिनुपर्ने नेपाली विद्यार्थी, नवयुवा र कामदार युवालाई के भन्न चाहनुहुन्छ ?**

❑ प्रथमतः देशको गरिबी र पिछडिएको अवस्थाका कारणले ठूलो संख्यामा नेपालीहरू विदेशिनु परेको छ । अत्यन्त दुःखको कुरा हो । विदेशमा पलायनको यही गति रह्यो भने सायद आउने दशकहरूमा नेपालको बहुमत जनसंख्या विदेशमा बस्नेछ । अर्कातिर, भारतबाट ठूलो संख्याको नेपालमा आगमन भइरहेको छ र उनीहरूलाई नेपालको नागरिक बनाउन योजनाबद्ध प्रकारले प्रयत्न भइरहेको छ । यी दुबै प्रवृत्तिको परिणामस्वरूप केही दशकभित्र नै नेपालमा स्वयं नेपालीहरू अल्पमतमा पर्ने खतरा गम्भीर हुँदै गइरहेको छ । त्यसको राजनीतिक दुष्परिणाम कति गम्भीर हुनेछ ? त्यो कसैले पनि सजिलैसित अनुमान गर्न सक्दछ । त्योबाहेक नेपालका शिक्षित समुदाय खास गरेर नयाँ पिढीका विद्यार्थीहरूको विदेशमा जानेमात्र होइन,उतै स्थायी रूपले बस्ने प्रवृत्ति पनि लगातार बढ्दै गइरहेको छ ।

त्यसरी एकातिर देशको श्रमशक्ति र अर्कातिर देशको बौद्धिक सम्पदा दुबैको विदेशमा पलायन हुँदै गइरहेको छ । त्यसको परिणामस्वरूप भविष्यमा पनि देशको विकासका सम्भावना कम नै हुने देखिन्छ । खास गरेर आम मानिसहरूमा र नयाँ पीढीमा समेत सम्पूर्ण देश र जनताको उन्नतिभन्दा व्यक्तिगत जीवन र आफ्नो भविष्यमाथि नै बढी ध्यान दिने दृष्टिकोणका कारणले नै यस्तो अवाञ्छित स्थितिको निर्माण हुँदै गइरहेको देखिन्छ । यो गम्भीर चिन्ताको विषय हो । यसप्रति सम्पूर्ण देशवासी र शिक्षित समुदायको पनि ध्यान जानुपर्ने आवश्यकता छ । वास्तवमा सबै देशवासीहरू, मुख्यतः नयाँ पीढीले देशको भविष्यबारे चिन्ता नगरीकन खालि आफ्नो व्यक्तिगत जीवन र आफ्नो भविष्यबारे नै बढी ध्यान दिने सिलसिला बढ्दै गयो भने त्यसको परिणामस्वरूप देशको झन्पछि झन् दुर्गति हुँदै जाने कुरा निश्चित छ । त्यस्तो हुन नदिन हामीहरू सबैले खास गरेर नयाँ पीढीले बढी ध्यान दिनुपर्ने आवश्यकता छ ।

**२७. बढ्दो प्रविधि र यान्त्रिकीकरणको चापले भोगवाद र स्वार्थन्धताको प्रभावले सामाजिक, सामूहिक भावना, आदर्श र प्राकृतिक स्वभावमा अवमूल्यन भएको वर्तमान विश्वलाई कसरी अवलोकन गर्नुभई मूल्याङ्कन गर्नुहुन्छ ?**

❑ बढ्दो प्राविधिक र यान्त्रिकीकरण नै आजको विश्वको मुख्य समस्या होइन । प्राविधिक र यान्त्रिकीकरणले मानिसको जीवन झन् सुखी र समृद्ध बन्दै जान्छ । आफ्नो जीवन निर्वाहका लागि मानिसले जति बढी श्रम गर्नुपर्दथ्यो वा अर्को शब्दमा जीवन निर्वाहको लागि नै आफ्नो सम्पूर्ण जीवन बिताउनुपर्दथ्यो, त्यसको ठाउँमा प्रविधि र यन्त्रको विकासद्वारा मानिसले कम श्रम गरेर पनि आफ्नो जीवन निर्वाह गर्न सक्दछ र त्यसरी बचेको समयद्वारा मानिसले आफ्नो जीवन र समाजलाई धेरै नै सुखी र उन्नत बनाउन सक्दछ । तर अहिलेको अन्यायपूर्ण वा शोषण प्रधान समाज व्यवस्थाका कारणले प्रविधि र यान्त्रिकीकरणद्वारा जे-जति उपलब्धिहरू हुन्छन्, त्यसमाथि समाजका मुट्ठीभर शोषक वर्गहरूको प्रभुत्व कायम हुन्छ । त्यतिमात्र होइन, उनीहरूले उन्नत प्रविधि र यान्त्रिकीकरणलाई समेत समाजमाथि आफ्नो प्रभुत्व कायम गर्न वा दमन र युद्धका लागि समेत प्रयोग गर्ने गर्दछन् । त्यो अवस्थामा त्यस प्रकारको अन्यायपूर्ण सामाजिक व्यवस्था अहिलेको मुख्य समस्या हो र त्यसलाई बदल्नु अहिलेको प्रधान आवश्यकता हो । समाजमा विद्यमान शोषण र उत्पीडनका प्रवृत्तिहरू, अरूमाथि शोषण वा उतपीडन गरेर सुखी बन्न खोज्ने प्रवृत्तिहरूका कारणले नै समाजमा विकृत मानसिकताको निर्माण हुन्छ ।

मानिसहरूमा जति त्यस प्रकारका प्रवृत्तिहरूमा सुधार वा रूपान्तरण हुँदै जान्छ, त्यति नै समाजमा सच्चा मानवीय भावनाको विकास हुँदै जान्छ । त्यसप्रकारको मानवीय भावनाको उच्च र सच्चा रूप के हो ? एउटी आमाको उदाहरणबाट त्यो कुरा सजिलैसित बुझ्न सकिन्छ । एउटी आमाले बिना स्वार्थ वा बदलामा केही प्राप्त हुने लोभ नगरीकन आफ्ना सन्तानहरूको निःस्वार्थभावले सेवा गर्दछिन् । आमाको सन्तानहरूप्रतिको त्यस प्रकारको प्रेमको जति विस्तार हुँदै जान्छ, देशले जति बढी सामूहिक र सामाजिक रूप लिदै जान्छ वा अर्को शब्दमा जब सम्पूर्ण समाज वा विश्व नै आमामय बन्दै जान्छ, सम्पूर्ण समाज वा विश्व नै आदर्श र उच्च बन्न जानेछ । त्यो अवस्थामा मानिसहरूमा उच्च आदर्श, मानवीय मनोविज्ञानको निर्माण हुनेछ । त्यो अवस्थामा नै मानव समाज, सम्पूर्ण मानव जाति सुखी, समृद्ध र सुन्दर हुनेछ ।

**२८. नेपाली समाजको साझा सहकारी जीवनशैली र सहज जीवनको संस्कृतिसँग जोडिएको राजनीतिक चिन्तनलाई आधुनिक समाजवादसँग कसरी जोड्ने भन्ने कुरामा यहाँ के भन्नुहुन्छ ?**

❑ पहिलो कुरा त नेपाली समाजको जुन साझा र सहज जीवनको संस्कृतिको कुरा गरिएको छ, त्यो वास्तविकभन्दा काल्पनिक प्रकारको नै बढी छ । हाम्रो समाजमा थुप्रै र गम्भीर प्रकारका विकृतिहरू छन् । प्रत्येक परिवार वा गाउँहरूको जीवनको सरसरी प्रकारले मूल्यांकन गर्ने हो भने पनि त्यो कुरा प्रष्ट हुनेछ । मानिसहरूको आपसको सम्बन्धमा पैसा वा स्वार्थको मुख्य भूमिका हुन्छ । मानिसहरूका आपसका प्रेम वा आत्मीयताका सम्बन्धहरू पनि पैसा वा स्वार्थमा बाधा पुग्नेबित्तिकै बिग्रन थाल्छन् । बाबुछोरा, दाजुभाइ, दिदीबहिनी, पतिपत्नी, छर-छिमेकी आदिका बीचमा पैसा वा स्वार्थको लागि चल्ने अन्तरविरोधहरूबाट त्यो कुरामा कुनै शंका रहन्न । यहाँसम्म कि पैसा वा स्वार्थको लागि आपसमा कुटपिट गर्ने, मुद्दा मामिला गर्ने वा हत्यासम्म गर्ने गरिन्छ । घरघरमा सासू, बुहारी, नन्द भाउजू, जेठानी, देउरानी, सौताहरू आदिका बीचमा चल्ने अन्तरसंघर्ष, एक अर्काका विरूद्धको व्यक्तिगत टीकाटिप्पणी आदिले पनि हाम्रो परिवार वा समाजको विकृत स्वरूपलाई बताउँछन् । त्यस प्रकारका विकृतिहरूबाट राजनीति पनि अछुतो रहेको छैन । हामीले आजको यस प्रकारको विकृत मनोवृत्तिमा परिवर्तन ल्याउन प्रयत्न गर्नुपर्दछ र त्यही कुरा राजनीतिको सन्दर्भमा पनि सत्य हो । राजनीतिमा जुन स्वार्थमय वा विकृत प्रवृत्तिहरू देखापरेका छन् । त्यसले गर्दा देशको विकास हुन सकिरहेको छैन ।

यहाँसम्म कि त्यस प्रकारका कमजोरी वा विकृतिहरूका कारणले जुन देशहरूमा समाजवादी व्यवस्थाको स्थापना भयो, ती पनि असफल भएर गए । त्यस प्रकारका दोषहरूका कारणले कैयौं देशहरूमा लामो र गौरवपूर्ण इतिहास भएका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको पनि विघटन वा पतन हुने गरेको छ । यसरी त्यस प्रकारको मानसिकतामा सुधार एउटा विश्वव्यापी समस्या हो । घरपरिवार र गाउँदेखि लिएर सम्पूर्ण विश्व त्यस प्रकारका विकृत मनोवृत्तिहरूद्वारा ग्रसित छ । त्यही कारणले नै आज सम्पूर्ण विश्व अशान्तिको घर बनेको छ । त्यही कारणले घरघरमा कैयौं झगडाहरू हुने गर्दछन् भने ठूलठूला युद्ध र विश्व युद्धहरू पनि हुने गर्दछन् । अहिले पनि मानवजाति त्यस प्रकारका युद्धहरू र विनाशको मुखमा उभिएको छ । तर हामी निराश हुनुहुँदैन र यो सारा संसारलाई विश्वव्यापी रूपमा फैलिएको अन्यायपूर्ण व्यवस्था र त्यसका कारणले उत्पन्न भएको दूषित र विषाक्त मानसिकतालाई बदल्नको लागि संघर्ष गर्नुपर्दछ । यो संघर्ष कठिन अवश्य छ, तर असम्भव छैन । सायद त्यसका लागि हामीले पुस्तौंपुस्ता वा युगयुगसम्म संघर्ष गर्नुपर्ने छ । तर यो कारणले हामीले आशा गर्ने ठाउँ छ कि मानव जातिको लगातार निम्नस्तरबाट उच्चस्तरमा विकास हुँदै गइरहेको छ र त्यस आधारमा अहिलेको अन्यायपूर्ण समाज व्यवस्थाको अन्त हुनेछ भन्ने कुरामाथि पूरा विश्वास गर्न सकिन्छ । माथि हामीले घर, परिवार, समाज, राजनीति वा स्वयं कम्युनिष्ट आन्दोलनमा देखापरेका विकृतिहरूको जुन चर्चा गर्‍यौं, त्यो नै संसारको मुख्य वा एकमात्र पक्ष होइन । त्यसका साथै समाजमा विद्यमान सबै आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक वा मनोवैज्ञानिक विकृतिहरूका विरूद्ध वा तिनीहरूमा सुधार वा परिवर्तनका लागि पनि संसारभरि नै संघर्ष चलिरहेका छन् । वास्तवमा यो सामाजिक जीवनको प्रधान र निर्णयात्मक पक्ष हो र त्यसले एउटा नयाँ र आदर्श समाजको निर्माण गर्नेछ भन्ने कुरामाथि हामीलाई पूरा विश्वास छ । अन्तमा मानवजातिको भविष्य आशामय र उज्ज्वल छ ।

## २९. वर्तमान कम्युनिष्ट सरकारको सम्बन्धमा यहाँको दृष्टिकोण ?

❑ सर्वप्रथमतः हामीले यो स्पष्ट गर्न चाहन्छौं कि वर्तमान सरकार कम्युनिष्ट सरकार नै होइन । मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूबाट विचलित भएका पूर्व एमाले र माओवादी केन्द्रहरू दक्षिणपन्थी संशोधनवादी संगठनहरू थिए । त्यसकारण तिनीहरूको मेलबाट बनेको संगठन कम्युनिष्ट पार्टी हुन सक्दैनथ्यो र होइन पनि । जब नेकपा नै कम्युनिष्ट पार्टी होइन भने

त्यसको नेतृत्वमा बनेको सरकार पनि कम्युनिष्ट सरकार नहुने कुरा प्रष्ट छ । नेकपा कम्युनिष्ट नभए पनि त्यो देशभक्त, जनतान्त्रिक र वामपन्थी संगठन हो भन्ने कुरा हामीले पहिले नै स्पष्ट गरिसकेका छौं । तर त्यसको चरित्र ढुलमुल, अवसरवादी र सम्झौतापरस्त प्रकारको छ । त्यसको नेतृत्वको सरकारले जुन प्रकारको कार्यशैली अपनाएको छ, त्यो पनि अत्यन्त असन्तोषजनक प्रकारको छ । त्यसले देशको विकासमा पनि सन्तोषजनक प्रकारले काम गर्न सकिरहेको छैन । देशमा बलात्कार, हत्या, भ्रष्टाचार बढ्दै गइरहेका छन् । नेकपा, नेका, राष्ट्रिय प्रजातन्त्र पार्टी, मधेशवादी आदि जस्तो प्रतिक्रियावादी संगठन होइन र गणतन्त्र र धर्मनिरपेक्षताप्रतिको त्यसको अडान अपेक्षाकृत प्रगतिशील छ । तर त्यसको नेतृत्वको सरकारको गलत प्रकारको कार्यप्रणालीबाट प्रतिक्रियावादीहरूलाई बल पुगिरहेको छ र स्वयं वर्तमान सरकारको नीतिका कारणले पनि गणतन्त्रको आधार कमजोर हुँदै गइरहेको छ । संघीयताका कारणले पनि देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा गम्भीर आँच पुगिरहेको छ । राजावादीहरूले गणतन्त्र र धर्मनिरपेक्षतालाई समाप्त गर्नको लागि अभियान चलाइरहेका छन् । भारतीय साम्राज्यवादले पनि एकातिर नेपालको राष्ट्रियताका विरूद्ध र अर्कातिर गणतन्त्र र धर्मनिरपेक्षतालाई समाप्त गर्नको लागि नेपालका राजावादीहरू तथा पृथकतावादीहरू (मधेशवादीहरू)लाई मद्दत गरिरहेको छ । त्यस प्रकारको पृष्ठभूमिमा, एकातिर, वर्तमान सरकारका सबै गलत नीतिहरूका विरूद्ध सम्झौताहीन र दृढतापूर्वक संघर्ष गर्ने र अर्कातिर राष्ट्रियता, गणतन्त्र, धर्मनिरपेक्षताको रक्षा तथा संघीयताका विरूद्ध संघर्ष गर्ने हाम्रो नीति हुनुपर्दछ ।

**३०. अन्त्यमा मैले सोध्न छुटाएको र यहाँ स्वयंले भन्न चाहेको थप अरू कुरा भए भनिदिनु हुन अनुरोध गर्दछु ।**

❑ अन्तमा मैले एउटा कुराप्रति सबै पाठकहरूको ध्यान आकर्षित गर्न चाहन्छु । आज देश गम्भीर प्रकारको संकटको मुखमा उभिएको छ । गणतन्त्र र राष्ट्रियता दुबै खतरामा छन् । अर्कातिर मानिसहरूको ध्यान देशको अगाडि देखापरेको संकट वा देशको भविष्यप्रति भन्दा बढी आफ्ना व्यक्तिगत समस्याहरूप्रति नै जाने गरेको छ । त्यसमाथि देशमा, विदेशमा पलायनको प्रवृत्ति तीव्र गतिले बढ्दै गइरहेको छ । यी सबै गम्भीर खतराका संकेतहरू हुन् । त्यस प्रकारका खतराहरूबाट देशलाई बचाउन हामीहरू सबैको ध्यान जानुपर्ने आवश्यकता छ ।

ooo

# सत्तरी विमर्श

✍ **डा. तुलसी भट्टराई**
**काठमाडौं**

आजदेखि सत्तरी लागेँ । अर्थात् २०७५ पुस ३ गतेका दिन यस धर्तीमा प्रवेश गरेको उनन्सत्तरी पूरा भएछ । त्यसो त आमाको गर्भसँगको प्रवेशलाई जोड्दा त सत्तरी पूरा भइयो । यति बेला सत्तरीबारे चर्चा गर्न मन लाग्दै छ । हुन त सत्तरी लागेर के भयो र ? किन चर्चा गरिरहनुपर्‍यो र ? यस विश्वमा भनौं, नेपालकै मात्र कुरा गर्दा पनि अहिले अर्थात् यस वर्ष सत्तरी लागेका र सत्तरी पुग्नेहरू लाखौं छन् । तिनैमध्येको एउटा म सत्तरी लाग्दा के नयाँ भयो र ! मान्छे जन्मेपछि क्रमशः उमेर पार गर्दै जान्छ । स्वाभाविक प्रक्रिया हो यो ।

**"ल है भिनाजु हौ ! अब त बेंसीबाट घर पुग्न मुस्किल पर्न थाल्यो । 'साठी हातमा लाठी !" भन्या त कुरो ठिकै पो रछ । लट्ठी टेक्नुपर्ने भयो । उकालो हिँड्दा स्याँस्याँ दम बढेर.... । खोकी पनि लाग्छ । दिन गएछन् गरिखाने अब । सिकुवा र आँगन कुर्ने दिन आएछन् हौ ।"** साठी वर्षअघि ओसेमा हाम्रा जीवासँग आहालडाँडे बाबैले भनेको कुरा अहिले सम्झिँदै छु । त्यो बेला दस बर्से मैले साठी लागेका आहालडाँडेलाई वृद्ध ठानेको थिएँ । सत्तरीनेरका जीबा त झन् महावृद्ध नै.... । ती दुई जनाको बुढ्यौली गफ सुन्दा त्यस बेला छक्क परेको थिएँ ।

त्यसबेला साठी वर्षका व्यक्तिको त्यो भनाइ, अनि सत्तरीका मेरा जीवाको वृद्धत्व यतिखेर मेरो दिमागमा घुमिरहेको छ । त्यसबेला साठी नै मेरा निम्ति आश्चर्यको कुरा थियो । के अब म त्यति बेलाका सत्तरीका मेरा हजुरबा जस्तै वृद्ध भएँ त ? तर आफूलाई वृद्ध भनाउने पक्षमा छैन । तर पनि सत्तरी लागेकै हुँ ।

आफू पाँच लागेको वर्ष श्रीपञ्चमीका दिन पिताजीले कालो पाटीमा दूधखरीले क ख.... लेखेर फूलअक्षताद्वारा पूजा गर्न लगाउनुभएको सम्झना पनि ताजै छ । त्यस दिनयता विगत पैसट्ठी वर्षका मुख्य घटनाहरू मेरो मन-मस्तिष्कमा भरिएकै छन् । यसो सम्झिँदा आफूलाई थाहा पाउन थालेकै पैसट्ठी वर्ष भयो भनेपछि थोरै होइन । दिन, रात, महिना, वर्ष, दशक हुँदै सात दशक समय । अनि साठी लाग्नु भनेको बुढ्यौलीमा प्रवेश गर्नु हो भने झन् सत्तरी त बुढो हुने भयो । तर मेरो मन बुढ्यौली स्वीकार गर्न तयार छैन । अहिलेसम्म उल्लेख गर्नलायक केही काम पनि गर्न सकेको छैन । धेरै काम गर्न बाँकी छ । भर्खर त नयाँ नयाँ काम गर्न र नयाँ नयाँ विषयमा लेख्न सोच्तै छु ।

लोकतान्त्रिक सङ्घीय गणतन्त्र नेपाल भर्खर बामे सर्दै छ । झन् नयाँ नेपाल कस्तो हुने हो । हेर्नै बाँकी छ । मलाई आफ्नो ओसेगाउँ मोटरमा पुग्ने इच्छा छ । ओसेगाउँका घरघरमा पानी, बिजुली, टेलिफोन, नेट चलेको देख्नै बाँकी छ । घिर्लिङमा चढेर पाथीभरा पुग्ने मन छ । त्यो हुन बाँकी नै छ ।

- दस वर्षमा दस हजार मेघावाट बिजुली बन्ने भएकोले फावाखोलाको भागमा पनि सय मेगावाट त पर्छ नै होला । मैले आफू केटाकेटी छँदा ढोड र तीतेपातीका झिक्रोको उज्यालोमा पढेको कुरा गर्दा सहरियाहरूलाई हाँसो उठ्न सक्छ । तर त्यो कुरा सत्य थियो । आज पनि त्यहाँ उस्तैउस्तै छ । त्यसकारण पनि नयाँ नेपाल - गणतन्त्र नेपालका बेला ओसेमा बिजुली झलमल्ल भएको कुरा सोच्नु स्वाभाविकै हो ।

- आफू सत्तरी पुगेर पनि कसो यति पनि नसोच्नु त ! आफ्नो विगतबारे केही भन्न मन लागेको छ- यस घडीमा । मपाई बनेको चाहिँ होइन नि । त्यसैत्यसै सत्तरी सम्झिँदा भित्रैदेखि कस्तोकस्तो लागेर आउँछ । अनि केही भन्न पनि मन लागेको छ ।

- आफ्नो जीवनबारे आफैँले के भन्ने, कति भन्ने ? निकै अप्ठ्यारो भएको छ । हुन त आफ्नो जीवनबारे आफैं नभट्याए अरू कसैले चासो राखेर भनिदेला भन्ने पनि छैन । आजको कम्प्युटरे समयमा फुर्सद पाउन नै गाह्रो छ । कसलाई सुनाउने, कसले सुन्ने र सुनाएर उपलब्धि के हुने ? हिसाबले चल्ने गर्छन् आजकाहरू, फेरि सबै कुरा बेफुर्सद छन् । सबैलाई धावा छ । एसएमएसभित्र सबै कुरा आउनुपर्ने युगमा लामो गन्थन सुन्नु पनि कसरी ?

हजुरबाले **'एकादेशमा सुनकेस्रा रानी...'** नातिलाई एउटा कथा सुनाउने समयभरिमा यानले पृथ्वीको परिक्रमा गरिसक्छ । ओसेको ढाँडघरे कान्छो साङमागु पुगेर घर नआइपुग्दै माइकल ज्याक चन्द्रलोक पुगेर फर्किसक्छ । शान्तिसेनामा सुडान पुगेका हवल्दार रनबहादुरले आफ्नी मायालुलाई एक मिनेटमै आफ्नो युद्धकथा-मनोव्यथा सुनाइसक्छ ।

उहिले जस्तो आफ्नो बलवीरेलाई **'चीत्थि'** पठाउन कान्छी राईनीले साहिँला पुरेतकहाँ एक खेतालो सघाईकन चिठी लेखाइरहनु पर्दैन । बाबुलाई एकपल्ट निहुरेर खुट्टामा ढोगुञ्जेल दसपल्ट **'हलो ड्याड'** भनेर हात मिलाउन सकिन्छ । सबै **'सटकट'** । यस्तो सटकटे सङ्कटको बेलामा, बेफुर्सदको क्षणमा आफ्नूबारे लेख्दा पढिदिने, बुझिदिने व्यक्ति पाउन गाह्रो छ ।

तर पनि केही त भन्नै पर्‍यो । श्रोताले मन नपराए पनि एकोहोरो भाषण छाँट्ने बानी हामी नेपालीलाई परिसकेकै छ । फेरि आफ्नो मनको बह पोख्ता मन हलुङ्गो हुन्छ भन्छन् अनुभवीहरू । यस्तो सुनौलो अवसर किन छोड्नु ?

ताप्लेजुङ जिल्लाको फावाखोला, ओसे गाउँ पुर्ख्यौली थलो हो । वि.सं. १८६५ तिर ओखलढुङ्गाको गाम्नाङटारबाट पशुपतिनाथ भट्टराईले ताप्लेजुङ तेल्लाबुङ चाँगे गएर आफ्नो बासभूमि बनाएछन् । उनीपछिका चौथा पुस्ताका पं. शिवनिधिले वि.सं. १९७८मा फावाखोला ओसेमा पाइला राखे । उनका सात जना छोरामध्ये माहिला हाम्रा पिताजी पं. टेकनाथ आफ्नो जीविकाको खोजीका क्रममा धेरै ठाउँ बसोबास गर्दै नवौं पल्टको बसाइँसराइमा २०२३ सालमा झापाको दमक पुगेपछि स्थिर हुनुभो र त्यहीँ २०५६ मा उहाँको देवहसान भएको हो ।

हाम्रो त्यस परिवारको अभिभाकत्व आमाले सम्हाल्दै आउनुभएको थियो । आमा पनि २०७५ वैशाख २७ का दिन परलोक हुनुभयो ।

वि.सं. २००६ पुस ३ गते शनिबार-जन्मटिपन भएको बाह्र जना सन्तानमध्येको जेठो म तुलसीप्रसाद भट्टराई हुँ । अनि क्रमशः भाइबहिनीहरू -कमलराज, डा. गोविन्दराज, ईश्वरीप्रसाद, पद्मादेवी, नारायण, चन्द्रा, गङ्गा, माधवा, खगेन्द्र, शशिकला र देवेन्द्र हुन् । यी सबै आआफ्नो क्षेत्रमा संलग्न भएर जीवन दौडाइरहेका छन् ।

रने, काले, हरे, टीकेसँग पाटीमा दूधखरीले क-ख लेख्दाको मेरो समय भर्खरै बितेझैँ लाग्छ ।

**'छ बर्खमै चण्डी मुखाग्रे पारेका छन् हाम्रा पण्डित नानीले । होइन हौ, मान्छे ता बिजुली नै निस्किए ।'**

- राजाखर्के बूढा मान्छेको बोली सम्झिएकै छु । दस वर्षकै उमेरमा अग्निस्थापनादेखि व्रतबन्धसम्मका कर्मकाण्ड, होडाचक्रहरू हजुरबासँग पढिसिध्याएर कान्छा काकासँग अनुवाद र लघुकौमुदी पढ्न थालेको सन्दर्भ ताजै छ । एघार वर्षकै उमेरमा पुराणको जग्गेमा बसेर पुस्तकै नहेरी जग्गे गराउन सक्ने मेरा क्षमता देखेर धेरैबाट प्रशंसा पाएको हुँ ।

- आठ वर्षको उमेरदेखि ताप्लेजुङ सदरमुकामको भाषा पाठाशालामा बसेर अध्ययन । मामाङ्खेबाट कक्षा पाँच उतीर्ण गरेपछि मेदीबुङ सं. मा. वि.मा कक्षा नौसम्म अध्ययन । २०२१-२२ एक वर्ष जति जनकपुरको मटिहानी बसोबास । मेरो बाल्याकिशोरावस्थाको जीवनक्रम यही हो ।

२०२३-२०३२ सालमा बनारसमा अध्ययन । संस्कृत र राजनीतिशास्त्रमा स्नातकोत्तर, डिप्लोमा र २०४२ मा भाषाविज्ञानमा विद्यावारिधि (पीएच्.डी.) । मैले औपचारिक शिक्षाका निम्ति बिताएका समय यिनै हुन् ।

२०२६ देखि जननेता बी.पी. कोइरालाले बनारस निर्वासन जीवन बिताउन थाल्नुभएपछि र उहाँसँग सम्पर्क भएपछि विद्यार्थी राजनीतिमा सक्रियता ।

२०२८-२०३० मा बनारस छात्र परिषद्को अध्यक्ष । २०३१ देखि २०४२ सम्म नेविसङ्घको सल्लाहाकार, तरूण पुस्तकालय, बनारसको संयोजक । नेपाली कांग्रेसको मुखपत्र तरूणको सम्पादकमण्डल-सदस्य । नेपाली काङ्ग्रेस प्रचार प्रसार समतिसँग सम्बद्धता ।

प्रजातन्त्र पुनर्बहालीका निम्ति नेपाली कांग्रेसद्वारा सञ्चालित प्रजातान्त्रिक आन्दोलनमा सभा, सम्मेलन, अधिवेशन आदिमा सक्रिय संलग्न । नेपाली काँग्रेस केन्द्रीय प्रचार प्रसार समिति-सचिव, संयोजक,अनुगमन र मूल्याङ्कन समितिको सदस्य-सचिव एवम् केन्द्रीय प्रशिक्षण आदिसँग सम्बद्ध विभिन्न दायित्व पूरा गरेको कुरा पनि यति बेला इतिहास बनिसकेको छ ।

प्रमुख सल्लाहाकार-रेडियो नेपाल २०४७ । महाप्रबन्धक, साझा प्रकाशन २०४९-०५१, अध्यक्ष २०५६ । कार्यकारी अध्यक्ष गोरखापत्र संस्थान २०५२-२०५३ । सदस्यसचिव- नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०५६-०६१ । एक दर्जनजति विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेर विभिन्न प्रशासनिक र सामाजिक कार्य सम्पादन गरेको कुरा पनि स्मृतिमा सीमित भइरहेका छन् । यति बेला सम्झिँदा जीवनको लक्ष्य यति मात्र पनि होइनजस्तो लाग्छ ।

विवाहित छु । छ्यालीस वर्षको दाम्पत्य जीवन अति राम्रो छ । पारिवारिक दायित्व एवं वैवाहिक जीवन सफल लाग्छ । अधिकांश दम्पतीहरूका विषम अवस्था देख्दा म आफूलाई ज्यादै कृतार्थ ठान्दछु । पत्नी सुधा माध्यमिक तहमा आदर्श शिक्षिका बनेर अवकाश लिएकी छन् । छोरा प्रमोद, छोरी मनीषा र प्रभा तीन जनाले एउटा निश्चित अध्ययन पूरा गरेका छन् । तीनवटैको विवाह भइसकेको र सन्तान लाभसमेत गरिसकेका छन् । प्रमोद-रश्मिका सौम्य र सौर्य, मनीषा-विनोदका मानस र विनम्र एवं प्रभा-अनिलका अर्पित-सन्तति छन् ।

संयोगले मेरो शारीरिक संरचनाभित्र पनि यस मितिसम्म त्यति धेरै घुनपुत्ली लागेको छैन । तर यो कुरा अदृश्य शक्तिका कानमा चाहिँ नपरोस् ।

प्रत्येक व्यक्तिको व्यक्तित्व र जीवनशैली फरक फरक हुन्छ । एउटाको अर्कासँग मिल्दैन । सबै एउटै खालको हुने हो भने समाज नै बन्दैन ।

व्यक्ति व्यक्तिमा फरकफरक आकांक्षा, इच्छा, कामनाहरू हुन्छन् । इच्छा एउटा बालकमा पनि हुन्छ, वृद्धमा पनि हुन्छ । इच्छा कामना नहुने त मानिस नै कहलाउँदैन । जीवनक्रममा क्रमशः आकाङ्क्षाहरू पनि बढ्दै जान्छन् । समय, परिवेश, परिस्थिति र अवसरका आधारमा केही इच्छा कामनाहरू पूरा भए पनि धेरैजसो अधूरै रहन्छन् ।

यदि मानिसले सोचेको सदैव पुग्ने हो भने ऊ यस धर्तीमा नअटाउने हुन्छ । त्यसकारण मानिसका धेरैजसो चाहना सधै अधूरा र अपूरा हुने गर्दछन् । यो पनि सन्तोष लिने आधार हो ।

पढेर ठूलो मान्छे बन्ने इच्छा थियो । थाहा थिएन कस्तो ठूलो मान्छे बनिने हो भनेर । प्रवेशिका उत्तीर्ण गरेपछि खरिदार जागिर खाने सल्लाह पनि पाएँथें । पढ्दै गएँ र एउटा निश्चित टुङ्गोमा पढाइलाई पुऱ्याएँ पनि ।

प्रजातन्त्र पुनर्स्थापनासम्बन्धी राजनीतिक सङ्घर्षमा लागेपछि जागिरमोह हट्दै गयो । प्रजातन्त्र पुनर्बहालीपछि चुनाब लडेर सांसद मन्त्री बन्ने इच्छा जागेको पनि हो । तर कहाँनिर जुइनो खुस्कियो, थाहा छैन । त्यो क्रम अहिले स्थगित भएको छ । सँगैका साथीहरूले मन्त्री बनेर नाम, दाम र धेरै थोक कमाएका छन् । तर म आफू भने यसैमा सन्तुष्ट नै छु ।

समयसँगै सम्झौता गर्नुपर्छ प्रत्येकले । चिन्ता छैन । सोचेर, चिन्ता गरेर चाहना पूरा हुँदैन । तात्कालिक, समसामयिक विषयलाई स्वीकार्दै जानुपर्छ । विश्वास र आशामा जीवित रहेको हुन्छ मान्छे ।

दुर्गम गाउँको सामान्य परिवारमा जन्मिएको हुँ । छोराछोरी-परिवारको प्राथमिक आवश्यकता छाना, नाना र खाना कसरी पूरा गर्ने भनेर चिन्ताग्रस्त गाउँले जनजीवन र परिवेशमा जन्मिने- हुर्किने बालबालिकाले आफ्नो भविष्यबारे कस्तो तस्वीर खिच्न सकेको हुन्छ र ?

सात वर्षको हुँदा पहिलोपल्ट सदरमुकाम पुगेर शनिबारे हाटको भीड देख्ता अर्कै दुनियाँ, अर्कै संसारमा पुगेको सपनाजस्तै कस्तोकस्तो अनौठो अनुभव गरेको कुरा आज पनि ताजै छ ।

सदरमुकाममै बसेर पढ्न थालेपछि सहरिया र गाउँलेबीचको दूरी थाहा हुँदै गयो । सहरिया समकालीन विद्यार्थीको लात्ती र घुर्च्याइँ खाँदैखाँदै पनि जसोतसो आफ्नो पढाइ अघि बढेको सम्झिँदा धन्न यत्तिको भइएछजस्तो लाग्छ ।

कक्षा सातसम्म पढेका च्याङ्थापुगडीका सुवास उप्रेतीको नाच, गान क्षमता र फूर्तिफार्ती देख्ता ओहो ! यति ठूलो मान्छे हुन पाए भन्ने लागेको थियो ।

दार्जिलिङका दसपास गडी स्कुलका राई सरजस्तो हुने सके...भन्ने पनि लागेको हो । प्रवेशिकासम्म पढेका गुरुप्रसाद गौतम पनि उदाहरणीय लाग्थे । क्रमशः यस्ता धेरै कुरा छुट्दै गए ।

सानै छँदादेखि नै पिताजीले हामीलाई गोठाले काम र खेतीपातीबाट अलग राख्नुभएकाले पढ्नुपर्छ भन्ने चेतना अङ्कुरित भएको हो । त्यसै कारण पढाइसँगै असन्तुष्टि पनि बढ्दै गयो । पढाइ र व्यावहारिक पक्ष बढ्दै जाँदा असन्तुष्टि पनि विकसित हुँदै जाँदोरहेछ । ओसेमा अथवा च्याङ्थापुमा नै सीमित रहेको भए यस जीवनले असन्तोष गर्ने मौकै पाउने थिएन होला ।

२०३६ मा पहिलोपल्ट राजधानी काठमाडौं देखेथें । हाम्रो राजधानी भारतीय ठूला सहर र राजधानीको तुलनामा धेरै अविकसित र सामान्यझैं लागे पनि गौरव मानेथैं आफ्नो राजधानी पुग्न पाउँदा । अनि २०४२ देखि यही राजधानीलाई बसोबासकेन्द्र बनाएको छु । बसिरहेको छु । सहरमोह नहुँदा पनि बसेकै छु । अझै पनि सहरिया बन्नचाहिँ सकेको छैन ।

देशका अधिकांश जिल्लामा पुगेको छु । विकसित विश्वका करिब दर्जन मुलुक पनि देखिसकेको छु । नेपाल पनि यिनै विकसित देशजस्तै हुन सके अहा ! कस्तो हुन्थ्यो भन्ने सोच्दथैं । यति बेला पनि सोचिरहेकै छु ।

**'आफूले भनेजस्तै शासनसत्ता चलाउने हो भने पन्ध्र वर्षभित्र प्रत्येक नेपालीले आफ्नै घरजग्गा जोड्न सक्नेछ । त्यति मात्र होइन भोजन, वस्त्र र आवासले सुसज्जित हुनेछ । छोराछोरीलाई पढाउन र रोगीलाई औषधि व्यवस्था गर्न सक्नेछ । नेपाल शान्त, समृद्ध भएर विश्वकै एउटा नमूना मुलुकका रूपमा स्थापित हुनेछ ।'**

करिब पचपन्न वर्षअघि बी.पी.ले आफू प्रधानमन्त्री भएका बेला भनेको कुरामा, यही विश्वास र आशामा बी.पी. कोइरालाको सिद्धान्त, आदर्श र मार्गदर्शनमा आस्थावान् रहँदै मुलुकका निम्ति आफूले सकेको योगदान पनि दिँदैआएको हुँ । यतिका धेरै वर्षपछि पनि हाम्रो समाज अभाव, अशिक्षा, रोग र विभिन्न समस्याबाट उत्तिकै जेलिएको छ । बेरोजगारी र पलायनमात्रै जताततै देखिन्छ ।

मेरो खास लेखन इतिहास त भन्न गाह्रो छ, तैपनि २०१९ सालमा ताप्लेजुङमा कक्षा ७ मा पढ्दा विद्यार्थी प्रतियोगिताका सन्दर्भमा एउटा कविता लेखेको थिएँ । त्यो कविता प्रतियोगितामा सुनाइएको थियो र दोस्रो भएर ४ नम्बरको खाता र टेको कलम प्राप्त गरेको कुरा आज पनि सम्झना छ । त्यसपछिको क्रममा सामान्यतया लेख्दै गइयो र छापिएको चाहिँ २०२५ सालमा कथा छापियो 'त्यही रहेछ' शीर्षकमा समर्पण भन्ने पत्रिकामा । त्यसपछि अहिलेसम्म विभिन्न विधाका

डेढ दर्जन कृतिहरू छापिएका छन् । त्यति नै सङ्ख्यामा प्रकाशनका निम्ति तयार पारिएका छन् । लेख्ने क्रम निरन्तर छ ।

मेरो इलम नै लेख्ने भएको छ । बीचमा संयोगवश पत्रकारितामा पनि आफूलाई संलग्न गर्नुपर्‍यो । यो चाहिँ अलिकति पेट पाल्ने क्रममा नै हो । २०४१ सालतिर म राजधानी सप्ताहिकमा संलग्न भएँ, त्यसले गर्दा मेरो पत्रकारिता लेखन पनि अगाडि बढ्यो । अहिले पनि म लेखिरहेको छु - साप्ताहिक र दैनिकहरूमा । मेरो लेखनमा खासै कसैको प्रेरणा छैन ।

लेखनबारे मेरो अर्कै धारणा छ । यो कसैले लगाइएको विषय होइन । लेखक आफैँले नै आफ्नै लागि सुरू गर्छ । कोही जुवा-तास खेलेर समय बिताउँछन् वा अरू कुनै काममा लाग्छन् । त्यस्तै तरिकाले एउटा भावनात्मक अभिव्यक्ति भएको अथवा भावुक व्यक्ति लेखनतिर लाग्छ । लेखन पनि उसको एउटा दिनचर्याजस्तै हुन्छ । लेख्दै जाने र आफूलाई लागेका कुराहरू समाजलाई दिँदै जाने काम हो यो । उद्योगमा वा विकास निर्माणमा यति लगानी गरेको छ, यसबाट यति उत्पादन हुनुपर्छ भन्ने हुन्छ तर लेखन क्षेत्रमा त्यस्तो कुनै मापदण्ड हुँदैन । लेखन भनेको मूल्याङ्कन तथा पुरस्कारका लागि अत्तालिनुपर्ने विषय पनि होइन ।

कलमसँग सधैंभरि नै अत्यन्त गहिरो सम्बन्ध राखेको हुन्छु । अबको मेरो अभिष्ट कलम नै होलाजस्तो छ । मैले यस्ता गन्थन गरेर मूल कुरो नै छोडेछु । यो मूल कुरा हो - सत्तरी लागेको प्रसङ्ग । अनि जीवन र जीवनको लक्ष्य थाहा पाउनुपर्ने कुरा ।

जीवनको कुरा गर्दा जीवन र जीवनको बचाइबारे सोच्दा पुराना अनुभवीका विचारहरू पनि बुझ्नुपर्ने हुन्छ–

"म कति दिन बाँचैं, गर्व यस कुरामा होइन, कसरी बाँचे यस कुरामा हुनुपर्छ ।" बेलीको भनाइ मनन गर्दा अरू पनि थुप्रै विचारहरू अगाडि आउँछन् -

"नराम्रो काम गरेर अथवा निस्क्रिय भएर लामो समय बाँच्नुभन्दा उत्तम काम गरेर थोरै समय बाँच्नु राम्रो हो ।" **–चाणक्य**

"आफ्ना लागि त सबै बाँच्छन् । यस्तो बचाइ निरर्थक हो-पशुको बचाइजस्तै । परिवार, बन्धुबान्धव, समाज र राष्ट्रले नै नाम लिने, प्रशंसा गर्ने कार्य गरेर बाँच्न सक्नु नै सार्थक जीवन हो ।" **पञ्चतन्त्र**

"जीवन एउटा कथा हो । कति लामो होइन, कति राम्रो भन्ने ।" **–सेनेका**

"मानवजीवन अनुभवको शास्त्र हो ।"**– विनोवा भावे ।**

"अरूको जीवनको अध्याँरो हटाउन सक्ने भएर बाँच्नु यथार्थ बचाइ हो । उद्यम र कर्महीन बचाइ मुर्दासमान हो । "– **कार्लाइल**

जीवनबारेको खोजी मानवसृष्टिसँगै भएको होला । प्राचीन वेद, उपनिषद्, पुराण, महाभारत, रामायण, गीता, बाइबल, कुरान, बौद्धग्रन्थहरू प्रायः सबैतिर मानिस र जीवनबारेको खोजी भेटिन्छ । प्राचीन ऋषिमुनि, ज्ञानी, ध्यानी, कवि, लेखक सबैले जीवनबारे, मानिसका कर्तव्यबारे लेखेका छन् । कहिल्यै पनि पार नलाग्ने, जति खोज गरे पनि नटुङ्गिने विषय रहेछ मानिस । कहिल्यै नचिनिने र नबुझिने रहेछ मानिस । सम्पूर्ण शास्त्र र ग्रन्थहरूमा जीवनको महत्त्व र लक्ष्यबारे खोजी भएको पाइन्छ । सुकरात, प्लेटो, अरस्तु, कालिदास हुँदै वर्तमान मोहन कोइराला, विनय रावलसमेतले जीवनकै खोजी गरेका थिए ।

"हामी जगन्नियन्ता, जगत्कर्ता, दिव्य गुणयुक्त ईश्वरको ध्यान गर्दछौँ जसले हाम्रो बुद्धिलाई उत्तम कर्ममा लगाउँछ ।"

काम गर्दागर्दै सक्रिय-निरोगी रहँदै एक सय वर्ष बाँच्ने इच्छा गर्नुपर्छ । मानवजीवन भनेकै कर्ममय जीवन हो । यजुर्वेद-४०/२ पढेपछि भने सत्तरीको दुखाइ केही कम भएर ढुक्क लाग्छ ।

"हे कर्ता ! तिमी विगतमा गरिएका कर्मको स्मरण गर । अनि राम्रा र असल काम गर्दै बाँकी जीवन बिताऊ ।" सामवेद ९५४ बाट थाहा भयो । विगतको सम्झना गर्नैपर्ने रहेछ । अनि सुधार्दै जानुपर्ने रहेछ । आजको भाषामा आत्मालोचना गर्नुपर्ने रहेछ ।

"आफ्ना विचार बाँट्नुमा सुख छ । असफलतालाई चुनौती ठानेर कहाँनेर त्रुटी भयो सच्याएर अघि बढ्नुपर्छ ।"

"जीवनरूपी नदीको मार्ग कठोर चट्टानले भरिएको हुन्छ । तर धीर र वीर बनेर धैर्यसँग अघि बढ्दा महासागर भेटिन्छ ।" ऋग्वेद ६/१८/२, १०/५३/८ का यी उक्तिहरू पढेपछिचाहिँ धेरै सान्त्वना पाएको छु ।

यसरी कहिलेकाहीँ जीवनका बारेमा सोच्ने गर्छु । हुन त यो छुट्टै विषय हो । जीवनबारे सोच्ने दार्शनिक पक्ष हो । अहिलेको भोगवादी युगमा व्यावहारिक पक्षका लागि सुख, समृद्धि, शान्ति, सद्भाव यी सबै भोगेर सुखसयलसँग राम्ररी बाँच्न सक्नु अथवा जीवनको बारेमा जेजति गरे पनि सबै भ्रम र मिथ्या भन्ने कुरा दर्शनमा आउँछ । जीवन वास्तवमा केही पनि होइन ।

विश्वसृष्टिक्रममा जीवन एकछिनको पाहुना हो । एउटा जीवनले वास्तवमा केही पनि गरेको वा गर्न सकेको जस्तो लाग्दैन । त्यसकारण जेजति गरिन्छ, त्यो

यति गरैँ, उति गरैँ भन्नु यी सबै आफ्नो अथवा परिवारको लागि हो । यी सबै स्वार्थपूर्ण गराइ हुन् । यत्ति हो कि मान्छेले जन्मेपछि केही गर्नुपर्छ । सकेसम्म अरूका लागि केही गर्न सकियोस् ।

जीवन एउटा महत्त्वपूर्ण उपलब्धि हो । यस जीवनका बारेमा गुनासो गर्नु, खोजीनिती गरेर हुँदैन । यो कुरा जान्दाजान्दै लम्किनेले जीवनबारे सोचेर निरर्थक समय बिताउनु हुँदैन । यो कुरा थाहा भएर पनि विगततिर लम्किहालिन्छ । **"मानिसका इच्छाआकांक्षाको सीमा नहुने रहेछ । तर आफैँ सीमित बन्दै जानुपर्ने रहेछ । "**

दीर्घजीवनका निम्ति शैशवकाल चिन्तामुक्त र यौवनकाल स्वच्छन्द हुनुपर्छ । अर्थात् यी जगका ढुङ्गा हुन् भन्छन् । यी दुबै बेला आफ्ना त्यस्ता थिएनन् । सुविधाजनक जीवनसँगै कष्टदायी कार्यबाट मुक्ति नै बुढ्याईँ रोक्ने उपाय हुन् । त्यसो त यति बेला मनुष्यको आयुवृद्धिमा विश्व स्वास्थ्यजगत् नै लागेको छ । अनि विश्वका धेरै मुलुकहरूमा जेरोन्टोलोजी (वृद्धशास्त्र) अध्ययन केन्द्रहरू खोलिएका छन् । बुढ्याइँ र यसको निराकरणको उपायबारे धमाधम काम भइरहेको छ । मेरो पनि जिजीविषा त्यसतर्फ ढल्किँदै छ ।

"मान्छेको चालीसपछि आँखा कमजोर हुन थाल्छ । स्मरणशक्ति घट्छ । अनि पचासपछि कामको शक्ति कम हुन्छ । साठीदेखि त स्वाद र पाचन दुबै शक्ति घट्छ । मनोभ्रंस रोग लाग्छ । अझ सत्तरी पछि त प्रायः सबै इन्द्रियहरू शिथिल हुन्छन् । अनि आल्तसाइमर(सठियारोग) भन्नेले भेट्छ । "

यस्तो सुनेपछि झन् आत्तिन्छु, झस्किन्छु । गएछ जीवन । व्यर्थै भएछ । मन कहालिन्छ । तर कुरो साँचो हो । यस सत्तरीलाई रोक्न सकिँदैन । प्रकृतिको अनिवार्य आवश्यकता थियो यो । सत्तरी आइपुग्यो, भेट्यो, अब स्वीकार्नै पर्छ । मान्छेलाई अप्ठ्यारो परेको बेला कोही पनि साथी हुँदैन । सुखी-खुसी भएका बेला मात्र साथीहरूको भीड लाग्छ । साथी भएर मात्रै पनि हुँदैन, मर्मज्ञ मित्र पनि हुनुपर्छ भन्छन् ।

यति बेला यो सत्तरीमा को साथी बन्ला र अब ? यस्तो बेला साथी बन्ने भनेको मन्दिरमा स्थापित पत्थरका मूर्तिहरू मात्र हुन सक्छन् । सत्तरी पुगेपछिकाहरूको ठूलो समस्या भनेको आफ्नो कुरो सुनिदने मान्छेको अभाव हो । सबै व्यस्त हुन्छन् । धेरै कुरा सुनाउन मन लाग्छ तर सुनिदिने कोही पनि हुँदैन । एक्लै कुण्ठित भएर बस्नुपर्छ । तर मैले चाहिँ यो समस्या नआओस् भनेर बेलैदेखि अध्ययन र लेखनलाई आफ्नो अतिप्रिय र मर्मज्ञ मित्र बनाएको छु ।

धेरै अनुभवीले बताएका छन्- जीवन एउटा व्यापार हो- सर्वोच्च व्यापार । तर संसारका बहुसङ्ख्यकको जीवनव्यापार सधैं सधैं चलेको थियो र घाटामा चलिरहेको हुन्छ । मान्छेको जीवन सधैं पीडा, दुःख, चिन्ता, अभाव, सन्त्रास र असुरक्षाबाट ग्रस्त हुन्छ । बाहिर हेर्दा जस्तो देखिए पनि मान्छे समग्रमा दुःखी प्राणी हो । वर्तमान समयमा सधैं तीतो हुँदा अतीततिर फर्किएर मन बहलाउने गर्छ मान्छेले । यहाँ पनि यसै गर्न खोजिएको हो ।

सत्तरी लाग्दा पनि म आफूलाई अपूर्ण ठानिरहेको छु । असन्तोष पोखिरहेको छु । तर अरूसँग, कसैसँग होइन-आफैसँग, आफैभित्र । जीवनको सारतत्त्व बुझेर बाँकी समय सार्थक बिताउने सचेतताचाहिँ यो सत्तरी प्रवेशसँगै बढ्दै छ ।

**"जीवनको सार्थकता कुनै उद्देश्यप्राप्तिका निम्ति प्रतिबद्धतामा निर्भर गर्दछ । मानिस आफ्नो सङ्कल्प र आस्थाले यथार्थमा मानिस हुन्छ ।"**

चालीस वर्षअघि मेरो डायरीमा महामानव बी.पी. कोइरालाले उक्त वाक्य लेखिदिनुभएको थियो । अहिले यसको अर्थ बुझ्ने प्रयासमा छु । जीवनको यस सत्तरी प्रवेशसँग बल्ल जीवनको सार्थकताबारे खोजी गर्नुपर्ने बुद्धि पलाउँदै छ । जीवनको उर्वर बेला बितिसकेपछि सार्थक जीवन खोजेर पो के गर्नु ? एकै चोटी अनेकौं प्रश्नहरू तेर्सिएका छन् यस सत्तरी प्रवेशसँगै ।

सत्तरी वर्ष प्रवेशको पीडाले रन्थनिएर तपाईंहरू समक्ष मैले धेरै गन्थन पोखें । हुन त तपाइँहरू कतिले सत्तरी पार गर्नुभएको होला । कति सत्तरीतिर लम्किँदै हुनुहोला । तपाईंहरूलाई चाहिँ मेरो सत्तरीले पक्कै घोच्ला । तर युवाहरू भने यस्तो सत्तरीको कुरो मनमा नल्याई आफ्नो प्रगतिपथमा लम्किरहनुहुनेछ ।

ooo


# किरण पुस्तकालय

**तम्घास, गुल्मीबाट**


***एक दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भएका छन् । गुल्मीबारे जानकारी प्राप्त गर्न यी पुस्तकहरू खोजी खोजी पढ्नुहोस् ।***

# काव्यमालिका पढेपछि

✍ **दीन पन्थी**

**तम्घास, गुल्मी**

अहिले नेपालमा संस्कृत भाषा पढ्ने, लेख्ने व्यक्ति अत्यल्प छन् । त्यसमा पनि राम्ररी भाषा-व्याकरण जान्ने, लेख्ने सृजनात्मक प्रतिभा भएका र जाँगर भएकाहरू नगण्य छन् । तिनै नगण्य व्यक्तिमध्ये एक हुन् डा. लक्ष्मीकान्त पन्थी । उनी राष्ट्रभाषा नेपाली र सुरभारतीमा समान रूपमा सुमधुर कविताका धारा बगाउँछन् । कवि पन्थीमा व्युत्पत्ति, अभ्यास र प्रतिभा सबै जुटेका छन् । उनमा विद्वत्ता र प्रतिभा वंशपरम्परा र सरस्वतीको वरदानबाट प्राप्त भएको प्रतीत हुन्छ । सानै उमेरबाट कविता रचना गर्ने रुचि र सामर्थ्य भएका कवि पन्थीका कविताहरू परिष्कृत, शास्त्रीय एवं कलात्मक गुणले परिपूर्ण छन् । उनका प्रायः कविताहरू पूर्वीय वैदिक आर्यसंस्कृतिको आदर्शपथमा चल्छन् । भर्खरै कवि लक्ष्मीकान्त पन्थीको संस्कृत भाषामा सृजित काव्यकृति 'काव्यमालिका' किरण पुस्तकालय तम्घास, गुल्मीबाट प्रकाशित भएको छ । नेपाली संस्कृत काव्यपरम्परामा यस कृतिलाई एउटा विशिष्ट उपलब्धिको रूपमा लिइनेछ भन्ने आशा गरौं ।




गुल्मी, धुर्कोटअन्तर्गत बडाचौरमा सुपठित पन्थीकुलमा जन्मेका लक्ष्मीकान्त पन्थी पूर्वीय भाषा, संस्कृति एवं धर्मशास्त्रका धुरन्धर विद्वान्, स्पष्टवक्ता, सत्यान्वयी, विचारवान् र प्रतिभासम्पन्न काव्यस्रष्टा हुन् । उनी व्यवहारमा अत्यन्त सरल र आचारमा निष्ठावान् आस्तिक छन् । आफ्ना सुयोग्य महाकवि पिता पं. भीमकान्त पन्थीका ज्येष्ठ पुत्र लक्ष्मीकान्त पिताझैं काव्यसृजनमा दत्तचित्त र सामर्थ्यशाली छन् । प्रत्येक क्षण विद्याव्यसनी यिनी साहित्यसाधनामा तल्लीन रहन्छन् । संस्कृत भाषाका महाकवि कालिदास, भारवि, वाल्मीकि एवं आफ्नै पिता भीमकान्तबाट प्रभावित लक्ष्मीकान्त पन्थीका कवितामा नेपाली कवि लेखनाथ पौड्यालमा झैं

परिष्कारवादी प्रवृत्ति झल्किन्छ । कवि पन्थीले विद्यार्थी कालबाटै कविता लेख्ने साधना गर्दै आएका छन् । उनी तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित कविता महोत्सवमा दुई-दुई पल्ट पुरस्कृत भएका छन् । उनले साहित्यसृजनका लागि जयतु संस्कृतम् साभिनन्दन पुरस्कार, कुलचन्द्र स्मृति पुरस्कार, महाकवि श्रीहर्ष पुरस्कारका सार्थ अन्तर्राष्ट्रिय संस्कृत एवं नेपाली साहित्यसम्मेलनमा सम्मान एवं पुरस्कार प्राप्त गरेका छन् । महेन्द्र विद्याभूषण 'क' एवं त्रि.वि. दीर्घसेवा पदकबाट विभूषित पन्थीका नेपाली एवं संस्कृत भाषामा ४ वटा मौलिक र ४ वटा अनूदित कृतिहरू प्रकाशित भएका छन् । अनेक पत्रपत्रिकाहरूमा उनका असंख्य लेख, रचना, कविताहरू प्रकाशित भएका छन् । उनले नेपाली काव्य **ऋतुविचार** र **प्राकृत पोखरा**को सर्वाङ्ग सुन्दर र मनमुग्धकारी अनुवाद काव्यमयरूपमा प्रस्तुत गरेका छन् । लामो समय शिक्षासेवामा बिताएका उनले नेपाली र संस्कृत साहित्यमा एम्.ए., धर्मशास्त्र र दर्शनशास्त्रमा आचार्य एवं वैदिक धर्मसंस्कृतिमा विद्यावारिधि गरेका छन् । उनी धर्मशास्त्र, साहित्यशास्त्र, व्याकरणशास्त्र र ज्योतिषशास्त्रका पारङ्गत विद्वान् मात्र होइनन्, प्रतिभावान् काव्यस्रष्टा पनि हुन् भन्ने सिद्ध भएको छ ।

कवि लक्ष्मीकान्त पन्थीको **'काव्यमालिका'** संस्कृत भाषामा संरचित काव्य र कविताको विशाल संग्रह हो । यसमा एक श्लोकका स्फुट पद्यदेखि ६९० श्लोकसम्मका काव्याकार पद्यरचनाहरू समाविष्ट छन् । यसमा चार उन्मेष छन् । प्रथम उन्मेषमा मंगलाचरणसहित २३ वटा कविता छन् । द्वितीय उन्मेषमा स-साना ६६ वटा कविताहरू छन् । तृतीय उन्मेषमा ९३ वटा फुटकर कविता छन् । चतुर्थ उन्मेषमा **'स्व-परिचय'**, **'लक्ष्मीवैभवम्'**, **'सारस्वतवैभवम्'**, **'जगज्जननीवैभवम्'** र **'वंशदर्शनम्'** नामक खण्डकाव्याकार लामा कविता छन् । परिशिष्टअन्तर्गत विभिन्न पद्यात्मक भावसघन अभिनन्दनपत्रहरू छन् जसमा विद्वान् स्रष्टाहरूप्रति विनम्रताकासाथ सम्मान व्यक्त भएका छन् । यस 'काव्यमालिका' मा उनिएका १८५ वटा कविताका थुँगाहरूमा जम्माजम्मी तीन हजार जति श्लोकरूपी पत्रहरू छन् । संग्रहका सबै कविताहरू छन्दोबद्ध छन् । तिनमा डेढ दर्जन जति छन्दका प्रकारहरू प्रयोग भएका छन् । प्रायः कविताहरू आर्यसंस्कृति, आर्यमर्यादा, वैदिक धर्मसंस्कृति, सदाचार, भगवत्भक्ति, पितृमातृभक्ति, विद्या, विनय, भक्ति, सद्व्यवहार, अध्यात्म, आस्तिकताप्रति समर्पित छन् । व्याकरणिक शुद्धतामा कवि सचेत देखिन्छन् । व्याकरणिक विचलन, वैचारिक स्खलन र छन्दोभंग कतै भएको देखिन्न । यस संग्रहका कविताहरूमा छिचरा मनोवृत्तिका तुच्छ भावहरू कतै व्यक्त भएका छैनन्, उदात्त एवं शाश्वत भावहरू व्यक्त भएका छन् ।

प्रस्तुत संग्रहका सबै कविताहरू कलात्मक रूपमा उत्कृष्ट नै छन् । परिष्कारवादी प्रवृत्ति अंगालेकाले स्वच्छन्दतावादी कवितामा झैं भाव, भाषा र विचारमा तरलता

एवं विचलन हुने कुरै भएन । कवि पन्थीको काव्यमार्ग परिष्कार, नैतिकता, मर्यादा, औपदेशिकता र आर्यआदर्शको राजमार्ग हो, यस राजमार्गमा स्वच्छन्दता, अराजकता, अनीश्वरता, परम्पराप्रतिका विद्रोहजस्ता छिचरा प्रवृत्तिहरू टिक्न सक्दैनन् । दोषरहित र गुणसहितका शब्दार्थलाई काव्य मान्ने परिपाटीलाई अंगीकार गरेर लेखिएका कवि पन्थीका संस्कृत कविताहरूको कलात्मक पक्ष उत्कृष्ट छ, रीतिकालीन कवितामा झैं काव्यचातुरी प्रबल छ । भावलाई भन्दा शब्दचातुर्य र अर्थचातुर्यमा ध्यान दिने काव्यचातुरी यहाँ छ । शास्त्रीयता एवं परिष्कारलाई कविले निकै ध्यान दिएका छन् । यहाँ आलङ्कारिकता प्रशस्त छ । एउटै पद्यमा श्लेष, उपमा र व्यङ्ग्योक्तिको प्रयोग कति मनमुग्धकारी छ । हेरौं -

**सुशीला सरसा श्यामा न-वा-पी-न पयोधरा**
**भूयात् वसुमती रामा काष्ठमण्डप भूरिव ।।**

यस्तै अर्को श्लोकमा शासकहरूका दुष्टता र भ्रष्टताले जनजीवनलाई कसरी पिरोलेको छ भन्ने चित्रण गर्दै अनुप्रास अलङ्कारको प्रयोग कति सुन्दर र कति विचारोत्तेजक छ ! हेरौं -

**दुष्टे राज्ञि क्व प्रजानां सुखं स्यात्**
**चौरा दुष्टा भ्रष्टमुख्या भवन्ति ।**

**दीनाः खिन्नाः क्लिष्टतां यान्ति शिष्टाः**
**हृष्टास्तुष्टाः पुष्टतां यान्ति दुष्टाः ।।**

यी पद्यहरू उदाहरणार्थ प्रस्तुत गरिएका हुन् । 'काव्यमालिका' मा यस्तै विचारोत्तेजक श्लोकहरू भरिपूर्ण छन् । 'काव्यमालिका' को शैली पक्ष उत्कृष्ट छ । सानो साधनाबाट यस्तो कलात्मक उचाइ छुन सकिदैन । कविताहरूमा निकै गहन र सघन विचारहरू प्रकट भएका छन् - ठूलो व्युत्पत्ति, अभ्यास र प्रतिभाको संयोजनबाट यो सम्भव भएको छ भन्ने भावक पाठकले बुझ्न सक्छ । कविताहरूमा विषयको व्यापक विविधता छ । मंगलाचरणदेखि अध्यात्म, दर्शन, धर्मसंस्कृति, पितृमातृभक्ति, स्वविचार, सदाचार, विद्या, विनम्रता, सन्तोष, सरलता, सत्य, सद्‌गुण, आस्तिकता, समाज, नीति, वंशवर्णन, देशप्रेम, ग्रन्थपरिचय, व्यक्तिपरिचय, मित्रप्रशंसा, वैवाहिक निमन्त्रणाका विषयसमेत कलात्मकरूपमा यसमा प्रस्तुत भएका छन् । कवितामा रसविविधताको कमी छ । प्रायः कविताहरू प्रसाद गुण, वैदर्भी रीति र शान्त रसले भरिपूर्ण छन् ।

**'काव्यमालिका'** भित्रका समस्त कविताहरू पूर्णतः परिमार्जित र परिष्कृत छन् । तिनमा सुदृढ प्रौढता छ । चञ्चल भावुकताको प्रवेश त्यहाँ छैन । शास्त्रीयता, परिष्कार, नैतिकता, मर्यादा, उत्कृष्टता जस्ता कुराले 'काव्यमालिका' पूर्णतः

परिष्कारवादी छ । संस्कृत भाषामा रचित सुसंस्कृत भावले युक्त यी कवितामा संवेग होइन, सुस्पष्ट विचार छन् । 'काव्यमालिका' का कविताको विचारपक्ष स्पष्ट छ । वेद, पुराण र धर्मशास्त्रअनुमोदित संस्कृति र आचारविचारप्रति कविको अटुट श्रद्धाभाव देखिन्छ । अध्यात्मवादी आस्तिक दर्शनबाट उनी प्रभावित छन् । **'काव्यमालिका'** पढेपछि लाग्छ - कवि नैतिकताका पक्षमा छन्, सत्यको पक्षमा छन्, सरलता र सदाचारको पक्षमा छन् । नैतिकता र सदाचारको खडेरी परेको यस युगमा 'काव्यमालिका' का प्रत्येक पुष्पहरू आश र चाख लाग्दा छन् । कवितामा कतै पनि कविको अहंभाव देखिन्न, सर्वत्र विनम्रता, सरलता, आस्तिकता मात्र देखिन्छ । स्वपरिचय, वंशपरिचयमा पनि कतै अहङ्कार छैन, सर्वत्र अग्रजप्रति आदरभाव, स्वधर्म र संस्कृतिप्रति श्रद्धाभाव प्रकट भएका छन् । कविमा मेधा, पण्डा र प्रतिभाको अनुपम संयोगविना यस्तो सार्थक कृतिको उदय सम्भव थिएन । यसमा जति काव्य-कविताहरू छन् ती सहज छन्, कनीकुथी लेखिएका होइनन्, अवस्था विशेषमा स्फुरण भई स्वान्तः सुखाय रचिएका प्रतीत हुन्छन् । संस्कृत छन्दमा विशेषाधिकार राख्ने कविले कवितालाई मनमाफिक नचाएका छन् । कविका खण्डकाव्याकार रचनाहरू निकै प्रौढ छन् । **'लक्ष्मीवैभवम्'** आकारका दृष्टिले यसमा समाविष्ट काव्यमा सबैभन्दा ठूलो छ । स्तुतिकाव्य भन्न सकिने यो काव्यकृति साहित्यिक दृष्टिले निकै कलात्मक छ । विभिन्न अलंकारहरूको प्रयोगले, उक्तिवैचित्र्यले, भक्तिभावले, शान्तरसको प्रयोगले काव्य निकै हृदयस्पर्शी छ । माता महालक्ष्मीको सर्वाङ्ग वर्णनसाथको स्तुति निकै रोचक छ, मार्मिक छ र भक्तिरसले ओतप्रोत छ । अर्को प्रबन्धात्मक काव्यकृति **'स्वपरिचय'** आफ्नै जीवनवृत्तान्त हो । 'स्वपरिचय' भए पनि यसमा तृतीय पुरुष कथन पद्धतिको प्रयोग गरिएको छ । यसमा कविको समग्र जीवन सारसंक्षेपमा व्यक्त भएको छ । यसमा घर र मावलीतर्फका अग्रज मान्यवरहरूको नामोल्लेख छ । यसमा जन्मभूमिको प्राकृत सौन्दर्य चित्रित छ । पितामाताप्रति अत्यन्त भक्तिभाव छ । गुरुहरूप्रति आदर र श्रद्धाभाव छ । विद्वान् भईकन पनि **"आफू पारङ्गत हुन नसकेको गुरुकृपाबाट किञ्चित् लेख्न सिकेको"** जस्ता नम्रता प्रदर्शन गर्नु कविको उच्च संस्कारको परिचायक बनेको स्पष्ट छ । कविले यसमा आफ्नो अध्ययन, पेशा, लेखनकार्य, रुचि र निष्ठाका बारेमा पनि चर्चा गरेका छन् । यसमा तीर्थयात्रा र पारिवारिक चित्रण पनि छन् । यो कृति काव्यात्मक, सुमधुर र विनम्रतापूर्ण छ । काव्यमालिकामै उनिएको अर्को काव्यकृति 'सारस्वत वैभवम्' हो । यसमा १०९ श्लोक रहेका छन् । विद्याकी देवी सरस्वती, पितामह देवीप्रसाद र पिता भीमकान्तको स्मरणपूर्वक प्रारम्भ भएको यस काव्यमा चार खण्ड छन् र तिनमा जम्माजम्मी १०९ श्लोक छन् । प्रथम खण्डमा आफ्नै इच्छाहरू पूरा होऊन् भनी प्रार्थना गरिएको छ । दोस्रो खण्डमा 'नेपालचित्रम्' छ जसमा नेपालको विगत र वर्तमानको सजीव चित्र खिचिएको छ । यस खण्डमा

वर्तमान नेपालको दुरवस्थाको पनि चित्रण छ । दलीय व्यवस्थाले ल्याएका विसंगति र विकृतिमाथि यसमा तीव्र व्यङ्ग्य पनि देखिन्छ । यस काव्यमा वर्तमान युगको विसंगत चित्र चित्रित छ । जस्तै :

**रोगार्ता दुखिनः सन्ति नौषधं नौषधालयः ।**
**चिकित्सकस्तत्र नास्ति कथं जीवन्ति रोगिणः ?॥**

×

**नेपालस्य धनं रम्यं वनं हरितशोभितम् ।**
**पुस्तके पठनीयं तद् वनं परिणतं धने ॥**

×

**दलहीनः कथं तिष्ठेद् ? दलहीनश्चलेत् कथम् ?**
**दलहीनश्च किं कुर्यात् ? दलहीनो न जीवति ॥**

×

**उदेति निर्दलः सूर्यो जलं वहति निर्दलम् ।**
**सूर्यस्तापं जलं शीतमर्पयेते निरन्तरम् ॥**

**'सारस्वत वैभवम्'** काव्यका **'वाग्वैभवम्'** र **'अरुन्धतीसंस्तवः'** भन्ने तेस्रो र चौथो खण्डमा विद्याकी देवी सरस्वती र अरून्धतीको निवास मान्छेको जिभ्रामा हुन्छ । मान्छेको जिभ्राबाट वाणी प्रकट हुन्छ । त्यस्तो विद्याको निवासस्थलमा रक्सी-मासुले होइन, दूध र घ्यूले भर्नुपर्छ भन्ने भाव रहेको छ । काव्यमालिकामै सङ्कलित अर्को प्रबन्ध काव्य **'जगज्जननी वैभवम्'** हो । यसमा प्रारम्भमा **'पुरोवाच', 'उपक्रम'** सहित सात सर्ग छन् । अन्तमा उपसंहार छ । यसमा जगज्जननी महाशक्तिको काव्यात्मक स्तुति रहेको छ । शिवशक्तिको रूपमा चित्रण स्तवन गर्दा नेपालको चित्रण पनि सुन्दर शैलीमा गरिएको छ । कविले आस्तिकतासितै देशभक्तिको भावनालाई पनि मूर्त रूप दिएका छन् ।

यसै संग्रहमा कविको **'वंशदर्शनम्'** नामक प्रबन्धकाव्य पनि रहेको छ । यसमा **'आमुखम्', 'मङ्गलम्'** का अतिरिक्त चार सोपान छन् जसमा ३८५ श्लोकहरू रहेका छन् । **'आमुखम्'** मा वंशवर्णन गर्न प्रारम्भ गरेको सूचना छ भने **'मङ्गलम्'** मङ्गलाचरण हो जसमा सर्वप्रथम पिता भीमकान्त र माता नीलमायालाई शिवशक्तिस्वरूप मानेर प्रदक्षिणा गर्ने इच्छा व्यक्त भएको छ । आफ्नो वंशप्रति आदर श्रद्धाभावबाट काव्य प्रारम्भ भएको छ । यस काव्यमा पितापुत्रीको प्रश्नोत्तरबाट वंशवर्णन गरिएको छ । प्रथम सोपानमा जेठी छोरी भक्तिका प्रश्नको उत्तर दिदै भारद्वाज गोत्रीय वंशपरम्परा र पन्थी थरको उत्पत्तिको वर्णन छ । द्वितीय सोपानमा माहिली छोरी भावनाका प्रश्नको उत्तर दिदै कवि पिताले भारद्वाज गोत्रीय पन्थी-वाग्लेका हाँगाबिंगाहरूको वर्णन गरेका छन् । तृतीय सोपानमा साहिली छोरी साधनाका प्रश्नहरूको उत्तर दिदै कविले बडाचौरे

पन्थीहरूको वर्णन गरेका छन् । यसमा आफ्ना पिता भीमकान्त, पितृव्य नीलाम्बर र शेखरनाथका विद्वत्ता र प्रख्यातिको चर्चा गरिएको छ । चतुर्थ सोपानमा कान्छी छोरी चेतनाका प्रश्नहरूको उत्तर दिदै कविले विभिन्न स्थानमा छरिएका पन्थीहरूका वंशको वर्णन गर्दै अन्तमा तम्घासे पन्थीहरूको वंशविस्तारको वर्णन गरेका छन् ।

यस सानो टिपोटमा **'काव्यमालिका'** को समीक्षा सम्भव छैन । सामान्य परिचयको लागि जमर्को गरिएको छ । सुरभारतीमा काव्यात्मक रूपमा प्रस्तुत 'काव्यमालिका' ले प्राचीनता र आधुनिकता दुबैलाई सम्भाएको छ । यसले धेरै विषयवस्तु समेटेको छ । विषयहरू साधारण पनि छन् तर कविताहरू साधारण छैनन् । यसमा सङ्कलित सबै कविताहरू परिष्कृत र परिमार्जित छन् र तिनले नीति, सद्भाव र धर्मको बाटो बताएका छन् । स्ववंश, स्वजाति, स्वदेश, स्वधर्मप्रति आदरभाव, पितृभक्ति र आध्यात्मिकता यस कृतिका वर्ण्य विषय हुन् भन्न सकिन्छ । कविको भाषामा अधिकार, शास्त्रज्ञान, सृजन सामर्थ्यले स्वतः कविको वैदुष्य प्रकट हुन्छ । कविता पढ्दा कालिदास, भारवि र वाल्मीकिको स्मरण हुन्छ । सहजता, आलङ्कारिकता, काव्यचातुर्य, दार्शनिकता र आस्तिक भाव कवि पन्थीका उल्लेखनीय पक्ष हुन् । विद्यादेवीले सदा उनलाई वरदान दिइरहून् । लक्ष्मीदेवीले उनलाई सदा यश, ऐश्वर्य प्रदान गरिरहून्, जगज्जननीले सदा उनलाई स्वस्थ बनाऊन् भन्ने कामना गर्दै सदा उनका मनमुग्धकारी कविता पढ्न पाइरहूँ भन्ने इच्छासाथ कविको सुस्वास्थ्य र दीर्घजीवनको लागि जगन्नीयन्तासँग प्रार्थना गर्छु ।

ooo

**काठमाडौं र बुटवलका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहकहरूले निम्नलिखित पुस्तक पसलबाट आफ्नो परिचय-पत्र देखाएर विवरण लेखाई 'हाम्रो पुरुषार्थ' पत्रिका बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।**

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**
भक्तपुर बसस्टप नजिकै
बागबजार, काठमाडौं
फोन नं. ४२४१४८५/२६०९०६

**हिमालय बुक्स हाउस**
मणिपथ, मिलनचोक, बुटवल-११, रूपन्देही
फोन नं. ०७१-५४१००९

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**
किरण पुस्तकालय, तम्घास, गुल्मी

# जिन्दगी

✍ विनोद नेपाल
पोखराथोक, पाल्पा

भयंकर जंघार,
कहाली लाग्दा गल्छेंडा
डरलाग्दा भीर,पहराहरू,
एक पछि अर्को गरी,
पार गर्दै उचाइ चुम्दा,
अगाडि,
अभावका चुचुराहरू,
यही त हो जिन्दगी हामीले भोगेको,
यही न हो जिन्दगी हामीले बुझेको ।
तर
झेल्दैझेल्दै यिनै सब,
जब पुगी नै सकियो त्यहाँसम्म भने,
किन अत्तालिनु ?
किन हतासिनु ?
यही हो जिन्दगी
यही हो नियति,
हाँस्नुपर्छ यिनैसँग,
बाँच्नुपर्छ यिनैबीच,
रमाउनुपर्छ यिनैसंगको सहयात्रामा
खै के नै पो छ र !
यसको अर्को विकल्प ?
आखिर,
संघर्षको अर्को नाम त हो जिन्दगी ।

ooo

# बालकृष्ण समको 'मुकुन्द इन्दिरा' नाटकमा रस संरचना

✍ **डा. शंकरप्रसाद गैरे**
**उप-प्राध्यापक : त्रिभुवन बहुमुखी क्याम्पस,**
**तानसेन, पाल्पा**

## १.१. लेखक परिचय

नेपाली साहित्यका प्रथम आधुनिक नाटककार बालकृष्ण समको जन्म वि.सं. १९५९ साल माघ २४ गते समर शमशेर र कीर्तिराज्यलक्ष्मीका पुत्रका रूपमा ज्ञानेश्वर काठमाडौंमा भएको हो (भट्टराई, २०४० : २१८) । तत्कालीन दरबार हाइ स्कूलबाट कक्षा दशसम्मको अध्ययन गरी कलकत्ताबाट म्याट्रिक उत्तीर्ण गरेका समले त्रिचन्द्र कलेजबाट आइ.एस्सी. सम्मको औपचारिक शिक्षा प्राप्त गरे । पारिवारिक परम्पराअनुसार सैनिक सेवामा संलग्न हुनुपरेकोले उनले औपचारिक शिक्षालाई अगाडि बढाउन सकेनन् तापनि स्वाध्ययनको बलले ज्ञान, विज्ञान र कलाको क्षेत्रमा राम्रो दक्षता हासिल गरे । समको योग्यता, क्षमता र नेपाली साहित्यको क्षेत्रमा उनले गरेको योगदानको कदर गर्दै त्रिभुवन विश्वविद्यालयले साहित्य विद्यावारिधि (विशेष उपाधि, २०२९) प्रदान गऱ्यो (उही)। नेपाली साहित्यमा नाट्यसम्राट्को उपाधिद्वारा विभूषित समले दर्जनौं पूर्णाङ्की नाटक तथा एकाङ्की नाटकहरू सिर्जना गरेका छन् । चिसो चुल्हो जस्तो महाकाव्य लेखेर प्रयोगवादी महाकविको रूपमा स्थापित बनेका सम नेपाली कविताको क्षेत्रमा परिष्कारवादी दार्शनिक कविव्यक्तित्वको रूपमा परिचित छन् । आधुनिक नेपाली निबन्धको क्षेत्रमा वस्तुपरक निबन्ध लेखनका अग्रणी स्रष्टाका रूपमा परिचित सम यथार्थवादी कथाकार, अनुवादक तथा समीक्षक हुन् । नेपाली साहित्यको सेवा गरेबापत समलाई साझा पुरस्कार (२०२८), गोरखा दक्षिणबाहु (२०२८), त्रिभुवन पुरस्कार (२०२९), पृथ्वी प्रज्ञा पुरस्कार (२०३५) द्वारा सम्मानित गरिएको छ (लुइटेल, २०५४ : १३९) ।

बालकृष्ण समको साहित्ययात्राको थालनी कविता लेखनबाट भएको हो । तत्कालीन दरबारको नाट्यमञ्चीय वातावरणबाट प्रभावित सम नाटक लेखनमा आकर्षित भए र यसै विधाबाट आफूलाई नेपाली साहित्यमा स्थापित गर्न सफल भए । रचनाका दृष्टिले उनको पहिलो नाटक **मिलिनद** हो, जुन प्रकाशित हुन सकेन । समको दोस्रो नाटक **तानसेनको झरी** हो । १९७९ मा लेखिएको यो नाटक २०२७ सालमा मात्र प्रकाशित भयो । लेखनका दृष्टिले समको तेस्रो

नाटक मुटुको व्यथा प्रकाशनका दृष्टिले पहिलो हो । १९८६ सालमा प्रकाशित यो नाटक एकातिर बालकृष्ण समलाई नाटककारको रूपमा चिनाउने पहिलो औपचारिक कृति हो भने अर्कोतिर नेपाली नाटकलाई आधुनिककालमा प्रवेश गराउने तथा नेपाली नाटकमा पश्चिमेली दुःखान्त नाट्यप्रवृत्तिलाई भित्र्याउने पहिलो मौलिक नाटक हो । यस नाटकले बालकृष्ण समलाई प्रथम आधुनिक नाटककारको रूपमा चिनाएको छ । पूर्वीय नाट्य प्रवृत्तिको दृष्टिकोणले **प्रह्लाद** (१९९५) समको सर्वाधिक लोकप्रिय नाटक हो भने **प्रेमपिण्ड** (२००९) पाश्चात्य दुःखान्त महानाटकको रूपमा सर्वाधिक चर्चित छ । उनलाई नेपाली नाटकको क्षेत्रमा स्थापित गर्ने अन्य चर्चित नाटकहरूमा **ध्रुव** (१९८६), **मुकुन्द इन्दिरा** (१९९४), **अन्धवेग** (१९९६), **भक्त भानुभक्त** (२०००), **म** (२००६), **अमरसिंह** (२०१०), **तलमाथि** (२०११), **अमित वासना** (२०१६), **भीमसेनको अन्त्य** (२०३३), **मोतीराम** (२०३३), **स्वास्नीमान्छे** (२०३४), **ऊ मरेकी छैन** (२०३५) पूर्णाङ्की हुन् भने एकाङ्कीतर्फ **बोक्सी** (१९९९), **भतेर** (२०१०), **तपोभूमि** (२०१४), **चार एकाङ्की** (२०२०), **माटोको ममता** (२०२६), **बिरामी र कुरुवा** (२०२७) प्रकाशित छन् ।

बहुसङ्ख्यक नाट्यकृतिहरूको लेखन तथा प्रकाशन गरेका समका नाट्यकृतिहरू विविधताले युक्त छन् । उनका नाट्यकृतिहरूलाई आयामका दृष्टिले पूर्णाङ्की र एकाङ्कीमा विभाजन गर्न सकिन्छ । लयका दृष्टिले समका नाटकहरूलाई गद्य र पद्य नाटकमा विभाजन गर्न सकिन्छ । यस आधारमा **प्रह्लाद** आदि पद्य र प्रेमपिण्ड आदि गद्य नाटकअन्तर्गत पर्दछन् । यिनका **मुकुन्द इन्दिरा** आदि कतिपय नाटकमा गद्य पद्यको मिश्रण पाइन्छ । अन्त्यका दृष्टिले समका नाटकहरू सुखान्त र दुःखान्त प्रवृत्तिका देखिन्छन् । **प्रह्लाद**, **मुकुन्द इन्दिरा** आदि सुखान्त नाटक हुन् भने **मुटुको व्यथा, प्रेमपिण्ड** आदि दुःखान्त नाटक हुन् । विषयका दृष्टिले यिनका नाटकहरू तीन प्रकृतिका छन् - ऐतिहासिक (जस्तै : **भीमसेनको अन्त्य, अमरसिंह** आदि), पौराणिक (जस्तै : **प्रह्लाद, ध्रुव** आदि) र सामाजिक (जस्तै : **मुटुको व्यथा, मुकुन्द इन्दिरा** आदि) । समका नाट्यकृतिहरूलाई अझ सूक्ष्म रूपमा पनि विभाजन गर्न सकिन्छ ।

## १.२. कृति परिचय

समका नाटकहरूमध्ये **मुकुन्द इन्दिरा** पूर्णाङ्की नाटक हो । लेखनका दृष्टिले पाँचौँ र प्रकाशनका दृष्टिले तेस्रो समको यो नाटक १९९४ सालमा प्रकाशित भएको हो । सामाजिक विषयवस्तुमा आधारित भएर लेखिएको यो नाटक प्रकाशनका दृष्टिले नेपाली साहित्यकै पहिलो आधुनिक सुखान्त नाटक हो (सुवेदी, २०५९ : ९१) । पाँच अङ्कमा विभक्त यस नाटकमा पहिलो अङ्कमा तीन, दोस्रो अङ्कमा तीन, तेस्रो अङ्कमा पाँच, चौथो अङ्कमा चार र पाँचौँ अङ्कमा तीनवटा गरी जम्मा

अठारवटा दृश्यहरू छन् । प्रत्येक दृश्यमा मञ्चसंरचनाको समेत स्पष्ट उल्लेख गरिएको यस नाटकमा गद्य र पद्य दुबै भाषाको प्रयोग भएको छ ।

## १.३. रससिद्धान्त

साहित्य सिर्जनाका विभिन्न प्रयोजनहरूमध्ये एउटा महत्त्वपूर्ण प्रयोजन पाठकलाई आनन्द प्रदान गर्नु हो । नाटकको सन्दर्भमा आनन्द प्राप्त गर्ने पाठकहरू नभई दर्शक हुन्छन् । अभिनेता अभिनेत्रीहरू (अर्थात् नाट्यकलाकार/पात्रहरू) ले अभिनयको माध्यमबाट दर्शकहरूलाई आनन्द प्रदान गर्दछन् । रङ्गमञ्चमा पात्रहरूले गर्ने अभिनयबाट उत्पन्न हुने प्रेम, घृणा, क्रोध, वितृष्णा, भय आदिलाई पूर्वीय नाट्यशास्त्रमा रस भनिएको छ । पूर्वीय नाट्य (काव्य) शास्त्रमा रसको विस्तृत विवेचना गरी रस सिद्धान्तको स्थापना गर्ने प्रथम आचार्य भरतमुनि हुन् (उपाध्याय, २०५५ : १९) । पूर्वीय काव्यशास्त्रीहरूले नौवटा रसको चर्चा गरेका छन् :- शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, अद्भुत, वीभत्स र शान्त । यी रसहरूमध्ये कतिपय रसहरूका भेद उपभेदहरूसमेत देखाइएका छन् । भरत मुनिले रसनिष्पत्तिलाई नै नाट्यसिर्जनाको प्रमुख उद्देश्य मानेका थिए तर आधुनिक साहित्य सिद्धान्तहरूमा प्रत्यक्ष रूपमा रसलाई महत्त्व दिइएको र रसकेन्द्रित नाट्यसमालोचना गरिएको देखिँदैन (उपाध्याय, २०५० : ६३) । नाट्यकृतिको समीक्षाका क्रममा रस सिद्धान्तलाई महत्त्व नदिइए पनि रसविहीन नाट्यसिर्जना हुन सक्दैन (उही) । कुनै पनि नाटकमा एक वा अनेक रसहरू प्रतिपादन भइरहेका हुन्छन् । कतिपय नाटकमा एकाधिक रसहरू अङ्गी रसको रूपमा प्रतिपादन भइरहेका हुन्छन् तापनि प्रायः नाटकहरूमा कुनै एक रस अङ्गी रस र अन्य केही रसहरू अङ्ग रसको रूपमा प्रयोग भएको पाइन्छ ।

## १.४. मुकुन्द इन्दिरामा शृङ्गार रस

समका नाटकहरूमध्ये रसप्रतिपादनका दृष्टिले 'मुकुन्द इन्दिरा' नाटकको विशेष महत्त्व छ । नवरसहरूमध्ये प्रायः धेरैजसो रसहरूको प्रयोग भएको यस नाटकमा शृङ्गार रस अङ्गी रसको रूपमा प्रयोग भएको छ । नाटकका मुख्य पात्र मुकुन्द र इन्दिराको वैवाहिक सम्बन्ध र इन्दिराको मुकुन्दप्रतिको एकतर्फी प्रेम यस नाटकको प्रमुख पक्ष हो । त्यसकारण यो नाटक शृङ्गार रसप्रधान बन्न पुगेको छ । **मुकुन्द इन्दिरा** नाटकमा प्रयुक्त शृङ्गार रसलाई विप्रलम्भ शृङ्गार तथा सम्भोग शृङ्गार दुबै कोणबाट हेर्नुपर्ने देखिन्छ । यो नाटक संयोगान्त नाटक भएकोले यसमा सम्भोग शृङ्गारको प्रयोग भएको देखिन्छ । वर्षौंदेखि बिछोड भएका पतिपत्नी मुकुन्द र इन्दिराको मिलन नाटकको सम्भोग शृङ्गार हो । यो नाटक संयोगान्त भएर पनि नाटकलाई विप्रलम्भ शृङ्गार रसप्रधान नाटक मान्नुपर्ने हुन्छ । शृङ्गार रसको स्थायीभाव प्रेम हो । प्रेम **मुकुन्द इन्दिरा** नाटकको मेरूदण्ड

हो । जसलाई नाटकमा इन्दिराको माध्यमबाट प्रस्तुत गरिएको छ । इन्दिराको मुकुन्दप्रतिको प्रेम उच्च तहमा पुगेर भक्तिको रूपमा परिणत भएको छ । आफ्नो पति मुकुन्दले कुनै वास्ता नगरेर तिरस्कृत गर्दा पनि मुकुन्दको आफूप्रतिको तिरस्कारपूर्ण व्यवहारको वास्ता नै नगरी मुकुन्दप्रतिको आफ्नो प्रेमलाई अचल, अविचलित र दृढ राख्ने इन्दिराको प्रेम एकतर्फी प्रेमको रूपमा देखिएको छ । मुकुन्द उच्च शिक्षाको लागि कलकत्ता जानु र इन्दिरालाई कुनै वास्ता नगर्नु, इन्दिराले आफ्नो सामीप्यमा नभएको र आफूप्रति कुनै वास्ता नगर्ने मुकुन्दप्रति देखाएको प्रेम विप्रलम्भ प्रेम हो । पूर्वीय साहित्यशास्त्रमा करुण रसलाई शृङ्गार रसको विरोधी गुण मानिएको छ (उही, ६३) तापनि मुकुन्द इन्दिरा नाटकमा इन्दिराको मुकुन्दप्रतिको एकपक्षीय प्रेमले कारुणिक अवस्थाको सिर्जना गरेको छ । जसले गर्दा यस नाटकमा करुण रस शृङ्गार रसको सहयोगी बनेर प्रस्तुत भएको छ ।

### १.४.१. विप्रलम्भ शृङ्गार

नाटकको आरम्भदेखि नै मुकुन्दप्रति इन्दिराको उच्च प्रेम र मुकुन्दको इन्दिराप्रतिको बेवास्ता देखाइनु, मुकुन्दलाई घर फर्काएर इन्दिरालाई आफ्नो प्रेम प्राप्त गर्ने वातावरण मिलाइदिने भवदेवको प्रयत्नलाई मुकुन्दले सहज रूपमा स्वीकार नगर्नु, इन्दिराको परीक्षण गरेर ऊ उत्तीर्ण हुन सकेमा मात्र स्वीकार्न तयार हुनु, इन्दिरा हरेक परीक्षणमा उत्तीर्ण हुँदै गएपछि झन्भन्दा झन् कठोर परीक्षा लिनुजस्ता नाटकीय घटनाहरूमा इन्दिराको प्रेम झन्भन्दा झन् बढी खारिएर देखिएको छ । इन्दिरा प्रेम परीक्षणमा उत्तीर्ण हुँदै गएपछि ग्लानिबोध गरेको मुकुन्दले उल्टै प्रायश्चित्तको नाममा जोगी भएर जीवन बिताउने विचार व्यक्त गर्नु र इन्दिरालाई खुकुरी प्रहार गरेर आफूलाई मार्न प्रेरित गरेका घटनाहरू, इन्दिराले हतियार प्रयोग गरेर मुकुन्दलाई घाइते तुल्याइदिनुले नाटकमा वियोगान्तको सम्भावनालाई प्रतिक्षण तीब्र रूपमा विकसित गर्छ । त्यसकारण यस नाटकलाई विप्रलम्भ शृङ्गार रसप्रधान नाटक मान्नुपर्ने हुन्छ ।

यस नाटकमा इन्दिराले मुकुन्दलाई कति माया गर्छे भन्ने कुरा कतिपय ठाउँमा इन्दिराको कुरा र व्यवहारबाट प्रकट भएको छ भने कतिपय ठाउँमा अन्य पात्रको माध्यमबाट प्रस्तुत भएको छ ।

मुकुन्दसँगको वियोगको कारण उत्पन्न इन्दिराको अवस्थाप्रति चिन्तित इन्दिराका ससुरा (मुकुन्दका पिता) रूपनारायण यस्तो भन्छन् - "शृङ्गारको जुनसुकै वस्तु होस्, उसको जीउ छुनेबित्तिकै जोगी देखिन्छ-लुगाको रातो रङ्ग । उसले लाउने बित्तिकै गेरू हुन्छ । उसको निधारको सिन्दूर विभूति देखिन्छ । उसको घाँटीलाई बेर्नासाथ मालाको मुगा रुद्राक्ष बन्दछन्, तर ऊ चाहिँ जोगिनीको झोलीभित्र

लुकेको पवित्र शृङ्गार जस्तै देखिन्छे" (सम, २०५५ : ७) । पतिवियोगको चिन्ताले वियोगिनी बनेकी इन्दिराको अवस्थाका विषयमा रूपनारायणको यो अभिव्यक्ति जीवन्त छ । यौवनावस्थामा पतिको सान्निध्य, माया/प्रेम पाउनुपर्नेमा उल्टै पतिबाट तिरस्कृत बनेर पनि पतिप्रतिको आफ्नो प्रेम रत्तिभर कम हुन नदिनुले वियोगमा जलेकी इन्दिराको जीवन पतिप्रेमी वियोगिनीबाट पतिभक्त योगिनीमा परिणत बन्न खोजेको छ, जसले गर्दा शृङ्गार जोगीजस्तो, रातोरङ्गको लुगा गेरूजस्तो, सिन्दूर विभूतिजस्तो, मुगाको माला रुद्राक्षजस्तो देखिन पुगेको छ तर त्यस्तो भक्तिमा विलुप्त जोगीको झोलीभित्र इन्दिराको पतिप्रेम र उसकै प्रतीक्षा गरिरहेको शृङ्गार लुकेको छ ।

इन्दिरा मुकुन्दलाई औधी माया गर्छे । इन्दिराको मुकुन्दप्रति कति माया छ भन्ने कुरा रामायणको पुस्तकभित्र उसले मुकुन्दको तस्वीर राख्नुबाट पनि स्पष्ट हुन्छ । पुस्तकभित्रको रङ्ग उडेर नचिनिने भएको उक्त तस्वीरलाई सङ्केत गर्दै भवदेव भन्छन्–

> **केही आकारले मान्छे हो कि शङ्का छ, त्यत्ति हो,**
> **नत्र कागज हो खालि अथवा तसवीर हो,** *(उही : १०)*

यस अभिव्यक्तिबाट त्यो तस्वीरको अवस्था कस्तो छ भन्ने सहज रूपमा बुझ्न सकिन्छ । भवदेवको भनाइको प्रत्युत्तरमा रूपनारायणको अभिव्यक्ति, "परन्तु इन्दिरा आफ्नो मुकुन्द यसमा सफा देख्दी हो" (उही) । बाट इन्दिराको मुकुन्दप्रतिको प्रेमको उचाइलाई चिनाउँछ । पतिप्रेममा चुर्लुम्म डुबेकी इन्दिरालाई पति मुकुन्दको सुन्दर तस्वीर चाहिँदैन बस एउटा कागजको टुक्रा जो कहिल्यै मुकुन्दको तस्वीर थियो त्यसैलाई मुकुन्दको सुन्दर तस्वीर मानेर अरूबाट लुकाएर राख्नु पतिप्रेमको उच्च प्रस्तुति हो । छद्मभेषी मुकुन्दले सञ्चै छ ? भनी सोद्धा "यदि सञ्चो छ उहाँलाई भने सब, संसारलाई सञ्चै छ" (उही : ५७) भन्नुले इन्दिराको प्रेम मुकुन्दप्रति कति गहिरो छ भन्ने प्रस्ट हुन्छ ।

इन्दिराको अवस्था बुझ्ने उद्देश्यले उसको कोठामा गएका भवदेव र इन्दिराको कुराकानीका क्रममा मुकुन्दले आफूलाई वास्ता नगरेको भनी भवदेवलाई दुःखेसो पोख्छे । "के गर्ने त तिमी भन" भनी भवदेवले प्रश्न गर्दा "पाए जान्थेँ उहीँ आफै" (उही : १२) भन्ने इन्दिराको अभिव्यक्तिमा इन्दिरा मुकुन्दलाई भेट्न कति आतुर छे भन्ने प्रष्ट हुन्छ । कुनै पनि प्रेमीका वा पत्नी जब प्रेमी वा पति वियोगमा व्याकुल हुन्छन्, उनीहरूलाई कतिखेर (कतिछिटो) प्रेमी/पतिलाई भेटुँ भन्ने ध्याउन्ना हुन्छ । उपर्युक्त इन्दिराको मुकुन्दलाई भेट्ने आतुरता पनि त्यही अवस्था हो ।

पतिवियोगले आहत इन्दिराको दयनीय अवस्था देख्न नसकी मुकुन्दलाई खोजेर ल्याउने निर्णय गरी हिँड्न लागेका भवदेवले के सन्देश पठाउँछ्यौ ? भनी सोद्धा केही नबोलेर खाटमा घोप्टो परी रोएकी इन्दिरालाई देखेर "भैगो यो आँसु नै होला तिम्रो सन्देशको मसी" (उही : १२) भन्नुले इन्दिरा मुकुन्दलाई कति माया गर्छे भन्ने भवदेवले समेत राम्रोसँग बुझेका छन् भन्ने देखिन्छ । प्रिय पतिलाई सन्देश पठाउन नसकी घोप्टो परी रूनुले पति वियोगको पीडा र दुःख इन्दिरालाई कति छ भन्ने देखिन्छ ।

इन्दिरासँग बिदा मागी भवदेव कोठाबाट निस्किएपछि एक्ली इन्दिरा भन्छे-

**तपाईँलाई सञ्चै छ ? के यो सोधी पठाउने,**
**यहाँ मलाई सञ्चै छ, कि यो भनी पठाउने ?**
**केही लेखी पठाऊँ या खालि यो मुखले कुरा,**
**कि दुबै कि दुबै बाद, के संचार पठाउने ?** ***(उही : १४)***

पति मुकुन्दले तिरस्कार गर्दा पनि झिनो आशा बोकेर बाँचेकी इन्दिराले समाचार पठाउनुको कुनै औचित्य देख्दिन अर्थात् उसलाई लाग्दो हो भेट्नै पर्ने बेलामा पनि केको समाचार ? छद्मभेषी मुकुन्दले इन्दिराको आफूप्रतिको प्रेममा विचलन ल्याउने प्रयासमा उसको सुन्दरताको प्रशंसा गरेर शृङ्गार गर्न अनुरोध गर्दा पत्नीको शृङ्गार सर्वस्व नै पति हो भन्नुले इन्दिराको पतिप्रति कति माया छ भन्ने देखाउँछ । इन्दिराको "पतिभक्ति त मर्दैन पापी पति भए पनि" (उही : ९२) भन्नुले पनि उसको मुकुन्दप्रतिको माया र मोहलाई चिनाउँछ । हरेक व्यक्तिले अरूलाई आफ्नै जीवन र दुःख-सुखसँग जोडेर हेर्दछ । इन्दिराको लागि जीवनको सबैभन्दा ठूलो दुःख पतिवियोग हो । त्यसकारण कोठामा राख्न ल्याएको चरालाई उडाएर स्वतन्त्र बनाउँदै "लौ, जा, त, जा जहाँ तेरा प्यारा छन्, जा सुगा पनि, जाओ सबै" (उही : ७६) भन्छे । छद्मभेषी मुकुन्दले इन्दिराको पतिप्रेमलाई विचलित गर्न लाख प्रयत्न गर्दा पनि बरू मर्न र मार्न तयार हुन्छे तर आफ्नो पतिप्रतिको प्रेमलाई सुरक्षित राख्छे । नाटकमा इन्दिराद्वारा दर्शाइएका यी सम्पूर्ण प्रेमहरू मुकुन्दसँगको वियोगावस्थामा केन्द्रित छन् र एकतर्फी प्रेमको रूपमा प्रस्तुत भएका छन् । त्यसकारण नाटकमा प्रस्तुत गरिएको इन्दिराको यस प्रकारको पतिप्रेमलाई विप्रलम्भ शृङ्गार भन्नु उपयुक्त देखिन्छ ।

## १.४.२. संभोग शृङ्गार

इन्दिराको पति मुकुन्दसँगको वियोग भइसकेको अवस्थामा प्रारम्भ भई अन्तिम दृश्यको मध्यसम्म पनि प्रेममिलन नभएको र हरपल इन्दिरालाई मुकुन्दको प्रतीक्षा

रहेको यो नाटक विप्रलम्भ शृङ्गारप्रधान नाटक हो भने नाटकको अन्त संयोग शृङ्गारमा भएको छ । आफ्नो सतीत्व र पति प्रेमको रक्षाका लागि इन्दिराले खुकुरी प्रहार गरेपछि भवदेवले "हो है तिम्रो मुकुन्द त्यो" (उही : ११८) भन्दछन् र मुकुन्द इन्दिराको मिलन हुन्छ । घाइते भएर खाटमा सुतेको मुकुन्दको अगाडि खाटमुनि बसेर "दुखेको के कम भो ? कि छ उत्तिकै ? अगिभन्दा दुखेको पो छ कि ?" (उही : १२३) भन्ने अभिव्यक्तिमा आइपुग्दा इन्दिराको प्रेम सम्भोग प्रेममा परिणत भएको छ । मुकुन्दको टाउकोमा लागेको घाउमा सङ्केत गर्दै पाक्ने पो हो कि भनी इन्दिराले चिन्ता व्यक्त गर्दा मुकुन्दले -

**यो**
**घाउ मेरो तिमी नै हौ, पाकी दिक्क भयौ भने**
**म बाँच्ने छैन, अहिल्यै तिमी शान्त रह्यौ भने**
**निको भइसक्यो** *(उही)*

भन्ने अभिव्यक्तिमा एकातिर मुकुन्दले इन्दिरासँग गरेको व्यवहारप्रति आत्मग्लानि गरेको बोध हुन्छ भने अर्कोतिर इन्दिरालाई माया गरेर खुसी राख्ने प्रयत्न गरेको देखिन्छ । इन्दिराले -

**पुतलीका पखेटाझैँ भएर दुईतर्फका**
**अब हामी सँगै हिँड्ने कैले पनि नछुट्टिने**
**है त ?** *(उही : १२४)*

भन्नुमा जीवनभरिकै लागि संयोगको प्रस्ताव छ । नाटककै अन्तिम संवादको रूपमा प्रयोग भएको इन्दिराको अभिव्यक्तिमा -

**म हातले**
**फूल लेख्नु, तपाईंको आङ्मा, कुन फूल हो**
**चिन्नोस् है** *(उही : १२५)*

भनेकी छ । यसबाट इन्दिरा विभिन्न बहानामा मुकुन्दलाई स्पर्श गर्न चाहन्छे र जीवनको लामो अवधिसम्म खपेको वियोग पीडालाई समन गर्न चाहन्छे भन्ने बुझिन्छ ।

## १.५. रौद्र रस

मुकुन्द इन्दिरा नाटकमा अङ्गीरसको रूपमा शृङ्गार रसको प्रयोग भएको छ भने विभिन्न सन्दर्भमा अन्य रसहरूको समेत प्रयोग भएको छ । यस नाटकमा विभिन्न ठाउँमा रौद्र रसको प्रयोग भएको पाइन्छ । नाटकमा सर्वप्रथम छोराद्वारा तिरस्कृत बुहारी इन्दिराको दयनीय अवस्थालाई देखेर मुकुन्दकी आमा धनमती

मुकुन्दप्रति क्रोधित हुन्छिन् । छोरोलाई जन्माएर यही हुन्छ भन्ने थाहा भएको भए यो अवस्थै आउन दिने थिइनँ भन्दै धनमती भन्छिन् -

**दुःख छोरा हुर्किएपछि**
**दिने अवश्य हुन् भन्ने थाहा मात्र भए पनि**
**रसादिहरू खाएर किन दूध बढाउँथैं !**
**रक्त सिद्ध्याउँथैं दूधै बनाई, अनि मर्दथैं**
**एकैचोटी छुटाएर दूध माता दुबै** *(उही : १३)* **।**

मुकुन्दलाई खोज्दै कलकत्ता पुगेका भवदेवलाई जब मुकुन्दका साथीहरूले भेट्न नदिएर आलटाल गर्न थाल्दछन् भवदेव उनीहरूसँग रिसाउँछन् । मुकुन्दको साथी रमेशले मुकुन्दलाई धेरै रक्सी नखान सम्झाउने गरेको विचार व्यक्त गर्दा भवदेव रिसाएर व्यङ्ग्य गर्दै भन्छन् -

"यस्तो मित्रताको निम्ति तपाईँको घरलाई समेत साष्टाङ्ग दण्डवत् छ" (उही : २४) । भोलि भेट्न सकिने मुकुन्दको साथी युसुफको कुरा सुनेर रिसाएका भवदेव भन्छन्, "तिमीहरूलाई आज, हामीलाई भोलि ? तिमीहरू भित्र, हामी बाहिर ? मुकुन्दलाई यहाँ पठाइदेउ कि हामी भित्र आउँछौँ कि खबर पार्सल नेपालमै फिर्ता लिएर जान्छौँ" (उही : २२) । राजामतीले मुकुन्द कहिले आउलान् भनी प्रश्न गर्दा धनमती क्रुद्ध हुँदै -

**दैव जानोस्, कि त्यै जानोस् हो हामी जिउँदै भए**
**फर्कला, सब मुर्दा नै भए के काम फर्कन !**
**ऊ मात्रै सुखले बाँचे भइहाल्यो नि देश नै**
**डुबोस्न उसलाई के खाँचो !** *(उही : ४५)* भन्छिन् ।

छद्मभेषी मुकुन्दले मुकुन्दकै साथी बनेर इन्दिराको अगाडि आई जब प्रेम प्रस्ताव राख्दछ तब इन्दिरा रिसाउँछे र भन्छे -

**आजसम्म तपाईँमा मेरो भक्ति थियो पिता**
**जस्तै नै लाग्दथ्यो मीठो बोली वचनले सधैँ**
**अब त्यो मूर्तिमा देख्छु यमराज भयङ्कर**
**सब भक्ति डढ्यो मेरो** *(उही : ९२)* **।**

इन्दिरालाई पतिप्रेमबाट विचलित बनाउने प्रयत्नमा जब मुकुन्द नानाथरी प्रलोभन देखाएर फकाउँछ, इन्दिरा रिसाएर मेरो पति हिँड्ने यो पवित्र ठाउँमा तपाईँ पापीले नकुल्चनोस् । मैले पाप सुनैँ अब प्रायश्चित्त गर्छु भन्छे । इन्दिरालाई विचलित बनाउन मुकुन्द जति प्रयत्न गर्दै जान्छ र जति-जति नयाँ कुराहरू बनाएर भन्दै जान्छ इन्दिरा छद्मभेषी मुकुन्दप्रति त्यति रिसाएर क्रुद्ध हुँदै

जान्छे । प्रारम्भमा पतिमित्र भएको नाताले अत्यन्तै आदरपूर्वक तपाईँ भनेर सम्बोधन गर्ने इन्दिरा क्रोधको पराकाष्टामा पुग्छे र 'तँ' भनी सम्बोधन गर्न थाल्दछे -

**कराइदिन्छु चण्डाल, घरै फुट्ने हिसाबले**
**हावामा बिजुली पर्ने गरेर अब, भित्रको**
**भकुण्डोमा दबी शत्रु आएको होस्, चिन्हेँ, किन**
**अनुहार लुकाएर भाग् तेरो पापपिण्डको,**
**जा,जा,जा,जा** *(उही : १५)* **।**

मुकुन्दको म तँलाई धोका दिन्छु भन्ने अभिव्यक्तिको प्रतिवादमा इन्दिरा भन्छे -

**मलाई तँ**
**पापीले दिन के सक्लास्, धोखा नै कर्ममा भए**
**म आफै खान्छु त्यो खोस्न तँ सक्दैनन्** *(उही)* **।**

यसरी नाटकको प्रारम्भमा मुकुन्दकी आमा र भवदेवको क्रोध देखिन्छ भने नाटकको अन्त्यतिर छद्मभेषी मुकुन्दप्रति इन्दिराको क्रोध देखिन्छ । नाटकमा प्रायः सबै क्रोधको केन्द्र मुकुन्द बनेको छ । यसरी यस नाटकमा रौद्र रसको प्रयोग भएको छ ।

## १.६. वीर रस

मुकुन्द इन्दिरा नाटकमा वीर रसको पनि प्रयोग भएको देखिन्छ । वीर रसका चारवटा भेद (युद्धवीर, दानवीर, दयावीर, धर्मवीर) मध्ये मुकुन्द इन्दिरा नाटकको भवदेव दयावीर पात्र हो । इन्दिराको अवस्थालाई देखेर भवदेवले इन्दिरालाई "... मै जान्छु, पत्ता लिन्छु, यहाँ अनि सँगै लिएर फर्कन्छु" (उही : १२) भन्नु र रूपनारायण तथा धनमतीसँग **"जाने भएँ तपाईँको छोराको खोजमा म त त्यहीँ यताउता होलान् लिएरै आउँछु यहाँ"** (उही) भन्ने अभिव्यक्तिमा भवदेवको दयाशील चरित्रको परिचय पाइन्छ ।

मुकुन्दसँग भेट भएपछि मुकुन्दले घर फर्कन नमान्दा उसका हरेक कुलतको प्रतिवाद गर्ने भवदेवको विचार वीरोचित छ । रक्सीलाई पशुपतिको जलले फिका पार्ने, रण्डीको गीतलाई वेदध्वनिले बेसुरा पार्ने भवदेवको विचार साहसपूर्ण छ । मुकुन्दको नेपाल गएर इन्दिराको परीक्षण गर्ने र इन्दिरामा सानोसम्म पनि चारित्रिक त्रुटि देखिएमा सधैँभरिको लागि कलकत्ता फर्कने प्रस्तावलाई भवदेवले इन्दिराको चरित्रमाथि विश्वास गरेर स्वीकार्नु साहसपूर्ण छ । छद्मभेषी मुकुन्दले तिमीले आफ्नो यौवन त्यसै नफाल भन्दा युवकहरू देशका लागि आˆनो यौवन समर्पण गर्दछन् भने युवतीहरू तिनै युवकका लागि यौवनको बलि दिन्छन् भन्दै

आफूले जीवनभर मुकुन्दको प्रतीक्षा गर्ने निर्णय गर्नु साहसपूर्ण छ । मुकुन्द इन्दिरा नाटकमा वीर रसले उत्कर्ष त्यतिबेला पाउँछ जतिबेला आफ्नो सत्व जोगाउन इन्दिराले मुकुन्दलाई खुकुरी देखाउँदै मार्छु भन्छे र खुकुरी प्रहार गर्छे । यो एउटी नारीको वीरोचित चरित्र हो । यसरी यस नाटकमा वीर रसको समेत प्रयोग भएको देखिन्छ ।

## १.७. वीभत्स रस

मुकुन्द इन्दिरा नाटकमा वीभत्स रसको पनि प्रयोग भएको छ । रमेशको घरमा विचेत अवस्थामा भेटिएपछि मुकुन्दलाई कोठामा ल्याएर राखेको अर्कोदिन उल्टै मुकुन्दले रक्सी पिउन प्रस्ताव गरेपछि भवदेवले घृणा व्यक्त गरेका छन् । छद्मभेषी मुकुन्दले इन्दिरालाई मुकुन्दप्रति वितृष्णा उत्पन्न गर्नका लागि कपोलकल्पित घटना सुनाउँछ । ऊ भन्छ –

**ऊ एकदिन डेरामा फर्केन, किन हो भनी**
**खोज्दै गएँ सधैँ जान्थ्यो जहाँ त्यो अन्धकारमा**
**लाग्यो ठक्कर खुट्टामा, सलाई जेबमै थियो,**
**बालैँ, देखैँ त्यहाँ हाम्रो मुर्दातुल्य मुकुन्दको**
**मुख चाटिरहेको छ कालो कुकुरले म त**
**रक्सीको गन्धले एकछिन बेहोश नै भएँ** *(उही : ६०)* **।**

## १.८. करुण रस

एउटा रक्सीले विचेत मान्छेको मुख कुकुरले चाट्नु घृणा र वितृष्णाको चरम उत्कर्ष हो । त्यसकारण यस अभिव्यक्तिलाई वीभत्स रसको उत्तमोत्तम नमुना मान्न सकिन्छ ।

मुकुन्द इन्दिरा नाटकको विभिन्न ठाउँमा करुण रसको पनि प्रयोग भएको छ । नाटकमा इन्दिराको जीवनकथा र यौवनको व्यथा नै यस नाटकको प्रमुख कारुणिक पक्ष हो । मुकुन्दको घर नफर्कने चिठी आउनु र छद्मभेषी मुकुन्दले मुकुन्दको विलासीपूर्ण नकारात्मक चरित्र चित्रण गर्नुले इन्दिराको अवस्था बढी कारुणिक बन्न पुगेको छ । राजामतीसँगको संवादमा इन्दिराले भनेका यी अभिव्यक्तिहरू अत्यन्तै कारुणिक छन् –

**बज्यै, हाम्रो जगत्मा जति दुःख छन्**
**स्वास्नीमानिसका पेवा, दाइजो हुन् सबै, जति**
**लोग्नेमानिसका दुःख आइपर्दछ त्यो पनि**
**चोरी मासी चलाएका हाम्रै पेवा र दाइजो**
**हुन् ती । विवाहमा लोग्नेमान्छे हाँसेर हिँड्दछन् ।**

**हामी आँसु झिकी भन्छौं हिड्ने साइतको घडा**
**पार्वतीको गर्भबाट ब्याएदेखि त्यही दिन**
**स्वास्नीमान्छेहरूलाई चिनेको हुन्छ दुःखले,**

**छायाँ जस्तै पिछा गर्छ त्यो दुःख बरू साँझमा**
**छायाँ फिका हुँदै जान्छ अँध्यारोमा बिलाउँछ,**
**दुःख झन् साँझमा पोल्छ अँध्यारोमा जलाउँछ,** *(उही : ४३)* **।**

छद्मभेषी मुकुन्दले मुकुन्दका नकारात्मक कुरा सुनाएर तिमी रोयौ ? भन्दा कहाँ रोएँ ? भन्दैतस इन्दिरा रोएको अवस्था नाटकको कारुणिक पक्ष हो । चौथो अङ्कको दोस्रो दृश्यमा निराश इन्दिराले चराहरू उडाएपछि व्यक्त गरेको अभिव्यक्तिमा करुणरसको प्रयोग छ साथै राजामती र इन्दिराको संवाद कारुणिक छ । समग्रमा यो दृश्य नै करुणरस प्रधान छ ।

## १.९. भयानक रस

यस नाटकमा भयानक रसको पनि प्रयोग भएको छ । भवदेव र पुनाचा मुकुन्दलाई खोज्दै रमेशदासकोमा पुग्छन् तर त्यहाँको वातावरणले त्रसित भवदेव पुनाचालाई भन्छन्, "ज्यापू यहाँको हावा ठीक छैन, आ ढोकैनेर बसौं । खुकुरी एक अङ्गुल जति बाहिर झिकिराख्" (उही : २२) । यस अभिव्यक्तिले भवदेवको मनमा तत्कालीन वातावरणलाई देखेर उत्पन्न भयको प्रस्तुति देखिन्छ । मुकुन्दलाई नेपाल फर्काउने क्रममा रेलवे स्टेशनमा मुकुन्दका साथीहरूलाई सङ्केत गर्दै –

**हामीहरू उता बाटो नलागेसम्ममा यिनी**
**लामखुट्टेहरूबाट डरै हुन्छ अनेक छन्**
**रोगका धरती लीखा जिब्रामा, रोग होस् नहोस्**
**अवश्य चुस्तछन् रक्त चुस्न पाए भने पनि** *(उही : ३७)* **।**

भनेको अभिव्यक्तिमा भवदेवको मनमा कतै मुकुन्दका साथीहरूले उसलाई भड्काएर भगाउने हुन् कि, मुकुन्द घर जान नमान्ने हो कि भन्ने भय सिर्जना भएको देखिन्छ । मुकुन्दले पटकपटक इन्दिराको परीक्षण गरेको देखेर इन्दिरा कतै फसिदिने हो कि भन्ने भय भवदेवको मनमा सिर्जना भएको देखिन्छ । खुकुरी बोकेर राति इन्दिराको कोठामा पुगेको मुकुन्दलाई इन्दिराले खुकुरी प्रहार गरेपछि केही अनिष्ट हुन्छ कि भन्ने डरले भवदेवले "इन्दिरा, इन्दिरा मर्ला खुकुरी खोस झट्ट नै" (उही : ११८) भन्नुबाट मुकुन्दको आचरण देखेर कतै दुर्घटना हुने हो कि भन्ने भय भवदेवको मनमा भएको बुझिन्छ ।

## १.१०. शान्त रस

**मुकुन्द इन्दिरा** नाटकमा कतैकतै शान्त रसको समेत प्रयोग भएको देखिन्छ । घर बिर्सिएको मुकुन्दको स्वभावबाट चिन्तित रूपनारायण र धनमतीलाई सान्त्वना दिन भवदेव भन्छन्, **"विद्यार्थीहरू अध्ययनमा रमाउँदा घर बिर्सिदिन्छन्"** (उही : १३) । त्यसैगरी काशी जान नपाएर असन्तुष्ट भएकी राजामतीलाई रूपनारायण र बूढाले राष्ट्रियताको महत्त्व बताएपछि "नेपालबाट सोझै स्वर्गधाम जान्छु अन्त कतै जान्न" (उही : १०७) भन्ने राजामतीको अभिव्यक्तिमा शान्त रसको प्राप्ति देखिन्छ ।

"बालकृष्ण समका सुखान्त नाटकमा हास्यतत्त्व" शीर्षकको लेख (सुवेदी, २०६० : १४०) मा देवीप्रसाद सुवेदीले हास्यतत्त्वका माध्यमबाट समका केही नाटकहरूको तुलनात्मक विश्लेषण गर्दै "मुकुन्द इन्दिरा नाटकमा नायक मुकुन्द ... को चरित्रमा स्वभावगत हास्यास्पदता बाहिरै टड्कारो रूपमा देखा पर्दछ" (उही) भनेका छन् साथै मुकुन्दको चरित्रमा सतही र उत्ताउलो देखिने हुँदा प्रहसन र विद्रुप हास्य स्वरूपको हास्यको सिर्जना भएको चर्चा गरेका छन् (उही), तर "शारीरिक, मानसिक र भाषिक विकृति वा विसङ्गतिबाट हास्यरस उत्पन्न हुन्छ" (उपाध्याय, २०५५ : ५९) भन्ने हास्यरसको मान्यताअनुसार समग्र मुकुन्द इन्दिरा नाटकमा कतै पनि हास्यरसको प्रयोग भएको देखिँदैन र अझ मुकुन्दको चरित्रबाट त हास्य रसको सिर्जना हुनै सक्दैन । मुकुन्दको स्वभाव र चरित्रले दर्शकको मनमा मुख्यतः दुई प्रकारको स्थायी भाव जाग्रित हुन सक्छ घृणा र क्रोध, तर मुकुन्दको चरित्रलाई देखेर दर्शक हाँस्ने अवस्था कतै पनि देखिँदैन ।

## १.११. निष्कर्ष

पूर्वीय साहित्य सिद्धान्तका नवरसमध्ये मुकुन्द इन्दिरा नाटकमा शृङ्गार रस अङ्गी रसको रूपमा प्रयोग भएको छ र करुण, वीर, रौद्र, शान्त, वीभत्स र भयानक रसहरू अङ्ग (सहायक तथा गौण) रसको रूपमा प्रयोग भएका छन् । यस नाटकमा हास्य र अद्भुत रसको प्रयोग भएको देखिँदैन ।

समग्रमा रस विधानका कोणबाट मुकुन्द इन्दिरा नाटकको विश्लेषण गर्दा के देखिन्छ भने यस नाटकमा शृङ्गार रस प्रधान रसको रूपमा प्रयोग भएको छ । जसमध्ये विप्रलम्भ शृङ्गार रस यस नाटकको अङ्गी रस हो । संभोग शृङ्गार नाटकको समाप्ति बन्न पुगेको छ । अन्य केही रसहरू (करुण, रौद्र, वीर, भयानक, वीभत्स र शान्त) सहायक/अङ्ग रसको रूपमा प्रयोग भएका छन् । समका नाट्यकृतिहरूमध्ये मुकुन्द इन्दिरा नाटकलाई रसविधानको कोणबाट उत्कृष्ट नाट्यरचनाको रूपमा लिन सकिन्छ । एउटै नाटकभित्र प्रायः धेरै रसको समावेश गर्न सक्नु यस नाटकका सन्दर्भमा बालकृष्ण समको महत्त्वपूर्ण पक्ष हो ।

## सन्दर्भसूची


उपाध्याय, केशवप्रसाद (२०५०), **विचार र व्याख्या**, काठमाडौं : साझा प्रकाशन।

(२०५५), **पूर्वीय साहित्य सिद्धान्त**, काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, घटराज, (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेशनल रिसर्च एशोसिएट्स ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०५४), **नेपाली एकाङ्की**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सम, बालकृष्ण, (२०५५), **मुकुन्द इन्दिरा**, काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, देवीप्रसाद, **'नाटकीय फलप्राप्तिका दृष्टिले समका केही दुःखान्त नाटकहरू', गरिमा**, (वर्ष २१, अङ्क ३, फागुन, २०५९), पृ. ८६-९२ ।

**'बालकृष्ण समका सुखान्त नाटकमा हास्यतत्त्व'**, सम शतवार्षिकी, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६०, पृ. १३७-१४४ ।


ooo


**गुल्मीकै गौरव 'किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को निरन्तरता, विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।**

**न्यू शैलजा कमर्सियल सेन्टर**

तम्घास, गुल्मी

**थोपा थोपा गरेर गाग्री भरिन्छ: तपाईंले थोरै थोरै जम्मा गर्दै गए पनि धेरै हुन्छ ।**

**नियमित रूपमा बचत गर्ने बानी बसाली सहकारी अभियानलाई सफल पार्नुहोस् ।**

**लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**राममन्दिरलाइन, बुटवल-६, रूपन्देही**

फोन : +९७७-७१-५४२०७२, ५४६६७२, फ्याक्स नं. : +९७७-७१-५५००७२

E-mail : lumbinis@yahoo.com, lumbinicop@gmail.com

# कौटिल्यको अर्थशास्त्र र मार्क्सको पूँजी

✍ डा. बाबुराम ज्ञवाली
प्राध्यापक-बुटवल बहुमुखी क्याम्पस
रूपन्देही

## कार्ल मार्क्स

कार्ल हेनरिक मार्क्स जर्मनीको एक मध्यम वर्गीय यहूदी परिवारमा वि.सं. १८७५ (ई.सं. १८१८) मा जन्मेका थिए । उनको पिताको नाम हेनरिक मार्क्स र आमाको नाम हेनरिएत प्रिसबर्ग थियो । उनी छ वर्षका हुँदा तत्कालीन जर्मन सरकारले जबरजस्ती उनको परिवारलाई इसाई बनाइदिएको थियो । धर्म परिवर्तन नगरेमा उनका पिताको जागीर जाने भयले त्यस परिवारले धर्म परिवर्तन गरेको थियो । स्वयं मार्क्सले धर्मगुरु (फादर) हुनका लागि लामो अध्ययन गरेका थिए । मार्क्स ज्यादै अध्ययनशील र खानपिन, लवाइखवाइमा बेवास्ता गर्ने लापरवाह प्रकृतिका व्यक्ति थिए । जसलाई जीवनको हरेक उतार चढावमा एक आदर्श पत्नीले झैं जेनीले साथ दिएकी थिइन् । जुन उनको सहपाठी थिइन् । दुबैले धर्मशास्त्र सँगै अध्ययन गरेका थिए । मार्क्सले आफूभन्दा चार वर्ष जेठी जेनी (जोआना बर्था जूली जेनी वोन वेस्टफलेन) सँग वि.सं.१८९२ मा विवाह गरेका थिए । सुन्दर तथा सुशील जेनी जर्मनीको एक सम्पन्न र राजनीतिक परिवारकी छोरी थिइन् । उनका सातवटा छोराछोरी जन्मेका थिए । गरीबका देवताको रूपमा प्रसिद्ध मार्क्सको जीवनलाई प्रसिद्ध बनाउने व्यक्ति एङ्गेल्स हुन् जुन स्वयं पनि एक ठूला उद्योगपति थिए । धर्मको विरोध गरेका मार्क्सका विचार उनका अनुयायीहरूलाई धर्मशास्त्रभन्दा कम छैनन् ।

मार्क्स एक दार्शनिक हुन् । यद्यपि त्यो दर्शन राखेबापत उनले जर्मनी छोड्नु परेको थियो र लामो सामन्ती परम्परा भएको देश ब्रिटेनमा उनले निर्वासित जीवन बिताएका थिए । जहाँ वि.सं.१९४० मा लिभर क्यान्सरबाट उनको मृत्यु भएको थियो । बर्लिन परखाल नभत्कँदासम्म पूर्वी जर्मनीमा त्यहाँको ठूला नोटमा मार्क्सको तस्वीर अंकित गरिन्थ्यो । बर्लिनमा मार्क्सको एक स्मारक बनाइएको छ ।

## दास क्यापिटल संक्षेपमा

मार्क्सको प्रसिद्ध भएको मुख्य पुस्तक पूँजी हो । जसमा उनले वस्तुको मूल्यमा श्रमको भाग र त्यसभन्दा अतिरिक्त सिर्जना भएको मूल्यको सिद्धान्तको वैज्ञानिक व्याख्या गरेका छन् । अर्थशास्त्रीहरूले पूँजी पुस्तकलाई एक उच्च कोटिको अर्थशास्त्रको रूपमा अध्ययन गर्छन् तर राजनीतिज्ञहरूले उनको राजनीतिक छवि

र कम्युनिष्ट मेनिफेस्टोलाई बढी महत्त्व दिन्छन् । मार्क्सको आर्थिक विचारलाई दुईजनाको बढी प्रभाव परेको देखिन्छ– एडम स्मिथ र डेभिड रिकार्डो । श्रम र पूँजीको सम्बन्धको व्याख्या एडम स्मिथका आर्थिक अवधारणाहरूको व्याख्या नै हो । मार्क्सको अतिरिक्त मूल्य र अनार्जित आयको अवधारणा रिकार्डोको लगान सिद्धान्तको विस्तृत र वैज्ञानिक व्याख्या हो । केन्स र स्याम्युल्सनले मार्क्सका आर्थिक विचारका आधार क्लासिकल सिद्धान्त हुन् भनेका छन् । तर मार्क्सका विचार मौलिक मान्नेहरूले यी विचारको आधारमा रूस र चीनमा भएका क्रान्तिको उदाहरण दिने गर्छन् ।

मार्क्सका आर्थिक विचार दास क्यापिटल भन्ने पुस्तकमा पाइन्छ । जर्मन भाषाको शब्द दास क्यापिटलको अंग्रेजी समानान्तर हो द क्यापिटल अर्थात् पूँजी ।

उनले वि.सं.१८९८ मा प्राचीन रोमन सांस्कृतिक दर्शनमाथि विद्यावारिधि गरेका हुन् । वि.सं.१९१६ मा मार्क्सले जुन क्रिटिक जुर पोलिटिकल इकोनोमी (राजनैतिक अर्थशास्त्रको आलोचना) पुस्तक प्रकाशन गरेका थिए । यसको विस्तृत विषय वस्तुलाई पछि उनले पूँजी भाग एक, भाग दुई, भाग तीनको रूपमा लेखेका हुन् । मार्क्सको जीवनकालमा पूंजीको प्रथम भाग प्रकाशित भयो भने अन्य दुई भागलाई उनका धनी मित्र एङ्गेल्सले उनको मृत्युपछि प्रकाशित गरेका हुन् ।

मार्क्सको जर्मन संस्करणको पुस्तकको पूरा नेपाली अनुवाद यस प्रकार हुन्छ– पूँजी : राजनीतिक अर्थशास्त्रको आलोचना । यसको पहिलो जर्मन संस्करण वि.सं.१९२४ मा प्रकाशित भएको थियो । यसको पाँच वर्षपछि पहिलो अनुवाद प्रकाशित भयो फ्रेन्च भाषामा । यस संस्करणको प्राक्कथनमा उनले फ्रेन्च नागरिकप्रति आफूलाई विशेष समर्पित (डिवोटेड) बताएका छन् । यसको अंग्रेजी संस्करण वि.सं.१९४४ मा र दोस्रो जर्मन संस्करणमा केही संशोधन सहित प्रकाशन गरेका छन् । एङ्गेल्सले यसलाई संशोधन गर्दै वि.सं.१९४७ मा पुनः प्रकाशित गरे । मस्कोबाट हिन्दी संस्करण प्रकाशन भयो । अहिले यस पुस्तकको नेपाली अनुवाद पनि उपलब्ध छ ।

यसका तीन खण्डको विषयवस्तु निम्नप्रकार उल्लेख गरिएको छ । जसले उनको पुस्तकको विषयवस्तु स्पष्ट हुन जान्छ –

**(क) पूँजी प्रथम भाग**

१. वस्तु र मुद्रा
२. मुद्राको पूँजीमा रूपान्तर
३. अतिरिक्त मूल्यको निर्माण
४. निरपेक्ष र सापेक्ष अतिरिक्त मूल्य
५. ज्याला
६. वर्तमानमा पूँजी संचय
७. प्राचीन कालमा पूँजी संचय

## ख) पूँजी द्वितीय भाग

१. पूँजीको संरचना
२. पूँजीको कारोबार
३. सामाजिक पूँजीको पुनर्उत्पादन र परिचक्रण

## ग) पूँजी तृतीय भाग

१. अतिरिक्त मूल्य र नाफा आर्जन
२. नाफाको औसत दर
३. नाफाको दरमा ह्रासोन्मुख प्रवृत्ति
४. वस्तु पूँजी र मुद्रा पूँजीको व्यावसायिक पूँजी र मौद्रिक कारोबार पूंजीमा रूपान्तरण
५. नाफाको ब्याज आय र पूँजीगत नाफा आयमा रूपान्तरण
६. अतिरिक्त नाफाको लगान आयमा रूपान्तरण

## घ) पूँजी चौथो भाग

मार्क्सले मृत्युका वर्ष वि.सं.१९४० मा पूँजी भाग ४ को लेखन प्रारम्भ गरेका थिए । तर त्यो अपूर्ण रह्यो । त्यसलाई अतिरिक्त मूल्यको सिद्धान्त (थ्योरी अफ सर्प्लस भ्यालु) को नामले कार्ल काउत्सकीले सम्पादन गरी प्रकाशित गरेका हुन् । त्यसैले मार्क्सले पूँजीबारे लेखेका केवल तीन खण्ड मानिएका छन् ।

मार्क्सका आर्थिक विचारलाई संक्षेपमा निम्न प्रकारले व्यक्त गर्न सकिन्छ–

### १. द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त

दुई विपरीत विचारको अन्तर्द्वन्द्वले तेस्रो विचार जन्मन्छ भन्ने मार्क्सको अवधारणा छ । मार्क्सले यो अवधारणा हीगेलको सिद्धान्तबाट लिएका हुन् । हीगेलका अनुसार मानव चेतना सृष्टिको वास्तविक सृजनकर्ता हो । चेतना र भौतिक संसारको द्वन्द्वात्मक स्वरूपले निरन्तर सृष्टिको विकास हुँदै जान्छ । तर हीगेलको विपरीत मार्क्सले विचारलाई एक भौतिक तत्त्व मान्दछन् । मार्क्सका अनुसार भौतिक संसार नै विचारमा प्रतिबिम्बित हुन्छ । दुई विपरीत विचारबाट तेस्रो विचार उत्पन्न हुन्छ । नयाँ कुरा सिर्जना हुन दुबैमा अन्तर्द्वन्द्व हुनै पर्छ । अर्थात् थीसिस र त्यसको एन्टी थीसिसबाट जुन नयां कुरा उत्पन्न हुन्छ, त्यो सिन्थीसिस हो । केही समयपछि त्यस सिन्थीसिसको विपरीत अर्को एन्टी थीसिस उत्पन्न भई दुबैमा क्रिया र प्रतिक्रिया हुन्छ । अनि फेरि अर्को सिन्थीसिस उत्पन्न हुन्छ । सृष्टिमा यो प्रक्रिया चलिरहन्छ । तर उनको एउटा मान्यता के छ भने यो प्रक्रिया साम्यवाद नआउञ्जेलसम्मका लागि मात्र हो र त्यस पछि कुनै एन्टीथीसिस उत्पन्न हुँदैन ।

## २. उत्पादन संरचना र उत्पादन चक्र

कुनै पनि समाजमा सामाजिक सम्बन्ध त्यहाँको उत्पादन प्रणालीले निर्धारण गर्दछ । घरेलु उद्योग र परम्परागत उत्पादन प्रणालीले सामन्तवादी उत्पादन प्रणाली निर्माण भए जस्तै मेशीनहरूको आविष्कारसँगै औद्योगिक उत्पादन प्रणालीको विकास हुनजान्छ । यसले मानिसहरूको आपसी सम्बन्धमा क्रान्तिकारी परिवर्तन ल्याइदियो । उदाहरणका लागि ठूला कारखाना निर्माण हुनासाथ काम गर्ने समय, स्थान इत्यादिमा तीव्र परिवर्तन भयो । औद्योगिक शहर बने । श्रमिकहरू एक स्थानमा जम्मा भएर बस्नुपर्ने भयो । उनीहरू परिवारबाट टाढा हुन पुगे । कारखानाका मालिकहरू पनि हुने भएकोले श्रमिक र उद्योगपतिका बीचको एक नयाँ सम्बन्ध स्थापित हुन गयो । यस उत्पादन व्यवस्थालाई उनले पूँजीवादी उत्पादन प्रणालीको नाम दिए । मार्क्सवादी अर्थशास्त्रमा आदिम साम्यवाद, सामन्तवाद, पूँजीवाद इत्यादि शब्दले विशिष्ट उत्पादन प्रणालीलाई नै संकेत गर्छ । यो चक्र साम्यवादबाट प्रारम्भ भई साम्यवादमा अन्त हुन्छ ।

## ३. अतिरिक्त मूल्यको सिद्धान्त

मार्क्सले आफ्नो सिद्धान्तमा अतिरिक्त मूल्यको विस्तृत अध्ययन गरेका छन् । अतिरिक्त मूल्यको मूल अवधारणा एडम स्मिथले प्रतिपादन गरेका हुन् । त्यसै गरी मूल्यको लागत सिद्धान्तको विकास रिकार्डोले गरेका हुन् । यिनै अवधारणाको आधारमा उनले गणितीय उदाहरणसहित अतिरिक्त मूल्यको व्याख्या गरेका छन् । मार्क्सका अनुसार, उत्पादनको प्रमुख साधन श्रम हो, पूँजी त्यसको सहयोगी मात्र हो । बिना श्रम उत्पादन हुन नसक्ने भएकोले उत्पादनबाट प्राप्त आयको सबभन्दा बढी हिस्सा श्रमको हुन्छ । पूंजीपतिले केही नगरी उत्पादनको भाग प्राप्त गर्छ । यहाँ ध्यान दिनु पर्ने कुरा के भने आधुनिक अर्थशास्त्रमा श्रम बाहेक भूमि, पूँजी र उद्यमको हिस्सा पनि समावेश हुन्छ भन्ने मानिन्छ । तथा प्रत्येकको हिस्सा सीमान्त उत्पादकताको आधारमा प्रदान गर्नुपर्छ भन्ने मानिन्छ ।

## ४. वर्ग संघर्षको सिद्धान्त

द्वन्द्वात्मक भौतिकवादको उपसाध्य हो- वर्ग संघर्ष । यसका साथै उत्पादन संरचनाको सम्बन्ध र अतिरिक्त मूल्यले गर्दा श्रमिक र पूँजीपति बीचको अन्तर बढ्दै जान्छ । द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तअनुसार दुबै वर्गबीच जुन द्वन्द्व स्वाभाविक रूपमा उत्पन्न हुन्छ त्यसलाई उनले वर्गसंघर्ष नाम दिएका छन् । श्रमिक वर्ग एक जुट भएमा वर्गसंघर्षमा श्रमिकको विजय निश्चित हुन्छ । श्रमिकको विजयपछि सर्वाहाराको जुन अधिनायकत्व स्थापित हुन्छ, त्यसै वर्ग संघर्ष समाप्त हुन्छ । यो अवस्था आएपछि वर्गहीन समाजको स्थापना हुन्छ । मार्क्सले यस्तो वर्ग संघर्ष पूंजीवादी देशमा हुने भविष्यवाणी पनि गरेका थिए ।

हुन त, उनले गरेको इतिहासको आर्थिक व्याख्या आकर्षक छ तर त्यो अपूर्ण र एकाङ्गी छ । किनभने समाजको गति सरलरेखीय हुँदैन तर के पनि सत्य हो भने मार्क्सको सिद्धान्तलाई पन्छाएर पनि इतिहास एकाङ्गी हुन जान्छ । द्वन्द्वात्मक भौतिकवादले एउटा सत्य के प्रदान गरेको छ भने दुई विपरीत शक्तिहरूको समन्वय नै विश्व निर्माणको आधार हो । पूँजीवादका अन्त्यको उनको अवधारणा भने सत्य ठहरिएन । एक्काइसौं शताब्दीमा पूँजीवादी अर्थतन्त्र आफ्नो नयाँ स्वरूपमा झन् बलियो भयो । त्यो आन्तरिक शक्ति साम्यवादी अर्थतन्त्रमा देखिएन । मूल्य निर्धारणको श्रम सिद्धान्त अर्थशास्त्रमा अपूर्ण मानिन्छ । त्यसै गरी निर्ब्याजी लेनदेन गर्नुपर्छ भन्ने कुरा साम्यवादी देशहरूमा पनि अमान्य छ ।

सारांश के हो भने कतिपय कमजोरीका बावजूद मार्क्सको विचारले अर्थशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्रका घटनाहरूको व्याख्याका लागि दार्शनिक आधार प्रदान गर्छ ।

## कौटिल्य

कौटिल्यको वास्तविक नाम, जन्म स्थान र जन्म मितिबारे विद्वान्हरूमा विवाद पाइन्छ । बौद्ध साहित्यले उनलाई तक्षशिला निवासी मानेको छ । कौटिल्यको शिक्षा दीक्षा तक्षशिलामा भएको थियो र पछि उनी त्यहीं अर्थशास्त्रका आचार्य भएका थिए । कौटिल्यीय अर्थशास्त्रअनुसार उनको खास नाम विष्णुगुप्त हो । कामन्दकका अनुसार कुटल वंशमा जन्मेकोले कौटिल्य र चणकको छोरा भएकोले चाणक्य नाम रहन गएका हो । जीवनीकारहरूका अनुसार, मगधको राजा नन्द एक शक्तिशाली तर अन्यायी राजा थियो । जसको व्यवहारबाट सामान्य मानिसहरू अत्यन्त असन्तुष्ट थिए । सामान्य मानिसहरूको भावनाको प्रतिनिधित्त्व गर्दै अत्याचारी नन्द वंश समाप्त गर्ने शपथ लिएका चाणक्यले चन्द्रगुप्त मौर्यलाई शिष्य बनाई एउटा संगठन खडा गरे । चन्द्रगुप्त मौर्य राजा भएपछि एक विशाल, सम्पन्न र बलियो मगध साम्राज्य स्थापना भयो । चन्द्रगुप्तको नाति सम्राट् अशोक इतिहास प्रसिद्ध राजा हुन् । इतिहासकारहरूले अशोकको साम्राज्य पूर्वमा आसामदेखि, पश्चिममा अफगानिस्तानसम्म र उत्तरमा कश्मीरदेखि दक्षिणमा कलिंगसम्म फैलिएको थियो भनेका छन् । यस साम्राज्यको राजधानी पाटलिपुत्र अर्थात् पटना थियो । वि.सं. ४००-३०० वि.पू. स्थापित यस साम्राज्यको स्थिरता र सम्पन्नता अर्थशास्त्र पुस्तकका सिद्धान्तहरूमा स्थापित भएको हो भन्नुमा अत्युक्ति हुने छैन ।

उनी अविवाहित थिए । त्यस दृष्टिले उनलाई दुःखमा साथ दिने नजीकको पारिवारिक मानिस कोही थिएन । हरेक कार्यका लागि उनी एक्लो थिए । उनलाई विश्वास थियो त आफूले मानी आएको सिद्धान्तप्रति । उनको धन

भनेको केवल ज्ञान थियो । कुनै धनी मानिस उनको साथमा थिएन । आफ्नो समयको सबभन्दा बलियो शासकसंग दुश्मनी गर्नेलाई कसले साथ दिन्थ्यो र ?

जीवनको अन्तमा आफ्नो सबभन्दा विरोधी व्यक्तिलाई मन्त्री पद दिएर स्वयं संन्यास लिई एक सानो कुटीमा आफ्ना जीवनका अन्तिम दिन बिताए भन्ने विवरणले चाणक्य कल्पनातीत अनौठो व्यक्तित्व भएको मानिस भएको स्पष्ट हुन्छ ।

## कौटिल्यीय अर्थशास्त्र - संक्षेपमा

अतीतमा अर्थशास्त्र (राजनीतिक अर्थशास्त्र) एक प्रतिष्ठित विद्या रहिआएको थियो र अनेक आचार्यहरूले संस्कृतमा अर्थशास्त्र नाम गरेका ग्रन्थहरू रचना गरेका थिए भन्ने कुराको प्रमाण कौटिल्यीय अर्थशास्त्रमा उल्लिखित बहुवचन शब्द अर्थशास्त्राणि शब्दबाट स्पष्ट हुन्छ । तर ती कुनै ग्रन्थ उपलब्ध छैनन् । पुराना ग्रन्थमध्ये कौटिल्यीय अर्थशास्त्र मात्र उपलब्ध छ । कौटिल्यीय अर्थशास्त्रको विषय वस्तु व्याख्या गर्ने क्रममा आचार्य कौटिल्यले ११२ स्थानमा पूर्वाचार्यहरूको कथन, सिद्धान्त, विश्लेषण, र उदाहरणहरू प्रस्तुत गरेका छन् । औशनस र भारद्वाजको नाम सात पटक, बृहस्पति, वैशालाक्ष, र पराशरको नाम छ पटक, मनु, वातव्याधि, र पिशुनको पाँच पटक, कौणपदन्तको चार पटक, बाहुदन्तीपुत्र र आम्भीको नाम एक एक पटक सन्दर्भ उल्लेख गरिएको छ । अन्य अज्ञातनाम आचार्यहरूलाई मेरो आचार्य, आचार्य वा अन्य भनी उल्लेख छ । यस्ता आचार्यहरूको नाम ५९ पटक उल्लेख छ ।

## अनुवाद र व्याख्या

वि.सं. १९५९ मा मैसूर राज्यका एक ब्राह्मणले भोजपत्रमा लेखिएको र भट्ट स्वामीका टीकासहितको संस्कृत भाषाको एक ग्रन्थ ओरिएन्टल लाइब्रेरीलाई बुझाएका थिए । (यो पुस्तक आज पनि त्यस पुस्तकालमा सुरक्षित छ ।) पुस्तकालयका तात्कालिक अध्यक्ष डा.रुद्रपत्तनम् श्यामशास्त्रीले मैसूरका राजा बोडियारको आर्थिक सहयोगले सात वर्षको सम्पादनपछि शुद्धता साथ यसको प्रकाशन गरे । उनले नै वि.सं. १९७२ मा पहिलो पटक यसको अंग्रेजी अनुवाद प्रकाशित गरे । वि.सं.२०१६ मा काल्यानोवले रूसी भाषामा यसको अनुवाद गरे । यी पुस्तकहरूका अतिरिक्त हिन्दी, जर्मन, इटालियन र अन्य भाषाहरूमा यसको अनुवाद प्रकाशित भयो । यसरी लगभग ५०० वर्षसम्म अज्ञात रहेको एक महत्त्वपूर्ण ग्रन्थ र पौरस्त्य दर्शनको एक विषय पुनः सार्वजनिक जानकारीमा आयो । त्यसपछि यूरोप र अमेरिकामा यस ग्रन्थको तीव्र प्रचार भयो । नेपालमा अर्थशास्त्र नामक यस अनुपम ग्रन्थको सम्पूर्ण अनुवाद वि.सं.२०२४सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भयो । यसमा लगभग ९०० पृष्ठ छन् ।

यो विशाल ग्रन्थ १५ खण्ड अर्थात् अधिकरणमा विभाजित छ । प्रत्येक अधिकरणमा अनेक अध्यायहरू छन् । कौटिल्यले सुरूदेखि अन्तसम प्रकरणलाई निरन्तरता दिएका छन् । यसरी कौटिल्यीय अर्थशास्त्रमा जम्मा १८० प्रकरणहरू छन् । कौटिल्यले आफ्नो ग्रन्थमा ६००० श्लोकको निबन्ध रचना गरिएको बताएका छन् तर अहिलेसम्म प्राप्त विभिन्न संकलनहरूको श्लोक संख्या ३८० र जम्मा सूत्र संख्या करीब ४८०० हुन आउँछ । कौटिल्यले आजभन्दा २३०० वर्षभन्दा अघि लेखेको राजनीति र अर्थशास्त्रसम्बन्धी यो विशाल ग्रन्थ वि.सं.१५०० सम्म प्रचलित रहेको देखिन्छ । संस्कृत भाषामा मात्र यसका पाँच प्रकारका टीका (व्याख्या) उपलब्ध छन् ।

आफ्नो ग्रन्थको प्रारम्भमा कौटिल्य आचार्य शुक्र र आचार्य बृहस्पतिको प्रति कृतज्ञता ज्ञापन गर्दै सबै विद्यालाई चार भागमा विभाजन गरेका छन्-

**१. आन्वीक्षिकी** – आन्वीक्षिक सबै शास्त्रहरूको गहनतामा प्रवेश गर्नसक्ने ज्ञानको प्रकाश हो । यसले कुनै समस्याको विश्लेषण र समाधानका वैज्ञानिक उपायहरू प्रस्तुत गर्नुका साथै अध्ययनको विषयवस्तुमा उचित के हो र कुन कुरा उचित छैन त्यो छुट्ट्याउने आधार पनि प्रदान गर्छ ।

**२. त्रयी** – त्रयीअन्तर्गत निम्नलिखित तीन वेदहरू पर्दछन्-

(क) ऋग्वेद (ख) यजुर्वेद (ग) सामवेद

यसका अतिरिक्त उनले इतिहासवेदको पनि उल्लेख गरेका छन् ।

**३. वार्ता** – कौटिल्यको विचारमा वार्ताशास्त्रको मुख्य विषयवस्तु कृषि हो । यसका साथै पशुपालन र वाणिज्यलाई पनि उनले वार्तामा समावेश गरेका छन् । यस विवरणले के स्पष्ट गर्छ भने राजकीय अर्थव्यवस्था विषयमा प्राचीन कालमा उत्कृष्टतम लेखन कार्य उपलब्ध थियो । कृषि, पशुपालन, वाणिज्य, राजकीय वित्त, राजकीय र निजी उद्यम व्यवस्था, आर्थिक प्रशासन इत्यादि अनेक आर्थिक क्षेत्रको विस्तृत र वैज्ञानिक विश्लेषण यी अध्यायहरूमा गरिएको छ ।

उनले राज्यका ३६ विभागीय प्रमुखको काम र कर्तव्यको बारेमा उल्लेख गरेका छन् । आन्तरिक र वैदेशिक व्यापारका साथै भूमि व्यवस्था, पूँजी लगानी इत्यादिद्वारा राष्ट्रिय आयमा वृद्धि गर्ने विषयहरू उल्लेख छ । कर संकलन गर्ने शौल्किक, कर विभाग प्रमुख,तथा करारोपणका नियमका बारेमा सूक्ष्म विवरण दिइएको छ । बढी कोषको आवश्यकता पर्दा लिनु पर्ने राजकीय निर्णयहरू, राजकीय कोष लेखाङ्कनका विधि, फाइलिंग प्रणाली र नियमहरूका बारेमा विवरण दिइएको छ । यसबाहेक ज्याला, ब्याज र नाफाका सैद्धान्तिक र कानूनी समाधानहरू प्रस्तुत गरिएको छ ।

**४. दण्डनीति** – राज्यको प्राप्ति, प्राप्त राज्यमा लोक कल्याणकारी काम, आर्थिक प्रगति, अन्य राष्ट्रसंग सन्धि र विग्रहका नीतिहरू बताउने शास्त्रलाई दण्डनीति भनिएको छ । कौटिल्यीय अर्थशास्त्रमा राजकाजको दृष्टिले शासकका व्यवहार र कर्तव्य, मन्त्री, पुरोहित, राजकीय पदाधिकारी, राजदूत र गुप्तचर नियुक्ति सम्बन्धी विषयको विवरण दिइएको छ । यसमा जनपदहरूको स्थापना, किल्ला निर्माण, राजकीय पदाधिकारीका चालचलनको परीक्षा, सेना, कृषि, उद्योग आदिका प्रमुख अधिकारीहरूको काम र कर्तव्यका बारेमा उल्लेख छ । यसका साथै सुगठित र अनुशासित आन्तरिक प्रशासनसम्बन्धी विषयहरूको वर्णन छ ।

शान्ति सुरक्षालाई कौटिल्यीय अर्थशास्त्रमा राज्यको सर्वाधिक महत्त्वपूर्ण काम बताइएको छ । आन्तरिक सुरक्षाका लागि स्थानीय निकाय, सेना, रक्षक, र गुप्तचर निकायहरूको व्यवस्था गरिएको छ । धर्मशास्त्रमा आधारित विधि संहिताको विवरण तथा नाफामुखी व्यापारी, अशान्ति मच्चाउने अपराधी, प्रजापीडक कर्मचारी आदि समाजलाई कण्टक तत्त्वहरूलाई दण्डित गरी तह लगाउने नियमहरूको वर्णन छ ।

## उपसंहार

कौटिल्य र मार्क्स दुबैले प्रतिपादन गरेको दर्शनमा एक समानता छ त्यो के भने दुबैले भौतिक सुखलाई लक्ष्य मानेका छन् । तर दुबैमा अन्तर के छ भने भौतिक सुखका कुरा गर्दा कोटिल्यले धर्मलाई सधैं ध्यानमा राखेका छन् । तर बलियो राज्यसत्ता दुबैको अभीष्ट हो । मार्क्सले केवल सर्वाहाराको अधिकार स्थापनामा ध्यान केन्द्रित गरेका छन् भने कौटिल्यले समाजमा चलिआएका परम्परा तथा धनी गरिब दुबैका हितलाई त्यसबेलासम्म संरक्षण गरेका छन् जबसम्म यी राज्यका हितसंग बाझिंदैनन् ।

मार्क्स र कौटिल्यको तुलना गर्दा के कुरामा पनि ध्यान दिनुपर्दछ भने मार्क्स एक दार्शनिक मात्र हुन् । आफ्ना सिद्धान्तहरूलाई उनले आफैं प्रयोग गरेर परीक्षण गर्न सकेका थिएनन् । मार्क्सको दर्शनलाई लेनिनले धेरै पछि प्रयोगमा ल्याएका हुन् । तर कौटिल्य दार्शनिक मात्र होइनन् । उनी प्लेटो र एरिष्टोटल जस्तै राजधर्मका प्रणेता, तक्षशिला विश्वविद्यालयमा अर्थशास्त्र विषयका प्रमुख आचार्य तथा सामाजिक दर्शनकार मात्र होइनन्, आफ्ना सिद्धान्तको सफल प्रयोगकर्ता पनि हुन् । उनले चन्द्रगुप्त मौर्यलाई राज्य सिंहासनमा राखेर आफ्ना आर्थिक र राजनैतिक सिद्धान्तको सफल प्रयोग गरेर एक बलियो र विशाल साम्राज्य खडा गरे । यी सबैका साथै उनी आर्य संस्कृतिको रक्षार्थ शस्त्र र शास्त्र दुबैको उद्धार गर्ने एक सैनिक, सेनापति, र योद्धा जस्तै कैयौं पटक जीवन जोखिममा हालेर काम गर्ने कार्यकर्ता पनि हुन् ।

ooo

# शिक्षक सपना

✍ **शिवशरण ज्ञवाली**
**चारपाला, गुल्मी**

दिनहुँ मैले सपना देख्छु शिखर चढेको
काली है गंगा लडीबुडी खेल्दै चक्राकार बगेको ।
दिएर हाम्लाई शालिग्राम तिम्ले पवित्र पारेको
ज्योतिको मसाल बोकेर हिडी उज्यालो छरेको ।।

२

सपना खोज्दै हिडेका हामी रोकिनु परेको
वर र पीपल चौतारा मुनि ज्ञान छ रोपेको ।
तिमी नै सक्छौ टिपन भन्ने मलाई छ लागेको
त्यसैले भन्छु टिप है तिम्रै मनभित्रै लेखेको ।।

३

कृष्ण हुन् गुरु सबैका हाम्रा शालिग्राम कुदेका
हामी हौं चेला कालिगढ जस्ता चेतना छरेका ।
सफल हुन्छौं एकदिन न एकदिन कर्ममा जुटेका
आत्मैमा विश्वास हुनु नै पर्छ सबैले भनेका ।।

४

अपमान भोग्दै उपेक्षा भोग्दै ज्ञान नै बाँडेका
हारेका छैनौं भागेका छैनौं डटेर लडेका ।
काँधमा काँध मिलाई हाम्ले कर्ममा खटेका
सम्मान गर्छौ तिमी हौ चेला भविष्य बोकेका ।।

५

सपना यही देखेको मैले सबैलाई सुनाको
शिखर चुमी फर्कने नियम सबैको बनाको ।।

ooo

# महाभारतकालीन नारी शिक्षाको अवस्था र महिला सशक्तीकरणमा शिक्षाको प्रभाव

✍ **मन गहिरे**
**तानसेन, पाल्पा**

धर्मग्रन्थअनुसार भनिन्छ– नारीविना घर आगँन अधूरो हुन्छ । गृहणी विहीन घर जंगल जस्तो हुन्छ । वैदिक कालमा महिला पूर्ण स्वतन्त्र थिए । नारीहरू पनि गुरुकुलमा शिक्षा लिन्थे । ब्रह्मचर्य अनिवार्य थियो र सहशिक्षाको प्रचलन थियो । वैदिक कालका विद्वान् स्त्रीहरूमा विश्ववरा, अपाला, घोषा, लोपामुद्रा, मैत्रेयी र गार्गी हुन् । यिनीहरूलाई ऋषिकै उपमा दिएको पाइन्छ । ऋग्देवमा (अगत्स्य मुनिका साथ) लोपामुद्रा १७९ ऋचाका रचयिता थिइन् ।

घोषाको अझै उल्लेख्य योग्दान पाइन्छ । घोषा कुष्ठरोगबाट पीडित थिइन् । उनले ऋग्वेदको पुस्तक संख्या १० को पूरै दुई अध्याय लेखिन् जसमा प्रत्येकमा १४-१४ श्लोक थिए । वैदिक कालकी महान् दार्शनिक गार्गी तत्कालीन मिथिला राजा जनकको दरबारकै नवरत्नमध्ये एक थिइन् । वेदका अनेक ऋचाका रचनाका साथै उनले गार्गी संहिता नामक पुस्तक पनि लेखिन् । वेदको रचनाको आरम्भ २००० ई.पू. बाट शुरू भएको मानिन्छ । पहिला वेदको ३ भाग गरे । ऋग्वेद, यर्जुर्वेद, सामवेद, यिनीहरूलाई वेदत्रयी पनि भनिन्छ । वेदको विभाजन रामको जन्म हुनुपूर्व पुरूरवा ऋषिको समयमा भएको थियो । पछि अथर्व वेदको संकलन ऋषि अथर्वद्वारा भयो । कृष्णको समयमा आएर वेदव्यासले वेदलाई लिपिबद्ध गरे ।

महाभारतकालीन समयमा आमाको नामबाट सन्तानहरू चिनिदा त्यतिबेला गौरव गरिन्थ्यो । पाँच पाण्डव पाण्डुपुत्रभन्दा बढी कुन्तीपुत्र या कौन्तेय भनेर चिनिए । द्रौपदी महाभारतकी सबैभन्दा चर्चित पात्र हुन् । युधिष्ठिरले द्रौपदीलाई जुवाको दाउमा राख्नु र सभामा उनको अपमान भएका घटनाले फेरि महिलालाई सम्मानजनक स्थितिमा राखे पनि वस्तुसरह व्यवहार गरिएको पाइन्छ । यही प्रसङ्गमा भने महिलाहरू चेतनशील थिए किनकि द्रौपदीको चीरहरण गर्दा नारी जातिको सम्मान र आत्मसम्मानको कुरा गान्धारीले सशक्त रूपमा उठाएकी थिइन् । अधिकारसँगै कर्तव्यका धेरै कुराहरू पनि छन् महाभारत ग्रन्थमा । कर्णले आफ्नी आमालाई उनको उत्तरदायित्व बोध गराएको पनि पाइन्छ । महाभारतकालीन समयका महिलाहरूले आफ्नो विवाहका लागि स्वयम्वर महिलाको रोजाइअनुसार नै हुने गर्थ्यो । त्यस समयमा पनि नारीवादी पुरुष

थिए । आत्मसम्मानलाई महत्त्व दिएको पनि पाइन्छ । जस्तै द्रौपदीको विशाल सभामा सारी तान्ने पुरुष थिए भने बेइज्जत हुनबाट जोगाउने कृष्ण पनि पुरुष नै थिए । शिक्षा गुरुकुल प्रणालीबाट दिने गरिन्थ्यो । शिक्षा धर्ममा आधारित थियो । यसरी हेर्दा तत्कालीन समय नारीशिक्षाको व्यापक प्रचार-प्रसार पनि थिएन । समग्र नारीका लागि उपयुक्त शिक्षा व्यवस्था नरहेको पाइन्छ । औपचारिक रूपमा नारी शिक्षाको सुरूवात नभए तापनि आश्रममा गएर गुरुहरूबाट शिक्षा लिने प्रचलन भने कायम नै थियो । यी त भए तत्कालीन समयको शिक्षाको अवस्था जुन कमजोर नै मानिन्छ । महिलाहरू धेरैजसो घरभित्रै रहन्थे तर सम्पन्न वर्गका महिलाहरू भने त्यति बेला पनि शिक्षित र दीक्षित बनेको पाइन्छ ।

आज २१ औं शताब्दीमा आएर पनि महिलाहरू पछाडि परेको अवस्था देखिएको छ । जति पढेलेखेका भए पनि घरका कामकाजमा सीमित राख्ने परम्परा छ । छोरी भनेपछि भ्रूणमै हत्या गर्ने विकृत पक्षसमेत समाजमा व्याप्त छ । नारी पुरुष दुबैलाई शिक्षा अनिवार्य गरिएको शिक्षा प्रणालीमा विगतको तुलनामा धेरै नै प्रगति भएको मानिए तापनि महिला हरेक क्षेत्रमा अझै सशक्त हुन सकेको स्थिति छैन । तसर्थ शिक्षा अनिवार्य नैसर्गिक बनाइएको छ । शिक्षाले नै महिलालाई सशक्तीकरण गर्दछ ।

शिक्षाकै माध्यमबाट महिलाहरू संसारका उच्च तहसम्म पुग्न सफल भएका छन् । पाकिस्तानकी प्रधानमन्त्री बेनरजी भुट्टो, भारतकी प्रधानमन्त्री इन्दिरा गान्धी, बंगलादेशकी खालिदाजिया प्रधानमन्त्री भए । नेपालको इतिहासमा पनि साहना प्रधान, शारदा श्रेष्ठ, डा.आरजु राणा, निलमदेवी लगायतका महिलाहरू शिक्षाले नै प्रतिष्ठित बन्न पुगेका छन् तापनि अझै छोरा र छोरीमा विभेद रहेको छ । छोरीलाई सरकारी स्कुल छोरालाई बोर्डिङ स्कुल पढाउने संस्कार पूर्ण रूपमा हटेको छैन । अझै पनि महिला परनिर्भरतामा रहनु परेको छ । अलि अलि शिक्षित वर्गका भए पनि बेरोजगारी समस्याले गर्दा महिलाले अन्याय, अत्याचार, घरेलु हिंसा झेल्नुपरेको अवस्था छ । तसर्थ महिलालाई सशक्तीकरण गर्न जरूरी छ । शिक्षाले नै आत्मनिर्भर बनाउँदै अँध्यारोबाट उज्यालोतिर लैजान्छ । आफ्नो जीवनको लागि बहस गर्न सक्षम बनाउँछ । भौतिक या आध्यात्मिक शारीरिक वा मानसिक स्तरमा महिलाहरूलाई आत्मविश्वास बढाएर सशक्त बनाउने प्रक्रिया नै महिला सशक्तीकरण हो । अर्को शब्दमा समयअनुसार प्रतिस्पर्धामा सफलता प्राप्त गर्न सक्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण हो । सशक्तीकरणले उनीहरूमा लुकेका अन्तर्निहित क्षमता, ज्ञान र सिपको उजागर गर्नु नै वास्तवमा सशक्तीकरण हो ।

स्रोत-साधनहरूमा पहुँच तथा नियन्त्रण गर्न सक्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण हो । समग्रमा भन्नु पर्दा महिला सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक हरेक क्षेत्रमा सहभागिता, पहुँच, नियन्त्रण, उपभोग गर्न सक्ने ज्ञान, सीप, क्षमताको अभिवृद्धि तथा विकास गर्ने भनेर पनि बुझिन्छ । महिलाले आफूलाई भएका सबै खाले हिंसा, अन्याय, अत्याचार र भेदभावको अध्ययन अनुसन्धान एवं विश्लेषण गरी त्यसबाट उत्पन्न समस्याको पहिचान गरी सो समस्या समाधान गर्न आफ्नो योग्दान र जिम्मेवारी के हो ? भन्ने र उचित विकल्पहरू पत्ता लगाउने र त्यसैका लागि प्रयास गर्ने क्षमताको विकास गर्नु नै सशक्तीकरण हो । सशक्तीकरणले खास गरी आफ्ना रुचिअनुसारको कुरा अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गर्दछ । स्रोत-साधनमा पहुँच बढाउनुको साथै निर्णय गर्ने क्षमता तथा आत्मविश्वास प्रदान गर्दछ । सशक्तीकरणले प्रायः आज विश्वमा नै विकासका कार्यक्रमहरू त भएकै छन् । त्यहाँ पहुँचवालाहरू, धनी र शक्तिशाली वर्गका महिलाले मात्र फाइदा लिएको पाइन्छ । हाम्रो समाजमा सबै एकै खालका वर्ग पनि त छैनन् । उच्च वर्ग, मध्यम वर्ग, निम्न वर्ग छन् जसलाई समेट्न नसकेको अवस्था छ । जसले ग्रामीण क्षेत्रका विपन्न वर्गका, पछाडि परेका वर्गहरूलाई समेत ध्यान दिएर उनीहरूलाई अगाडि बढाउने कार्य सशक्तीकरणले नै गर्दछ । पिछडिएका जातजातहिरू, महिला, भूमिहीन र सीमान्तकृतहरूलाई हरेक तह र तप्कामा, योजनामा, निर्णय प्रक्रियामा, कार्यान्वयनमा र मूल्याङ्कन प्रक्रियामा प्रत्यक्ष सहभागी गराउने अवधारणा नै सशक्तीकरण हो ।

महिलाको विकास तब हुन सक्दछ जब महिलालाई शिक्षित बनाएर विकास प्रक्रियामा समेट्नुका साथै महिला र विकास प्रक्रिया बीचको सम्बन्धलाई व्यवस्थित गरेर मात्र साँचो अर्थमा महिलाको विकास हुन सक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागी गराउनु पर्ने कुरामा जोड दिएको पनि पाइन्छ । सन् १९८० का दशकदेखि जेण्डर विकास अवधारणा आएको पाइन्छ । जेण्डर र विकास अवधारणामा महिला र पुरुष दुबैको निर्णय प्रक्रियालाई आत्मसात गर्दै दिगो र समतामूलक विकासमा जोड दिएको पनि पाइन्छ । यो अवधारणा आए पनि मुख्य समस्याको रूपमा आधा आकाश ढाकेका महिलाहरू विकास प्रक्रियामा नसमेटिनुलाई लिइएको छ भने यो अवधारणाले असमान लैङ्गिक सम्बन्धलाई समस्याको रूपमा लिएको छ ।

सशक्तीकरणले असमानताका कारकहरूप्रतिको सजगता, आफ्ना घटनाहरूतर्फ आफैलाई निर्देशित गर्ने क्षमता र संरचनात्मक असमानताको न्यूनीकरण गर्न र उत्पादनशील साधन-स्रोतमाथिको पहुँचलाई बढाउन मद्दत गर्दछ ।

सशक्तीकरणमा शिक्षाको अहम् भूमिका रहन्छ । व्यक्तिको व्यक्तित्त्व निर्माण गर्ने दैनिक जीवनमा आइपर्ने समस्याको समाधन गर्ने, पूँजीको लगानीबाट अधिकतम

फाइदा लिन र महिलाको उत्थान गर्न हरेक तह र तप्कामा महिलालाई समान सहभागितामूलक ढंगबाट पुऱ्याउन पनि शिक्षाले मद्दत गर्छ । महिला सशक्तीकरण गर्नमा सर्वप्रथम शिक्षाको महत्त्वपूर्ण योगदान रहन्छ । जबसम्म महिलाहरू शिक्षित हुन सक्दैनन् तबसम्म सशक्त हुन पनि सक्दैनन् । सामाजिक पछौटेपनबाट महिलाई माथि उकास्न महिलाको आत्मसम्मान बढाउने तत्त्व शिक्षा नै हो । शिक्षाको प्रभावले नै महिला सशक्तीकरण हुन जान्छ र जसले महिलाको जीवनलाई नै उत्पादशील र सिर्जनशील बनाउन मद्दत गर्छ । प्रत्येक व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको हनन नभई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गर्न सशक्तीकरणको भूमिका अहम् हुन्छ । हुन त महिला सशक्तीकरणमा केही बाधा व्यवधानहरू अवश्य पनि छन् । जस्तो कि अधिकारको संरक्षण गर्ने कानून बन्न नसक्नु, लैङ्गिक विभेद कायमै रहनु, घरेलु तथा यौनजन्य हिंसा व्यापकरूपमा विद्यमान रहनु र यस्ता हिंसालाई स्वभाविक रूपमा लिइनु र नीति निर्माण तहमा राजनीतिक एवं सरकारी प्रक्रियामा महिलाहरूको सहभागिता न्यून हुनु, जनजाति महिलाको प्रतिनिधित्वमा कमी हुनु, असमान ज्याला कायम हुनु महिलाको उत्पादनमूलक कार्यको मूल्याङ्कन नगरिनु, महिला शिक्षामा पहुँच कम हुँदै जानु जस्ता समस्या रहेका छन् ।

यसरी महिला सशक्तीकरण गर्नका लागि शिक्षामा नारी सहभागिता वृद्धि गराउनका लागि विभिन्न किसिमका शैक्षिक अवसरहरू प्रदान गर्दै जानु पर्ने हुन्छ । गरिबी निवारण गर्नका लागि पनि सर्वप्रथम शिक्षाको आवश्यकता पर्दछ । निरक्षरता हटाई साक्षर बनाउन औपचारिक अनौपचारिक शिक्षाका हरेक माध्यमबाट साक्षरता अभियान चलाउन जरूरी छ । ग्रामीण क्षेत्रका महिलाहरूलाई रोजगारका अवसरहरू सिर्जना गर्न जरूरी छ । लैङ्गिक विभेदको अन्त्यका लागि जनचेतना जगाउन जरूरी छ । महिला समानताका लागि स्वास्थ्य शिक्षा, सिपमूलक शिक्षा दिदै राज्यबाट ऋण सहुलियतको व्यवस्था गर्न पनि जरूरी देखिन्छ ।

स्थानीय निकायमा महिला समानता तथा महिला सशक्तीकरण गर्नका लागि आर्थिक तथा सामाजिक रूपान्तरणका विविध कार्ययोजना बनाई महिला सशक्तीकरण गर्न अति आवश्यक छ । महिलाको पैतृक सम्पत्तिमा समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासबाट केही सुधार देखिन थाले पनि यतिले हुने छैन । शिक्षामा लगानी बढाउँदै शिक्षित र सचेत तुल्याई महिला सशक्तीकरण अभियानलाई समुदायस्तरमै पुऱ्याई सबै तहमा महिलाको सहभागिता सुनिश्चित गर्न पहल गर्नु आजको आवश्यकता हो र घरेलु हिंसा, बलात्कार, मानव बेचविखन जस्ता जघन्य आपराधिक गतिविधि नियन्त्रण गर्न र भएका अन्तर्राष्ट्रिय सम्मेलनका सम्झौता र प्रतिबद्धतालाई कायम राख्न

कडा कानूनको कार्यान्वयन गरी व्यावहारिक तहमा उतार्नुपर्ने देखिन्छ । त्यस्ता पीडित वर्गहरूलाई तत्काल उद्धार तथा सहयोगका लागि राहत कोषहरूको स्थापना गरी व्यवस्थापन र परिचालन गर्ने कार्यलाई अझै बढवा दिनुपर्ने देखिन्छ ।

अन्त्यमा, हाम्रो समाज, हाम्रा धार्मिक मूल्य-मान्यता र पितृसत्तात्मक सोचका कारण अझै पनि महिलाहरू राज्यका प्रत्येक तह र तप्कामा पुग्न सकेका छैनन् । विकासको मूल प्रवाहीकरणमा आशातीत प्रगति हुन सकेको छैन । महिलाविरूद्ध हुने शारीरिक, मानसिक वा अन्य किसिमका हिंसाजन्य कार्यलाई कानूनले निरूत्साहित गर्न नसक्नु जस्ता मुख्य समस्याहरू ज्यूँकात्यूँ छन् । तसर्थ महिला सशक्तीकरण हुनु जरूरी छ । त्यसका लागि शिक्षाको विकास भए मात्र नारी उत्थान हुन सक्छ । तसर्थ महिला सशक्तीकरणमा शिक्षाको प्रभाव र सम्बन्ध अयोन्याश्रित रहेको छ ।

**सन्दर्भ-सामग्री**


- ठूलो महाभारत
- सिड


ooo


**किरण पुस्तकालयद्वारा प्रकाशित तथा प्रा.डा. बाबुराम झवालीद्वारा लिखित 'आधा जिस्ता' पढ्नुभयो त ?**



# यौन शिक्षा परम्परा

✍ **उत्तरकुमार पराजुली**
**अर्घाखाँची**
**हाल : काठमाडौं**

प्रजनन अङ्गलाई संवेदनशील अङ्ग भएको ठहर गरी बढ्ता सुरक्षाको चासो राख्ने गरियो । त्यसैले अरू अङ्गहरू खुलै रहने अवस्था भए पनि प्रजनन अङ्गलाई ढाकछोप गर्ने गरियो । त्यसैले ती अङ्ग गुप्त अङ्गको नामले चिनिए । गुप्ताङ्ग भनियो । सबैले एकनासको व्यवहार गरून् भनेर ती अङ्गहरू ढाकछोप नगर्नेलाई लाज सरमको परिभाषा सिकाइयो । अनि ती अङ्गको बारेमा चर्चा परिचर्चा गरिनु अश्लील, अशिष्ट भन्न थालियो । अनि त यौन शिक्षा विस्तारै रहस्यको विषय बन्दै गयो ।

हाम्रो प्राचीन शिक्षा परम्पराले यौन शिक्षालाई न आजको जस्तो रहस्यमय बनाएको छ न आजकै जस्तो उत्ताउलो र छाडा । हरहमेसा यौन उत्तेजनामा रमाउन चाहने व्यक्तिलाई असाध्यै निम्नस्तरको दर्जामा राख्ने गरेको पाइन्छ । वीर्यलाई बल, शून्याइँ, विवेक, आत्मविश्वास तथा आत्मबलको आधारशिलाको रूपमा लिइएको छ । यस कुरालाई सहज रूपमा बुझाउन हात्ती र सिंहको उदाहरण धेरै सन्दर्भमा दिइएको हुन्छ हात्तीलाई कामुक जनावरको रूपमा लिएर । सिंहको शून्याइँ र भोलोभालोपन कम यौनाचारको कारण मानिन्छ । सिंह कम यौन व्यवहार गर्ने प्राणी मानिन्छ । यौनाचरणको विषयमा कुरा गर्दा पाश्चात्य दर्शनका हस्ती शुकरातलाई पनि सम्झने गरिन्छ । उनी पनि विवेकशील व्यक्ति कामवासनाबाट टाढा रहनुपर्छ भन्ने मान्यताका थिए । उनका बारेमा कहावत छ– उत्तम व्यक्तिले जीवनमा एक पटक मात्र सम्भोग गर्नुपर्छ त्यो पनि सन्तानका उद्देश्यले । यो साह्रै असंभव लाग्छ भने वर्षको एकपटक गरोस्, त्यो पनि ऋतुकालको समयमा । त्यो पनि कम भयो भने महिनाको एक पटक गरोस्, ऋतुकालको समयमा । यसमा पनि ठहर्न नसक्ने व्यक्ति जो छ त्यो पतित हो । त्यसले टाउकोमा कात्रो बाँधेर जे मन लाग्छ त्यै गरोस् । यो टाउकोको कात्रो भन्ने कुराले यौन क्रियालाई स्वास्थ्यसित जोडेको देखिन्छ ।

बृहदारण्यकोपनिषद् अध्याय ६ को चतुर्थ ब्राह्मणमा सन्तानोत्पत्ति विज्ञानको बारेमा व्याख्या विवेचना गरिएको छ । (उपनिषद् काल आजभन्दा २३०० वर्षदेखि ३००० वर्षको अघिको मानिन्छ ।) यसमा शुक्राणु र डिम्बलाई व्यक्तिका सारोत्तमसार वस्तुको रूपमा व्याख्या गरिएको छ । मन्त्र १ मा भनिएको छ– चराचर प्राणी तथा वस्तुको आधार वा सार पृथ्वी हो । पृथ्वीको आधार वा सार

(यसको मतलव पृथ्वीलाई अर्थपूर्ण बनाउने) जल हो । जलको आधार वा सार औषधि हो । (जीवजन्तुको खाद्यवस्तुमा रस भर्न नसक्ने जल जल नै होइन भन्ने सन्दर्भमा । विभिन्न कारखानाबाट प्रदूषित पानीले सिँचाइ गर्दा बाली सखाप हुने जस्तो पानीलाई वास्तविक पानी नभनिने सन्दर्भमा ।) औषधिको सार फूल हो । फूलको सार फल हो । (जुन फूलमा फल लाग्दैन त्यस फूलको के अर्थ हुन्छ र ?) फलको सार बीज हो । बीजको सार शुक्र र डिम्ब हो ।

मन्त्र २ मा प्रजापति अर्थात् सृष्टिकर्ताले शुक्रको प्रतिष्ठापन गर्नका लागि पुरुषको लिङ्ग र स्त्रीको योनिको व्यवस्था गरे भन्दै यो यौन संसर्ग भोग बुद्धिका लागि नभएर उत्तम सन्तान उत्पादनका लागि हो र यो धर्मसम्मत छ भनिएको छ । गृहस्थाश्रम र तरूण अवस्थामा यो ठीक छ तर बाल, ब्रह्मचारी, वृद्ध, वानप्रस्थ र संन्यासीका लागि यो त्याज्य छ । असामयिक भोग र त्याज्य जनका लागि यी कुरा अश्लील हुन् भनी पाठकलाई त्यही सन्दर्भमा बुझ्न भनिएको छ ।

मन्त्र ३ मा भनिएको छ – जो यो कुराको मर्म जानी बुझी सम्भोगमा सहभागी हुन्छन् तिनीहरूलाई बाजपेय यज्ञ गरे समानको पुण्य मिल्छ । किनकि यौनाचरणको उपयुक्त अवस्थाका पात्रका लागि उपस्थेन्द्रिय (जननेन्द्रियको सेरोफेरोको भाग) वेदी हो । रौँहरू कुश हुन् । योनिको मध्य विन्दुको भाग होम कुण्डको अग्नि हो, लिङ्ग सुरो (घ्यू, चरू होम गर्ने साधन) हो ।

मन्त्र ४ मा ऋतुकालको संसर्गमा बाहेक वीर्यस्खलन हुनु हुँदैन र भएमा प्रायश्चित्त गर्नुपर्छ भनी वीर्य संरक्षणका बारेमा सचेत गराइएको छ । माथिको अवस्थामा यदि पति-पत्नीमध्ये कसैले सम्भोगको अवसर नदिएमा श्राप लाग्छ भनी मन्त्र ७ मा उल्लेख गरिएको छ । यसपछि मन्त्र ११ सम्म सम्भोगको अवस्थामा पति-पत्नी दुबैमा उच्च उत्तेजना हुनुपर्ने र सोका लागि गरिने सूक्ष्मातिसूक्ष्म कुराहरूको उल्लेख गरिएको छ । मन्त्र १२ मा परपुरुषसँग पल्केकी स्त्री वा परस्त्रीसँग पल्केको पुरुषलाई तह लगाउने तान्त्रिक विधि रहेको छ ।

रजस्वला भएपछि सरसफाइमा ध्यान दिने, चार दिनपछि जाँघको व्यायाम हुने खालका काम गर्ने, अनि छोरा वा छोरी के जन्माउने र कस्तो वर्णको (कालो, गोरो, धैँसे...) जन्माउने चाहना हो सोहीअनुसार दसौँ दिनपछि आमाको खानपानको बारेमा विभिन्न उपदेश रहेका मन्त्रहरू (१३–२२) छन् । मन्त्र २३ ले प्रसूति हुन लाग्दा के-के गर्नुपर्छ भन्ने तान्त्रिक विधि उल्लेख गरेको छ । मन्त्र २४ मा सन्तान जन्मिएपछि दही, मह र घ्यू मिसाएर सन्तानलाई बुबाले काखमा लिएर अस्मिन सहस्रम्... मन्त्रले मन्त्रेर होम गर्ने भनिएको छ । मन्त्र २५ मा भनिएको छ– जन्मेको बच्चालाई बाबुले काखमा लिएर दायाँ कानमा वाग् वाग् वाग् तीनपटक भन्ने । यसको मतलब हो यो सन्तान तीनवटै वेदको ज्ञाता

बनोस् । यसपछि घ्यू, मह र दही मिसाएको लेपलाई शुद्ध सुनको चम्चाले चटाउँदै तिमीमा भूलोक, भुवर्लोक र स्वर्गलोक स्थापित गर्छु भन्नुपर्छ । (मन्त्र– अथास्य दक्षिणं कर्णमभिनिधाय वाग् वागिति त्रिरथ दधि मधु घृत संनीयानन्तर्हितेन जातरूपेण प्राशयति । भूस्ते दधामि भुवस्ते दधामि स्वस्ते दधामि भूर्भुवःस्वः सर्वं त्वयि दधामीति ॥ २५ ॥) २६ औँ मन्त्र– यसपछि अर्थात् पच्चीसौँ मन्त्रसम्मको क्रियाकलापपछि उक्त सन्तानको नाम राख्नू "तिमी वेद हौ" भन्दै । यो नामकरण संस्कारअघिको अर्थात् जन्मदाकै दिनको भएको हुनाले यो नाम गोप्य वा गुप्त नाम हुन्छ । (अथास्य नाम करोति वेदोऽसीति तदस्य तद गुह्यमेव नाम भवति ।) यसपछि बच्चालाई आमाको काखमा दिएर व्यवस्थित रूपले दूध पियाउनू अर्थात् स्तनपान गराउनू भनिएको छ ।

उपनिषद्मा सृष्टिलाई निरन्तरता दिनका लागि व्यवस्थित यौनाचरण आवश्यक रहेको कुरा स्पष्ट देखियो । अब हाम्रो कार्यव्यवहारमा रहेका कुराहरूको चर्चा गरौँ । महिलाहरूको चाडको रूपमा चर्चित तीजको पञ्चमी अर्थात् ऋषि पञ्चमीमा भनिने कथाले महिलाको रजस्वलाको अवस्थालाई इन्द्रले वृत्रासुरलाई मार्दा लागेको ब्रह्मघातको चौथाइ दोष भन्ने गरिन्छ । (अरू तीन चौथाइमध्ये पानीको फिँजमा, वञ्जर जमिनमा र पहिलो धिप्को छुट्दाको धुँवासितको आगाको ज्वालामा भनिन्छ ।) यस कुरालाई सकारात्मक किसिमले लिने हो भने अति कामुक पुरुषबाट महिलालाई सुरक्षित राख्न र रक्तस्रावको बेलामा आराम गर्नका लागि छूत बार्ने कुरा प्रतीकात्मक र निकै वैज्ञानिक छ । तर यो कुरा महिलाले सोझासोझ बुझ्ने र हीनताबोध गर्नुचाहिँ भने राम्रो होइन । किनकि शुद्ध पानीमा फिँज आउँदैन । त्यसैले फिँज आउने पानीमा ब्रह्मघात छ भन्ने कुरा कति सरल छ, प्रदूषित पानीबाट जोगिने उपदेश । उपयुक्त किसिमले नजलेको अवस्थाको धुँवा निकै दूषित हुन्छ । यसबाट जोगिनुपर्छ भन्नु त राम्रो हो । रूख बिरूवा, झार आदि केही नभएको जमिन राम्रो होइन । यस्ता जमिनलाई हराभरा पार्नुपर्छ भन्ने सन्देश पनि त उत्तिकै राम्रो छ ।

हिन्दू परम्पराका केही शाखामा पहिलो पटक रजोवती हुँदा (रजस्वला हुँदा) ११ अहोरात्र सूर्यलाई र पुरुषलाई नदेख्ने गरी बन्द कोठामा राख्ने गरिन्छ । यो एघार दिन नै किन राख्ने गरिए होला ? यसको वास्तविक व्याख्यासितको प्रमाण त पाइएको छैन तर पनि सूतक एघार दिन बार्ने भएकोले त्यसैअनुसार गरिए होला भन्न सकिन्छ । छूत बार्ने परम्परा श्रद्धा र संवेदनशीलताको कारणले सुरू भएको देखिन्छ र अहिले हेला र घृणामा रूपान्तरण भएर अमानवीय अपराधको कोटिमा पुगेको छ । (विशेष गरी मध्यपश्चिम नेपालमा रहेको सुत्केरी हुँदा र रजस्वला हुँदाको छाउपडी प्रथा यसको ज्वलन्त उदाहरण हो ।) सुत्केरी भएको एघार दिनपछि अर्को एघार दिनसम्म सामान्य छोइन भए पनि छोएको पानी

नखाने भनिन्छ । यसपछि राम्ररी हिँडडुल गर्न सक्ने भएपछि चार पाँच महिना सुत्केरी पोषिन भनी माइतीले लैजाने चलन रहेको छ । यो सबै महिलाका लागि आराम दिने सन्दर्भमा बनाइएको चलन हो र परोक्ष रूपमा यौन शिक्षा पनि । अङ्ग्रेजी भाषामा श्रमलाई Labour भनिन्छ र सुत्केरी हुने कामलाई वा अवस्थालाई पनि Labour भनिन्छ । यसले पनि सुत्केरीलाई आरामको आवश्यकताको सङ्केत गर्छ ।

यौन शिक्षालाई संस्कारित गर्न विशेष गरी स्त्री जातिका लागि पहिलो रजस्वलाका बखत ११ दिनसम्म अँध्यारो कोठामा राखेर महिलाले नै यो शिक्षा दिने विधान बनेको हुन सक्छ । त्यसैले ती दिनहरूमा सूर्यको र मर्दको मुख देख्नु हुँदैन भनियो । सूर्यलाई नहेर्नू भनेको अँध्यारोमा रहनू भनेको हो र पुरुष व्यक्तिलाई नहेर्नू वा नदेख्नू भनेको विपरीत लिङ्गको साक्षात्कारको सोच नहोस् भनिएको हुन सक्छ । सुरूको रजस्वलाका ती एघार दिनमा परिपक्व महिलाहरूले ती रजोवती नानीलाई आफ्नो अनुभवसहित यौन शिक्षाका बारेमा उपदेश गर्ने गरे होलान् । यौन शिक्षा अश्लील र लाजको विषयको रूपमा स्थापित भएकोले उज्यालोमा वक्ताको अभिव्यक्ति राम्ररी खुल्न र श्रोताले मुखामुख गरेर सुन्ने परिवेशको असहजता भनौँ वा त्यसरी कुरा गर्दा किशोरीहरू लाजले रातोपिरो हुने र वक्तालाई पनि यौनजन्य कुरा मुखमा हेरेर भन्नका असजिलाले अँध्यारो कोठाको परिकल्पना गरे होलान् । यसै सन्दर्भमा पूर्वीय संस्कृतिका अध्येता प्रा. श्रीधर मजगैयाँलाई सोध्दा उहाँले भन्नुभयो – हाम्रा प्राचीन ग्रन्थहरूमा रजोवती बारनाको विधान छ तर यसको वैज्ञानिक विश्लेषण भएको पाइँदैन । संस्कृतिविद् सत्यमोहन जोशीसँग "नेवारी परम्परामा किशोरीहरूलाई रजस्वला हुनुपूर्व १२ दिन गुफा राख्ने चलन के यौन शिक्षाका लागि हुनसक्छ ?" भन्ने प्रश्न गर्दा उहाँको जवाफ थियो– गुफा राखिसकेपछि रजस्वला हुँदा बार्नुपर्दैन भन्ने परम्पराअनुसार रजस्वला नहुँदैका नानीहरूलाई गुफा राख्ने गरिन्छ । यो परम्परा विशेष गरी स्वास्थ्यसित सम्बन्धित देखिन्छ । यौन शिक्षाको लागि भन्ने कतै आधिकारिक प्रमाण भेटिएको छैन । यसै सन्दर्भमा नेवारी संस्कारलाई राम्रोसँग बुझेकी महिला पम्फा श्रेष्ठलाई "ती गुफा बस्दाका दिनहरू कसरी कटाउने गरिन्छ ? केही कथा, रजस्वला हुँदा ख्याल गर्नुपर्नेसम्बन्धी पाका महिलाका अनुभव सुनाउने जस्ता कुरा गरिन्छ कि भन्दा उहाँले भन्नुभयो– होइन, त्यस्तो केही हुँदैन । नुहाइधुवाइ गर्ने, सरसफाइ गर्ने, राम्रा पोषिला खानेकुरा फलफूल खान दिने र समय कटाउन नाचगान गर्ने, पुतली बनाउने सिँगार्ने आदि काम गरिन्छ । अनि बाह्रौँ दिनको बिहान उज्यालो नहुँदै नुहाइधुवाइ गरेर शुद्ध हुने र सूर्योदयको बेला काँसको थालमा पानी राखी पानीमा सूर्यको छायाँ दर्शन गरेपछि गुफाको कार्यक्रम समाप्त हुन्छ ।

विशेष गरी मिथिला क्षेत्रमा चर्चा हुने महिला केन्द्रित संस्कार मधुश्रावणीमा यौन शिक्षाका सन्दर्भ छन् कि भनी त्यसका जानकार उमेशलाल कर्णसित कुरा गर्दा उहाँले भन्नुभयो– मधु श्रावणी साउन महिनामा ब्राह्मणमा कायस्थ जातिका विवाहित महिलाले आफ्नो श्रीमान्को आयुआरोग्यको कामना गरी मनाइने संस्कार हो । विवाहको पहिलो साउन महिना अर्थात् मधु श्रावणीलाई अझ विशेष किसिमले मनाउने गरिन्छ । यी जातिमा रजस्वलाको अवस्थामा भगवान्लाई पूजा गर्ने, धूप जलाउने जस्ता कामबाहेक अन्य काममा बारना हुँदैन । रजस्वलाको बखत संसर्ग नगर्ने भन्ने अलिखित तथा अव्यक्त परम्परा छ ।

हाम्रो ग्रामीण परिवेशमा यौन शिक्षाको व्यापक चर्चा हुने सन्दर्भ महिलाका लागि रत्यौली अथवा जिउँती हो भने पुरुषहरूका लागि वनमा गाइने फागु अथवा वन फागु हो । जिउँतीमा केवल महिलाको मात्र सहभागिता हुन्छ तर वन फागुचाहिँ कहिलेकाहीं महिला पुरुषको दोहोरी पनि चल्न सक्छ ।

विवाहका लागि दुलाहाका घरबाट दुलाहासहित जन्ती दुलहीका घरतिर हिँडेपछि विशेष गरी रातिमा रतिरागयुक्त गीत र अभिनयसितको नाच नै जिउँती हो । यस संस्कारले अविवाहित केटीहरूलाई यौन शिक्षाप्रतिको जिज्ञासा जगाइदिन्छ । यसमा महिला मात्र सहभागी हुन्छन् भनिए पनि जिज्ञासु भनौँ वा इतरिएका केटाहरूले लुकीछिपी हेर्ने सुन्ने गर्छन् । छिहिल्लिएर नाचगान गरिरहेका महिलालाई गाईभैँसीको गोबरले हानेर हैरान पार्ने काम पनि ती केटाहरूको हुने गर्छ ।

पुरुष निषेधित उक्त क्रियाकलापमा एक पटक द्रष्टा र श्रोताको रूपमा र एक पटक श्रोताको रूपमा बस्ने अवसर यस पङ्क्तिकारलाई जुरेको छ । पहिलो पटक आफ्नै दाइको विवाहमा, उमेर थियो साढे छ वर्ष । दोस्रो आफ्नै कान्छा सालाको विवाहमा । भर दिनको पैदल हिड्नुपर्ने लामो यात्रा भनेर दाइको जन्त म लगिइन भने सालोको बिहेको निम्तोमा ससुराली गएको बेला ढाड सड्केर हलचल गर्न नसक्ने अवस्थामा जिउँती सुनेर(हेरेर होइन) बसेँ ।

त्यो बेला रातिका रमाइला कार्यक्रममा भजन, तीजका गीत, भैलो नाच, भैराम (भैरव नाच) हुन्थे । आफ्ना गाउँभन्दा टाढा भैराम नाच्दा बुबाले बोकेर लगेर काधेकुरी राखेर हेर्न पाएको याद छ । त्यसै गरेर भजन सुन्न गइन्थ्यो हजुरबुबाका पछि लागेर । भजनका अर्थ नबुझे पनि राग ताल सुनिन्थ्यो । नाच हेरिन्थ्यो । निद लागे हजुरबाकै कोखामा सुतिन्थ्यो । तर जिउँतीको अवसर जुरेको थिएन ।

दाइको बिहाको दिनको साँझ मान्छे जम्मा हुन थाले । घरमा फुपूहरू, भान्जी दिदीहरू पनि हुनुहुन्थ्यो । प्रायः मैले देखे-जानेका तल-माथिका हजुरआमाहरू,

आमाहरू ती आमाहरूका साथमा आउने दिदी बहिनीहरू थिए । ती छिमेकी आमाहरूले त्यस दिन अरू दिनमा जस्तो व्यवहार देखाइरहेका थिएनन् । यो दाइका जन्त गएनछ भनेर सबैजसोले मलाई भन्थे । आमालाई दुलाहाकी आमा... यस्तो उस्तो भनेर अति ठाडा ठाडा कुरा गर्थे । मेरा लागि अलि घोचपेच जस्ता लाग्ने कुरा पनि आमा हाँसी हाँसी सहनुहुन्थ्यो । त्यो त खुशीयालीमा रमाइलो गरेर जिस्किएको रहेछ । तर मैले भने आज बुबा, हजुरबुबा, दाइ नभएको बेलामा आमाको पक्षबाट प्रतिवाद गर्ने कोही नभएको हुनाले हेपेको अर्थमा बुझ्ने गर्थें । मेरी कान्छी फुपू अलि बोलाकी हुनुहुन्थ्यो । उहाँले अझ धेरै त्यस्तो व्यवहार देखाउनु हुन्थ्यो । पन्ध्र वर्षकी दिदी पनि आमाको पक्षमा नबोल्दा मलाई उठ्नुसम्म रिस उठ्थ्यो । प्रत्येक आगन्तुकका आमाप्रतिको व्यवहारको सञ्चित अभिलेख राख्ने काम मेरो भयो । जब जिउँती सुरू हुन लाग्यो अनि मलाई सबैजसोले सुत्न जा, भित्र गएर सुत् भन्न लागे । आमालाई हेपाहा व्यवहार गर्नेहरूले भनेको कुरा मलाई झन् उल्टो लाग्यो । उनीहरू जति सुत्, सुत्न जा भन्थे मेरो निद झन् झन् हराउँदै गयो ।

जिउँती सुरू भयो । गीत राम्रो लयका थिए । अन्त्यानुप्रासले लयमा अझ मिठास थपेको हुन्थ्यो । मादलको तालले अझ राम्रो सुनिन्थ्यो । तर ती गीतमा पनि मेरी आमालाई छेपन हानेका, हेपेका कुरा भएका हुन्थे । आमालाई भने हाँसीखुसी नै देख्थे । आमाको हाँसीखुसीलाई मैले उहाँको निरीहताको पराकाष्ठा(अरू कुनै उपाय नहुनाले करबलले हाँस्नु परेको स्थिति)को रूपमा बुझ्थें । आमालाई हेप्ने गीत यस्तै यस्तै हुन्थे –

**गैरी खेत फाँकट सिरिराइराइ**
**घुमाउरे कुलो रे सिरिराइराइ**
**दुलाहाकी आमाको सिरिराइराइ**
**पुठो कति ठूलो रे सिरिराइराइ**
**हौँक्कर पस्ने दुलो रे सिरिराइराइ ।**

यस्ता गीत गाउँदा दिदीले प्रतिवाद नगरेको र कान्छी फुपू त यही गीतमा हँसिलो अनुहारसित अभिनय गर्दै ढल्कीढल्की नाचेको देखेर मलाई उठ्नसम्म रिस उठेको थियो । त्यो रिस पछिसम्म मरेको थिएन ।

जिउँतीमा नाच्ने गाउनेलाई चामलको पीठो (पुवा) र अचार दिने चलन थियो । प्रायः रोपाइँमा, अझ भनौँ भने ठूलो खेतको रोपाइँमा उत्तम स्तरको नास्ताका लागि बनाइने त्यस्तो खानेकुरालाई लक्ष्य गर्दै गाइएको गीत पनि मेरा लागि पीडादायक बन्यो ।

**भैँसी मेरो कँवराले पाडो पायो बेले मेरा बादुरै पाडो पायो बेले ।**
**जिउँतीको काँचो पीठो खान्छ मेरा एले मेरा बादुरै खान्छ मेरा एले ।**

मेरी आमाको खाना पकाउने सीप नभएको भनी हेपेर दिएको धम्की वा चुनौती बुझेर मलाई निकै दुःख लागेको थियो । मनभरि यस्तै पीडाका राँका बालेर रातभरि जिउँती सुनेर हेरेर बसेँ । डाँडा गाउँकी नइसरी दिदी र कुँवर टोलाकी बल्लेचौरे पवी फुपू त्यो कार्यक्रमका जल्दाबल्दा नायिका थिए । पचास काटेको उमेरका महिलाले गरेको रतिरागको छरितो अभिनयको दृश्य अहिले पनि झल्झली आउँछ र अनौठो लाग्छ । मेरी दिदीले दाइका लुगा लगाएर चिठी वाचन प्रहसन गर्नुभएको थियो ।

**स्वस्ती सिरी छ सिरी___ चिरी ।**

अरू यहाँ लेख्न सकिने खालका गीतमध्येको एउटा गीत

**त्यहीँ पारी बनमा बाख्रा हेर्ने भुल्ले, मेरा बादुरै बाख्रा हेर्ने भुल्ले ।**
**कम्मर राम्रो पटुकीले छाती राम्रो दूध्ले, मेरा बादुरै छाती राम्रो दूधले ।**

सालाका बिहामा भने यौनजन्य गीत गाइएनन् । त्यसको कारण म थिएँ । केही सम्झी टिपिएका गीतहरू यस्तै थिए ।

**हामरा बाला बिहा गर्न गएका चारै दिशा चारै बत्ती बालिदिए है ।**
**चारै दिशा चारै बत्ती बालिदिए है ।**

**हामरा बाला बिहा गर्न गएका राम्ररी जिउँती गाइदिए है ।**
**राम्ररी जिउँती गाइदिए है ।**

........

**मकैमा लागे पुतला पुतली चामलु लागे घुन । अरे बोई य चामलु लागे घुन ।**
**त्यही पारी डाँडामा बिहा गर्न जाँदै कसका बाला हुन् ?**
**अरे बोई य कसका बाला हुन् ?**
**____ हामरा बाला हुन् ।**
**आज ल्यायो भाइले सुनको साडी**
**भरे ल्याउँछ भाइले मनकी पियारी ।**
**कत्तिको इजती होला**
**दोहोरो दाइजो देला कि नदेला ।**
**कत्तिको_**
**सुनको सिक्री देला कि नदेला ।**
**कानमा गोरखु, हातमा घडी, पत्थर औँठी देला कि नदेला _**

हाम्रो भाइ बढेको सल्ला
ओढाउँदै छ अहिले दोसल्ला ।
बैठक कोठीको कन्तुर
हाल्दै होला अहिले सिन्दूर ।
जिमिनै थर्कायो भैँचालाले, बुहारी कज्याउली यै चालाले ।
जिमिनै थर्कायो भैँचालाले, भाउजू कज्याउली यै चालाले ।
देउरानी कज्याउली यै चालाले ।
जान्दिनौ बजै बुहारीको वेदना
खट्टे भुटी हाल्दिनौ बजै फाँदमा ।

बुहारीको वेदना
मकै भुटी, रोटी हाली, फाँक च्यूरा
बुहारी कज्याउनी यसै घरका, थोत्रा गाला बजाउनी वरपरका ।
देउरानी कज्याउनी यसै घरका, थोत्रा गाला बजाउनी वरपरका ।
के के गरूँ खै मैले के के गरूँ खै, के के गरूँ खै मैले के के गरूँ खै ।
गुन्द्री बिछाम कि मैले काम्ली बिछाम् कि, के के गरूँ खै मैले के के गरूँ खै ।
ढोग गरूँ कि मैले सलाम गरूँ कि, के के गरूँ खै मैले के के गरूँ खै ।
यता चिलायो मलाई उता चिलायो, के के गरूँ खै मैले के के गरूँ खै ।

लगनको टपरी गौदानको गाई, यति बेला दुलहीले कपडा लगाई ।
लगनको टपरी गौदानको गाई, यति बेला दुलही जग्गे बस्न आई ।

देखो देखो देखो नेपाल शहर देखो, लेखो लेखो यही दैलो पोत्न लेखो ।
देखो देखो देखो दिल्ली शहर देखो, लेखो लेखो यहीँ पानी बोक्न लेखो ।
बम्बै –गोबर फाल्न । पाटन शहर दाउरा खोज्न । बटौली घाँस काट्न ।

गुन्न मादल काँ बज्यो ठकुरीको गाउँमा । लाइती माया नभने ठकुरीको गाउँमा ।
गुन्न मादल काँ बज्यो ठकुरीको गाउँमा । खाइती चुरोट नभने ठकुरीको गाउँमा।

पारी डाँडा डोली है आयो कुलकी बुहारी ल्याए भैयाले ।
पारी– लच्छिनकी बुहारी ल्याए भैयाले ।
इज्जतकी बुहारी ल्याए भैयाले । ठूला मनकी बुहारी ल्याए भैयाले । –
बटौलीका शहरमा ताउला ठटाए । तिनै ताउला किनेर यता पठाए ।

**गाग्री ठटाए, थाल, कचौरा, आम्खोरा,—**
**कोठी त कोठी अचार साँध्ने कोठी । — की छोरीले मेरो छोरो खोसी ।**
**कोसी त कोसी बरै पूर्व बग्ने कोसी । छोरो थियो बुहारी आई मेरै मन खुसी ।**
**सासू हजुर भनी भने मेरै मन खुसी । को हो को हो भनी भने मेरै छोरो खोसी।**
**मान्ने गुन्ने गरी भने मेरै मन खुसी । फर्को फर्को गरी भने मेरै छोरो खोसी ।**
**पानी डोको ढाक्रे डोको ख्वाप्प खापम्ला ।**
**आज आउने दुलहीलाई डोको बोकाम्ला ।**

**चना बोडी भिजाइ तारिम् बिरम्ला । आज आउने दुलहीलाई दाउरा चिराम्ला ।**
**बारी जोत्ने हल गोरूलाई राम्रै घँसाम्ला ।**
**आज आउनी बुहारीलाई गोडा घसाम्ला ।**

अर्घाखाँची गुल्मीमा विगतमा फागुन १ गतेदेखि नै फागु सुरू हुन्थ्यो । यसरी फागु सुरू गर्थे गोठालो र ढाक्रेहरू । वनमा घाँस सोत्तरका लागि जानेहरूको सहभागिता पनि उत्तिकै रहन्थ्यो । यसरी चन्द्रमासअनुसार मनाइने हाम्रा पर्वहरू सौर्य मासअनुसार सुरू गर्ने परम्पराको सुरूवात गर्ने गोठाला, ढाक्रे र घाँसीहरूको सांस्कृतिक क्रान्तिको रूपमा फागु (फाउ) लाई लिन सकिन्छ । यिनीहरूले सुरू गर्ने फागु अलि अश्लील खालका हुन्थे । यस विषयमा भूतकालकै प्रयोग गर्नुपर्ने अवस्था आएको छ । अहिले यस प्रकारका फाउ जहाँतहाँ खेलेको सुन्न, देख्न पाइदैन । २०५१ सालको फागुनताका लिम्घाको सिरानको सत्यवतीको वनमा यो पंक्तिकारले सुन्न पाएको थियो । हालसम्मको लागि त्यो नै पछिल्लो सुनाइ भएको छ । यस खालको फाउ खेल्नु भनेको पद्य कवितात्मक शैलीले दुई समूहमा डाँडावारि डाँडापारि, खोलावारि, खोलापारि बसेर दोहोरी खेल्नु हो । यो दोहरी सुरू गर्दा चोऽऽऽ दाइ भनेर सुरू गर्ने चलन हुन्छ र अन्त्यमा बिदा हुँदा पनि चोऽऽऽ दाइ नै भन्नुपर्छ । यो चोदाइ शब्द हिन्दीबाट लिइएको हो भने त्यो शब्द नै हो । दोहोरीको अर्थपूर्ण अंश त यसरी लेख्न सकिदैन, उपयुक्त हुँदैन । तैपनि दोहोरीको बेलामा प्रयोग हुने अश्लील भाव दोष भए पनि शब्द दोष नभएका केही लाज पचाएर उल्लेख गर्न सकिने अंशहरू यस प्रकारका छन् –

**उभोबाट भैसी ल्याए कान्छा मितले । राजाको फाउ हो एत्रै सितले ।**
**ढाक्रे दाई ढाक्रे दाई बाटो बताई दे । तेरी स्वास्नी थारी छे, यता पठाइ दे ।**
**फाउ आयो फाउ भनेर फाउ खेल्छन् । केटाकेटी बसेर दाउ खेल्छन् ।**
**फाउनको डम्फो चइत फाट्यो । तेरा बाउको लगौटी मुसाले काट्यो ।**

**सालको लाथ्रो मुट्ठीले फोर । चोट पऱ्यो केटालाई झुण्डेर मोर ।**
**ढाक्रेका ढोकामा सिन्की पोकामा । तेरा बालाई घारामा तँलाई डोकामा ।**
**हात्तीमाथि माहुते घोडामाथि म । भैंसी स्याहार्ने तेरो बाउ, पाडी स्याहार्ने तँ ।**

यी माथिका टुक्राहरूमा शब्दमा अश्लील दोष नभए पनि अश्लीलताको लागि अर्थ दोष प्रशस्त रहेको छ । अझ यसलाई पनि सकेसम्म अश्लील बनाएर भन्ने गरिन्छ । गाउँ घरमा नखेली वन पाखामा मात्र खेलिने यस प्रकारको फाउलाई वनफाउ भन्ने गरिन्छ । तर आज भोलि यस्ता अश्लील फाउ खेलेको सुन्न देख्न दुर्लभ भइरहेको छ । अश्लील फाउ खेली रमाएका बूढा पाकालाई सोध्दा उनीहरू भन्छन्– लोग्ने मान्छले फाउनमा मच्चिएर फाउ खेल्यो भने वर्ष दिनसम्मलाई तेज आउँछ । महिलाहरूले ज्यूँतीमा यौन उत्कण्ठालाई भाषा र अभिनयमार्फत पोख्ने गर्छन् भने फागुमा पुरुषहरूले । तर फाउ पुरुषको मात्र होइन । यसमा केटाकेटीको दोहरी पनि चल्न सक्छ ।

अहिले यी अश्लील ज्यूँती र फागु लगभग हराइसकेको अवस्था छ । अहिले त सञ्चार माध्यम बडो कठोर ज्यूँती गाइरहेछन् । बडो दर्दनाक फागु खेलिरहेका छन्, दिनहुँको बलात्कारका समाचारमा । पश्चिमा भक्तहरूले हाम्रा मन्दिरका टुँडालमा रहेका यौनजन्य चित्र, इन्द्रले अहिल्यालाई झुक्याएको, विष्णुले वृन्दालाई झुक्याएको कथाका कारण यो बलात्कारका घटना बढेको भन्दारहेछन् । ती पश्चिमा भक्तको पूर्वीय शास्त्र तथा वास्तुकलाको विश्लेषण देखेर टिठ लाग्छ । बिचरालाई कसैले भनिदिएन हिप्पीवाद कहाँबाट सुरू भएको हो भनेर । शायद ती हिप्पीहरू पनि नेपालमै पढ्न आएर हिप्पी भए होलान् कि । पश्चिमकै बहालवाला राष्ट्रपतिले अफिसमै यौनदुराचार गरेर सार्वजनिक माफी मागेको कुरा कसैले भनिदिएनछ । अब पुराना शास्त्रका कुरा निकालेर वादविवाद गर्ने बेला होइन । तर व्यवस्थित यौन शिक्षा समाजलाई खाँचो परेको छ । वास्तवमा खाना, नाना, छाना तीनवटै कुरा व्यवस्थित यौन शिक्षाका लागि व्याख्या गर्नुपर्ने विषयवस्तु हुन् । उत्तेजित खाना, उत्ताउलो नाना र असुरक्षित छानाले पनि धेरै भाँडभैलो मच्चाएको छ । अनि घरवरपर असुरक्षित भर्नौं वा अव्यवस्थित यौनाचरण, सञ्चारमा आउने उत्तेजित चित्रावली वा पढ्ने सामग्रीले पनि बलात्कारलाई मलजल गरेको भन्न सकिन्छ । अझ पीडकलाई उचित दण्डको अभाव उच्छ्रिङ्खल व्यवहार बढाउने कारण बनेको छ । संस्कारित यौन शिक्षा आजको आवश्यकता देखिएको छ ।

ooo

**किरण पुस्तकालय ५० वर्ष पुगेको उपलक्ष्यमा प्रकाशित 'हाम्रो पुरुषार्थ' को किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क पढ्नुभो ?**

# ब्लुम वर्गीकरणका आधारमा नेपाली पाठ्यक्रमको उद्देश्य

✍ **मीना पौडेल**
**अर्घाखाँची (हाल : लहरेपीपल मा.वि., बाग्लुङ)**

## सारांश

हरेक देशले दिने शिक्षाका निश्चित उद्देश्य र लक्ष्य हुन्छन् । त्यस्ता लक्ष्य र उद्देश्यका विभिन्न सैद्धान्तिक आधार हुन्छन् र तिनीहरूको वर्गीकरण विभिन्न किसिमले गरिएको पाइन्छ । पश्चिमा विद्वान् वेन्जामिन एस. ब्लुमले पहिलो शैक्षिक उद्देश्यहरूको वर्गीकरण गरे । त्यसपछि मार्जनो र केन्डालले पनि ब्लुमका मान्यतामा प्रश्न उठाएर शिक्षाका उद्देश्यहरूको वर्गीकरण गरे तापनि पुरानो र नयाँ दुबै वर्गीकरणले शिक्षाको मानसिक परिवर्तनका माध्यमबाट सिकारूमा गरिने व्यावहारिक परिवर्तन हो भन्ने कुरामै जोड दिए । नेपालको पाठ्यक्रममा उनीहरूले उठाएका सवालहरू प्रतिबिम्बित भएको पाइन्छ । यो सानो आलेखमा यिनै कुराहरूको बारेमा खोज अध्ययन गरिएको छ ।

## १. विषयपरिचय

पाठ्यक्रमका विभिन्न तत्त्वहरू हुन्छन् । ती हुन् : विषयवस्तु, उद्देश्य, शिक्षण सिकाइ कार्यकलाप र मूल्याङ्कन । हरेक पाठ्यक्रम यस्ता तत्त्वहरूको समन्वयबाट शैक्षिक उपलब्धि हासिल गर्ने लक्ष्य राख्दछ । यसको कार्यन्वयन नीतिनिर्माता,शिक्षक, अभिभावक, विद्यार्थी सबैको भूमिका रहेको हुन्छ । यस्ता तत्त्वहरूमध्ये उद्देश्य सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । उद्देश्य पाठ्यक्रमको लक्ष्य प्राप्तिको साधन हो । सबै देशको शिक्षा प्रणालीका कुनै न कुनै उद्देश्य वा लक्ष्यहरू हुन्छन् । मूलतः पाठ्यक्रमको उद्देश्य तथा लक्ष्य बालबालिकाको बानीहरूको निर्माण गर्नु रहेको हुन्छ । सबै बालबालिकाहरू एकै प्रकारका बानी भएका हुँदैनन्, तिनीहरूमा एउटै खालका बानीको निर्माण गर्नु नै शिक्षाको उद्देश्य तथा लक्ष्य रहेको हुन्छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले शिक्षाको उद्देश्य 'राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा र लोकतान्त्रिक मूल्यसँग परिचित, देशको आर्थिक विकासमा योगदान दिनसक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्ने' (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) राखेको छ । यसबाट के बुझिन्छ भने कुनै पनि पाठ्यक्रमका निश्चित उद्देश्यहरू हुन्छन् । तिनै उद्देश्यका माध्यमबाट शिक्षाका लक्ष्यहरू प्राप्त गरिन्छ । सामान्यतया पाठ्यक्रममा उद्देश्यलाई साधारण र विशिष्ट गरेर दुई किसिमले वर्गीकरण गरिएको पाइन्छ । साधारण उद्देश्य बढी सैद्धान्तिक प्रकृतिका र बृहत् हुन्छन् । तर यो शिक्षाको तहगत उद्देश्य मात्रै हो ।

शिक्षाका उद्देश्यहरूको वर्गीकरण भने अलि भिन्न प्रकारले गरिएको पाइन्छ । यहाँ बेन्जामिन एस. ब्लुम र मार्जनो तथा केन्डालले गरेको वर्गीकरण र नेपालको शिक्षामा प्रयोग र संभावनाबारे यहाँ चर्चा गरिएको छ ।

## २. शैक्षिक उद्देश्यहरूको वर्गीकरण

शैक्षिक उद्देश्यहरूको वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । शैक्षिक उद्देश्यहरूको वर्गीकरण गर्दा विद्यार्थीका शारीरिक र मानसिक स्तर वा अवस्था, उनीहरूको शैक्षिक क्षमता आदि कुरालाई आधार मानेर गर्नुपर्दछ । (शर्मा एण्ड शर्मा, २०६७) पाठ्यक्रमको उद्देश्यको वर्गीकरण सर्वप्रथम बेन्जामिन एस. ब्लुमले सन् १९५६ मा गरे । उनले शैक्षिक उद्देश्यको वर्गीकरण गर्दा विभिन्न क्षेत्रलाई आधार बनाएको पाइन्छ । ब्लुमले क्षेत्रगत आधारमा गरेको वर्गीकरण निम्न प्रकारको छ :

क. संज्ञानात्मक क्षेत्र

ख. भावनात्मक क्षेत्र

ग. मनोक्रियात्मक क्षेत्र

यी क्षेत्रहरूको संक्षिप्त परिचय यसप्रकार उल्लेख गरिएको छ ।

### क. संज्ञानात्मक क्षेत्र

संज्ञानात्मक क्षेत्र बालबालिकाहरूको मानसिक वा बौद्धिक विकास गराउने खालका उद्देश्यहरूसँग सम्बन्धित हुन्छन् । बुद्धि, विवेक, योग्यता पहिचान, चिन्तनको विकास गरी विभिन्न तथ्यहरू, घटनाहरू र वस्तुहरूको सम्बन्धमा सोचाइ प्रक्रियाको अभ्यासद्वारा जानकारी गर्ने व्यावहारिक एवम् विशिष्ट क्षेत्रलाई संज्ञानात्मक क्षेत्र भनिन्छ । (सिंह, २०६६, पृ. ७८) संज्ञानात्मक क्षेत्रका ६ वटा चरणहरू छन् : ज्ञान, बोध, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन । ज्ञान भनेको पुनः स्मरण गर्नु, परिभाषित गर्नु, मापन गर्नु आदिलाई बुझिन्छ । जस्तैः शब्दको अर्थ भन्न सक्नु । बोध भनेको व्याख्या गर्नु, सारांश लेख्नु, संक्षेपीकरण गर्नु आदिलाई बुझिन्छ । प्रयोग भन्नाले सैद्धान्तिक तरिकाले सिकेको कुरालाई व्यवाहरमा प्रयोग गर्नुलाई बुझिन्छ । जस्तो, सारांश लेख्न सक्नु, अनुच्छेद लेख्नु आदि । विश्लेषण भन्नाले अभिव्यक्ति गर्न सक्ने, भिन्नता देखाउन सक्ने, निष्कर्ष बताउने आदि । उदाहरणका लागि : मानिस र बाँदरका बीचमा भिन्नता बताउने । संश्लेषण भन्नाले विभिन्न चीज, वस्तु, सीप आदिको बीचमा संयोजन वा संश्लेषण गर्न सक्ने कुरालाई बुझिन्छ । मूल्याङ्कन भन्नाले कुनै पनि कार्यको लेखाजोखा गर्न सक्ने क्षमतालाई बुझिन्छ ।

### ख. भावनात्मक क्षेत्र

भावनात्मक क्षेत्र भन्नाले सिकारूको मनोभाव वा मनोवृत्तिलाई बुझाउँछ । कुनै पनि व्यक्तिको संवेग, अभिरुचि, अनुभव, अनुमति, चाख, उत्साह, मूल्य, प्रशंसा, प्रेरणा आदि मानव हृदयसँग सम्बन्धित क्षेत्रलाई भावनात्मक क्षेत्र भनिन्छ । विषयवस्तुको सिकाइको प्रभावस्वरूप मनोभावना वा प्रवृतिको परिवर्तन यसमा हुन्छ (ऐजन,८१) । यसका पनि पाँच तह छन् : प्राप्त गर्नु, प्रतिक्रिया देखाउनु, मान्यता दिनु, संगठन गर्नु, चरित्र चित्रण गर्नु । प्राप्त गर्नु भन्नाले कुनै कुराप्रति रुचि राख्नु आदिलाई बुझिन्छ । कक्षाकोठामा संगीत सुन्न चाहनु यसको उदाहरण हो । प्रतिक्रिया देखाउनुको अर्थ हो, सिकारूले कुनै पनि कुराहरूमा सक्रिय सहभागिता जनाउनु हो । मान्यता दिनुको अर्थ हो विद्यार्थीले कुनै पनि कुरामा सही वा गलत के हो भन्ने बारेमा निर्णय दिनु हो । संगठन गर्नुको अर्थ हो, कुनै पनि कुराहरूलाई संयोजन गरेर निर्णय लिनु हो । चरित्र चित्रण गर्नुको अर्थ ज्ञान, सिप, धारणाको निर्णय दिनु भन्ने बुझिन्छ ।

### ग. मनोक्रियात्मक क्षेत्र

मनोक्रियात्मक क्षेत्र मानसिक तथा शारीरिक क्रियाकलापसँग सम्बन्धित हुन्छ । हस्तलेखन, टङ्कण, खेलकुद, यन्त्रपरिचालन जस्ता सिपहरू मनोक्रियात्मक सिपहरू हुन् । विशेषगरी विद्यार्थीहरूले शारीरिक र मानसिक अंगहरूको समन्वयद्वारा कुनै क्षेत्रमा गरिने कार्य नै मनोक्रियात्मक उद्देश्यको क्षेत्रअन्तर्गत पर्दछ । (निउरे, २०७४, पृ. ५९) मनोक्रियात्मक क्षेत्रका तहमा प्रत्यक्षीकरण, तयारी, निर्देशित प्रतिक्रिया, यान्त्रिकीकरण, जटिल कार्यको प्रतिक्रिया, समायोजन र मौलिकपन पर्दछन् । प्रत्यक्षीकरण भनेको खासमा देख्नु नै हो । देखेर कुनै चेतनशील अंगले शारीरिक अंगलाई परिचालन गर्ने काम यसमा हुन्छ । कुनै कार्य गर्न तत्पर हुनु नै तयारी हो । तयारी मानसिक, शारीरिक, संवेगात्मक आदि प्रकारको हुन्छ । निर्देशित प्रतिक्रिया भनेको कुनै कार्य गर्नका लागि कोही कसैको निर्देशन मान्नु वा सोही बमोजिम कार्य गर्नु हो । यान्त्रिकीकरण भनेको कुनै पनि सिकेका सिपहरूलाई बिना गल्ती सम्पादन गर्नु हो । जटिल कार्यको प्रतिक्रिया भनेको बिना निर्देशन पनि कुनै कार्य सम्पन्न गर्न सक्नु हो । समायोजन भनेको कुनै पनि कार्यमा समावेश हुन सक्नु वा घुलमिल हुन सक्नुलाई बुझिन्छ । गाडीको गतिसँग समायोजन गरेर ओर्लनु यसैको उदाहरण हो । मौलिकपन भनेको सिकारू रचनात्मक कार्यमा सहभागी हुन सक्नु हो ।

ब्लुमले गरेका शैक्षिक उद्देश्यहरूको वर्गीकरणका कमजोरीहरूको आलोचनाबाट मार्जानो र केन्डलले शैक्षिक उद्देश्यहरूको नयाँ वर्गीकरण गरे । यसलाई शैक्षिक उद्देश्यहरूको नयाँ वर्गीकरण भनिएको पाइन्छ । उनीहरूले लक्ष्यहरूको वर्गीकरणको क्रममा चिन्तनका तीन प्रणालीहरू र ज्ञानका तीन क्षेत्रहरूको बारेमा चर्चा गरे । त्यसक्रममा चिन्तनका प्रणाली र ज्ञानका क्षेत्रहरूका बीचमा

अन्तर्सम्बन्ध रहने कुरा गरे । चिन्तन प्रणाली भनेको मानिसमा हुने मानसिक प्रक्रिया हो भने ज्ञानका क्षेत्रहरू भनेका सिकाइ सिकिने प्रकारहरू हुन् । (शर्मा एण्ड शर्मा, २०६७, पृ.२०४) मार्जानो र केन्डालले यसरी शैक्षणिक उद्देश्यहरूलाई दुई प्रकारले वर्गीकरण गरेकाले उनीहरूको वर्गीकरणलाई दुई आयामिक मानिन्छ । उनीहरूको वर्गीकरणलाई विस्तृत रूपमा तल प्रस्तुत गरिन्छ :

**(क) चिन्तनका प्रणालीहरू**

१. स्वप्रणाली २. उच्च संज्ञानात्मक प्रणाली

३. संज्ञानात्मक प्रणाली (ज्ञान, बोध, विश्लेषण, पुनः प्राप्ति)

**(ख) ज्ञान प्राप्तिका क्षेत्रहरू**

१. सूचनाको क्षेत्र २. मानसिक प्रक्रियाको क्षेत्र ३. मनोक्रियात्मक क्षेत्र

मार्जनो र केन्डालले शैक्षिक उद्देश्यको वर्गीकरण गर्दा ज्ञानलाई सबैभन्दा बढी महत्त्व दिएका छन् । यो प्रक्रियामा ज्ञानको सर्वोपरि भूमिका रहने कुरा उनीहरूले उल्लेख गरेका छन् । चिन्तन प्रणाली स्वप्रणाली, उच्चसंज्ञानात्मक प्रणाली र संज्ञानात्मक प्रणालीको अन्तिम निष्कर्ष भनेकै ज्ञानको प्राप्ति हो भन्ने उनीहरूको मत रहेको छ । अर्थात् चिन्तन प्रणालीका तीनवटै कार्य सम्पन्न भएपछि ज्ञानप्राप्ति हुन्छ । स्वप्रणालीले विद्यार्थीलाई कुनै पनि निर्णय गर्न र नगर्न सहयोग गर्दछ । त्यसपछि त्यो कुरा उच्चसंज्ञानात्मक प्रणालीमा प्रवेश गर्दछ । यो एक प्रकारको प्रक्रिया हो । त्यसपछि संज्ञानात्मक प्रणालीले त्यसलाई संरक्षण गर्दछ । ज्ञानप्राप्तिका लागि चिन्तनका प्रणालीहरूले ठीक हिसाबले काम गर्नुपर्दछ भन्ने उनीहरूको मत रहेको छ ।

मार्जनो र केन्डालले ज्ञान प्राप्तिका क्षेत्रहरूलाई पनि तीन किसिमले वर्गीकरण गरेका छन् : सूचनाको क्षेत्र, मानसिक प्रक्रियाको क्षेत्र र मनोक्रियात्मक प्रक्रियाको रूपमा । कुनै पनि विषयवस्तुको बारेमा सही र सामान्य जानकारी प्राप्त गर्नु भनेको सूचनाको क्षेत्र हो । यसमा के भन्ने कुराको जानकारी हुन्छ । मानसिक प्रक्रियाको क्षेत्रमा बालबालिकाले कुनै पनि विषयवस्तुमा कसरी त्यस्तो हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्दछ । यस क्षेत्रमा 'बालकले प्रयोगको पूर्वाभ्यास गर्ने, विषयमा भएका त्रुटीहरू सच्चाउने र स्वतस्फूर्त रूपमा विषयको प्रयोग गर्ने काम' गर्दछ । (ऐजन, पृ.२०६) मनोक्रियात्मक क्षेत्र भनेको ज्ञानप्राप्तिको अन्तिम क्षेत्र हो । यसमा सिकारूले आफूले सिकेको ज्ञानका आधारमा कुनै सिप सम्पन्न गर्दछ । सिकेको सिपका आधारमा गर्ने शारीरिक गतिविधि नै मनोक्रियात्मक क्षेत्र हो ।

यसरी शैक्षिक उद्देश्यको वर्गीकरण बेन्जामिन एस. ब्लुम र मार्जनो तथा केन्डालले गरेको देखिन्छ । यो वर्गीकरणको प्रयोग नेपालको शैक्षिक पाठ्यक्रममा के कसरी

भएको छ भन्ने पनि हेर्नुपर्ने देखिन्छ । ब्लुमको वर्गीकरण र नयाँ वर्गीकरण दुबैले ज्ञान, बोध र त्यसको प्रयोगलाई जोड दिएको देखिन्छ । ज्ञान र बोध दुबै मानसिक प्रक्रिया हो भने प्रयोग मानसिक र शारीरिक भएको निष्कर्ष उनीहरूले गरेको शैक्षिक उद्देश्यहरूको वर्गीकरणबाट थाहा पाउन सकिन्छ ।

## ३. नेपालको शिक्षाको उद्देश्य

नेपालको शिक्षा प्रणालीमा पनि ज्ञान, सिप र प्रवृतिलाई आधार बनाएर पाठ्यक्रम निर्माण गरिएको पाइन्छ । आधारभूत तहको पाठ्यक्रम (कक्षा ६-८) (२०६९) मा सक्षमताको बारेमा चर्चा परिचर्चा गरिएको छ । त्यसको परिभाषामा भनिएको छ - **'सक्षमता भनेको व्यावहरिक तथा सामाजिक जीवनयापनका लागि व्यक्तिलाई आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति तथा कार्य प्रर्दशन गर्न सक्ने क्षमता र कार्य तत्परताको सम्मिश्रण हो । सिकाइबाट विद्यार्थीमा विकास भएको आचरण, सोचाइ र व्यवहारमा देखिएको परिवर्तन र निश्चित ज्ञान एवं सिपमा दक्षता प्राप्तिबाट विद्यार्थीको सक्षमता सुनिश्चित गर्न सकिन्छ । ... सक्षमता शिक्षाका चार स्तम्भ छन् : ज्ञान र सूचनाको विस्तार, प्रर्दशन सिप, सकारात्मक प्रवृत्ति विकास तथा मूल्य मान्यता र विश्वासको प्रयोग । ‒सिप विकासको आधार ज्ञान हो । सिकारूको दैनिक जीवनयापन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न बनाउने गरी विकास गरिएको पाठ्यक्रम ।'** (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) आधारभूत तहको पाठ्यक्रमले आफ्ना शैक्षिक उद्देश्यमा ज्ञान, बोध र प्रयोगमै जोड दिइएको देखिन्छ । ब्लुम वा नयाँ वर्गीकरणका आधारमा हेर्ने हो भने पनि ज्ञानलाई सूचनाको क्षेत्रका रूपमा, बोधलाई मानसिक प्रक्रियाका रूपमा र प्रयोगलाई मनोक्रियात्मक क्षेत्रका रूपमा लिन सकिन्छ । तसर्थ नेपालको शैक्षिक पाठ्यक्रममा ब्लुम टेक्सनोमी तथा पछिल्लो नयाँ टेक्सनोमीको प्रयोग गरिएकै देखिन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा ९-१० (२०७१) मा **'व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जनजीवनमा आइपर्ने समस्या सामाधान गर्न, अरूको विचार तथा भावनाको कदर गर्न, विविध प्रकारका श्रम तथा पेसाप्रति सकारात्मक सोच राख्न, समालोचनात्मक सोचको विकास तथा अभ्यास गर्न र विश्लेषणात्मक सिपको विकास र उपयोग गर्न, सक्षम नागरिक तयार गर्न सहयोग गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो'** भन्ने कुरा उल्लेख छ । यस्तै यो पाठ्यक्रम 'सिकारूको दैनिक जीवनयापन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, अभिवृत्ति, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न सक्ने बनाउने गरी विकास गरिएको' भन्ने कुरा उल्लेख गरिएको छ । (माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा ९-१०, २०७१) यसबाट पनि के देखिन्छ भने नेपालका

पाठ्यक्रमहरूले पनि ज्ञान, सिप र प्रवृत्तिलाई आफ्नो उद्देश्य बनाएको देखिन्छ । तर कार्यान्वयनका चरणमा भने समस्या रहेको पाइन्छ । त्यस्ता समस्याहरूको पनि केही चर्चा यहाँ गर्नु आवश्यक छ ।

नेपाल अल्पविकसित मुलुकको संज्ञाबाट आज पनि मुक्त भइसकेको छैन । त्यसकारणले गर्दा नेपालका नीतिनिर्माता, सरकार, सामाजिक अभियन्ताहरू, शिक्षक, विद्यार्थीहरू सबैका दृष्टिमा शिक्षा प्राथमिकतामा पर्न सकेको छैन । शिक्षालाई नाफा वा जागिरका रूपमा मात्र हेर्ने प्रवृत्ति व्याप्त छ । शिक्षालाई सेवाका आधारमा हेर्नुपर्छ भन्ने मान्यता स्थापित भएको छैन । शक्तिका लागि मानिसहरूको दौडधुप बढेको छ । फलतः शिक्षाका लक्ष्यहरूअनुरूपको परिणाम प्राप्त हुन सकेको छैन । तथापि पछिल्ला दिनहरूमा सकारात्मक परिवर्तन भएको छ ।

## ४. निष्कर्ष

शिक्षाका निश्चित उद्देश्यहरू हुन्छन् । त्यस्ता उद्देश्यहरूलाई विभिन्न प्रकारले वर्गीकरण गरिन्छ । बेन्जामिन एस. ब्लुमले संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक भनेर बर्गीकरण गरे । नयाँ वर्गीकरणले चिन्तन प्रणाली र ज्ञान प्रणालीका क्षेत्र भनेर उद्देश्यहरूको वर्गीकरण गऱ्यो । दुबै वर्गीकरणहरूले शिक्षाको उद्देश्य मानसिक र शारीरिक परिवर्तनलाई सम्बोधन गर्न सक्ने खालले वर्गीकरण गरे । नेपालको आधारभूत र माध्यमिक दुबै तहका पाठ्यक्रममा सक्षमताका रूपमा ज्ञान, सिप र प्रयोगलाई जोड दिएको पाइन्छ । आगामी दिनका पाठ्यक्रममा पनि यस्तो वर्गीकरणलाई अझ घनीभूत रूपमा प्रयोग गरिने संभावना पनि देखिन्छ ।

## सन्दर्भग्रन्थसूची

**आधारभूत शिक्षा पाठ्यक्रम** (कक्षा ६-८) २०६९, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।

**माध्यमिक शिक्षा पाठ्यक्रम** (कक्षा ९-१०), २०७१, पाठ्यक्रम विकास केन्द्र : भक्तपुर ।

निउरे, धुव्रप्रसाद (२०७४), **पाठ्यक्रम तथा मूल्याङ्कन**, क्वेस्ट प्रकाशन : काठमाडौँ ।

सिंह, नागेश्वर (२०६६) **पाठ्यक्रम र मूल्याङ्कन**, पैरवी प्रकाशन : काठमाडौँ ।

शर्मा, चिरन्जीवी र निर्मला शर्मा (२०६७), **पाठ्यक्रम योजना र अभ्यास**, एम. के पब्लिसर्स : काठमाडौँ ।

ooo

# जय हनुमान् !

✍ पन्थी रामप्रसाद
रेसुङ्गा न.पा.-२, तम्घास, गुल्मी

पवनपुत्र हनुमान्को पराक्रमको वर्णन गर्न हजार जिभ्रा भएका शेष नागले त गर्न असमर्थ छन् भने म कसरी सकूँला र ! उनी जस्तो वीर; बलवान्; शक्तिशाली; शौर्यशाली पात्रको महिमा गान गर्न पाउनु पनि अहोभाग्य ठान्दछु । अञ्जनीकुमार वास्तवमा शक्ति र भक्तिका ज्वलन्त उदाहरण हुन् । सात समुद्र पार गरेर सीताजीलाई भेट गर्ने, लंका दहन गर्ने, सञ्जीवनीका लागि पर्वतै उठाएर ल्याउने, युद्धकालमा प्रवीण हनुमान्ले छाती चिरेर अन्तरआत्मामा विराजमान प्रभुको तस्वीर देखाएर भक्तिभावको नमूना प्रदर्शन गर्ने लगायतका अनेकौं कार्यहरू गरेका छन् । हनुमान्को जप र तप गर्नाले मात्रै अनेकौं सन्तापहरू नाश हुन्छन् । धनधान्य र आरोग्यले युक्त भइन्छ । सङ्कटबाट मुक्त भइन्छ । जनविश्वास छ यस्तै ।

**"काम गर्ने हनुमान् पगरी गुथ्ने ढेंडु"** उखान स्मरणीय छ, यहाँनेर । हुनमान् कर्मयोगी थिए । ढोंगी थिएनन् । काममा विश्वास गर्थे । सम्मानमा होइन । "कर्म गर फलको आशा नगर" भन्ने दर्शन हनुमान्मा पाउन सकिन्छ । यी त भए त्रेता युगका रामभक्त हनुमान्का कुरा । शूरताका कुरा । वीरताका कुरा । भक्तिका कुरा । शक्तिका कुरा । दयावीर, दानवीर, धर्मवीर र युद्ध वीरका कुरा । सबै किसिमका कला र कौशलले युक्त पुरुषका पुरुषार्थका कुरा ।

अब गरौं, कलीयुगका हुनुमान्का कुरा । कलीयुगका हनुमान्को शक्ति कति अपरम्पार छ ? यसको म अनुमान पनि गर्न असमर्थ छु । "मान या नमान मै तेरा मेहमान" भनेझैं तपाईं मान्नुहोस् या नमान्नुहोस्; आजका हनुमान् अझ अद्भुत छन् । चमत्कारी छन् । अलौकिक औ औतारी छन् । जेहोस् पौराणिक हनुमान्सँग यिनको नाता कायम छ । समय सन्दर्भले कार्यशैलीमा भिन्नता आए होला । व्यवहार र आचरणमा पृथकता आएहोला । अझ भनौं वर्तमान हनुमान् जगत्ले पृथकतावादलाई अवलम्बन गरे होलान् ।

पवनपुत्र हनुमान्ले सानो छँदा फल ठानेर सूर्यलाई खान खोजेका थिए भन्ने सुनिन्छ । आजका हनुमान्हरू पृथ्वी खाने सिको गर्दैछन् । उनले भक्तिभाव प्रदर्शन गर्न आफ्नै छाती चिरेर देखाएका थिए । यिनले आफन्तका छाती चिर्दै हिडेका छन् । उनले दुश्मनको वाटिका ध्वस्त पारेका थिए । यिनले आफ्नै वाटिका ध्वस्त पारेका छन् । उनले दशाननको दरबारमा आगो सल्क्याइदिएका

थिए । यिनले आफ्नै घरबारमा आगो दन्क्याइदिएका छन् । उनले पहाड बोकेर सञ्जीवनी ल्याउँथे । यिनले पहाड फोरेर सञ्जीवनी दिएका छन् । उनी शत्रुलाई पाठ पढाउँथे । यिनी शत्रुसँग पाठ पढ्छन् । फरक यी र यस्तै कुरामा छ ती र यी हनुमान्मा ।

वानर जातिका हनुमान् एउटै थिए । नर जातिका हनुमान् भने असंख्य छन् । उनले कहिल्यै आफूलाई ठूलो ठानेनन् । शक्तिको दुरूपयोगलाई उचित मानेनन् । थाहा छैन; त्यो उनको अज्ञानता थियो या महानता ? प्रश्नको गहनता यहाँनेर छ । ती हनुमान्ले कहिल्यै शक्ति केन्द्र खडा गरेनन् । सत्ता केन्द्रको मोह गरेनन् । न भत्तामा ध्यान दिए । न लत्तामा ध्यान दिए । दिए त केवल त्याग, समर्पण औ बलिदानमा । त्यसबापत केही लिएनन् । आजका हनुमान्ले केही दिएनन् वा दिन जानेकै छैनन्; यसो भन्नु सर्वथा गलत हुन जान्छ । अन्य मण्डलका हनुमान्का तुलनामा नेपाल मण्डलका हनुमान् अलिक उदार नै छन् दिने सबालमा । आशुतोषले आफ्नै सती दिए जस्तै । दिन्छन् यिनले आफ्नै सर्वश्व । आफ्नै जननी । आफ्नै मुलुक । आफ्नै श्री । आफ्नै सम्पत्ति । दधिचिझैँ उदारमना छन् यी । बोधिसत्वझैँ सत् चित्त । सत् चित् आनन्दको समष्टि रूप सच्चिदानन्दको स्वरूप छ यिनमा । त्यसैले यी अज्ञेय छन् । जान्नै नसकिने । दुर्बोध छन् । बुझ्नै नसकिने । दुर्भेद्य छन् । छिचोल्नै नसकिने । अर्थात् यी अपरम्पार छन् । पार पाउनै नसकिने । पार लाउनै नसकिने ।

हामीले हाम्रो जीवन दर्शनलाई मूलतः दुई वर्गमा वर्गीकृत गरी विचार विवेचना गर्दछौँ - अध्यात्मवादी र भौतिकवादी । यी वाद र वादी सम्प्रदायभित्र पनि अनेकौँ मतमतान्तरहरू रहेका छन् । यिनकै जगमा अडिएर अनेकौँ शाखा - प्रशाखाहरू विकसित भएका छन् । ठिक त्यसैगरी हामी हनुमान् जगत्लाई पनि लिन सक्छौँ । शोध अनुसन्धानको विद्यार्थीले अनुसन्धानका सीमा निर्धारण गरे जस्तै हामीले पनि हनुमान् जगत्का सीमा निर्धारण गर्न सक्छौँ । यसो गर्दा हनुमान् जगत्का पनि दुई वर्ग फेला पर्दछन् । ती हुन् - राजनीतिक हनुमान् र गैरराजनीतिक हनुमान् । यी दुई वर्गमा राजनीतिक जगत्का हनुमान् आफूलाई अब्बल दर्जाका ठान्छन् । यिनका विचारमा गैरराजनीतिक जगत्का हनुमान् दोस्रो दर्जाका हनुमान् हुन् । त्यसैले यी पूजक हुन् । सेवक हुन् । मेवक हुन् (सधै पूजा गर्ने, सेवा दिने, मेवा दिने) । त्यसैले यी आफूलाई मालिक र जनतालाई घोडा ठान्छन् । अलिकति दानापानीको आशमा बोकिरहनुपर्ने । कोर्राको त्रासमा हिडिरहनुपर्ने । आश्वासनको लगाममा बाँधिरहनुपर्ने । दिग्भ्रमित छन् गैरराजनीतिक हनुमान्हरू । हिजो काला जातिका मानिसले कालो हुनुलाई अभिशाप ठाने जस्तै । अभिशप्त छन् यिनीहरू र बाध्य छन् बोक्न राजनीतिक

हनुमान्‌हरू । हत्केलामा त घरी काँधमा बोक्न बाध्य छन् आदर्श राम, सीता र लक्ष्मणहरू । कुन जहर हो, कुन सञ्जीवनी ? थाहा छैन । अनि बोक्छन् पहाडहरू । जेहोस् राजनीतिक दलका हनुमान्‌हरू दलैपिच्छे हनुमान् दल तयार पारेर सेवा लिइरहेछन् हनुमान्‌हरूबाट । सेवा दिइरहेछन् हनुमान्‌हरू । लाग्छ सबैका नाडी-नसाहरूमा दौडिरहेछ नशा हनुमान्‌को । त्यसैले त हामीहरू पालिरहेछौं हनुमान्‌हरू । पुजिरहेछौं हनुमान् । ढोगिरहेछौं हनुमान्‌हरू । पृथक् शैली, रूप र रङ्गका हनुमान्‌हरू विराजमान् छन् हाम्रा मनमस्तिष्कहरूमा । अनि राज गरिरहेछन् हामीमाथि । आवरण र आकृतिका फरक-फरक हनुमान्‌हरू पाल्दै-फाल्दै र फाल्दै-पाल्दै आइरहेछौं हामी । राणातन्त्र, पञ्चायततन्त्र, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आदि अनेकौं तन्त्र फलाक्ने हनुमान्‌हरूले शासन गरिरहे हामीमाथि । शाषित भइराख्यौं हामीहरू । थाहा छैन यो हनुमान् बन्ने-बनाउने परम्पराको निरन्तरता अझै कति सन्तान दरसन्तानहरूमा जाने हो । अत्तोपत्तो छैन । हनुमान् बन्ने-बनाउने परम्पराको थालनी कहिलेदेखि भयो ? कोबाट भयो ? कहाँसम्म पुग्छ ? कहिले टुङ्गिन्छ ? केही थाहा छैन । जुन कुराको न फेद थाहा छ न टुप्पो; त्यसैकै बारेमा वर्णन गर्न खोज्नु पनि मूर्खता हो । यसर्थ हनुमान्‌को बारेमा वर्णन गर्न खोज्ने मेरो धृष्टतादेखि आफैलाई ताजुब लागेर आउँछ । नानीदेखिको बानी छोड्न सकिंदो रहेनछ । अनि भन्न मन लाग्छ - **'जय हनुमान् ।'**

०००


# प्रत्येक वर्ष भाद्र १५ गते नेपालमा राष्ट्रिय पुस्तकालय दिवस मनाउने गरौं ।

**- किरण पुस्तकालय**
**तम्घास, गुल्मी**

सिलोक छन्द

# रेसुङ्गा हेर्दै मरूँ

✍ **शारदा पन्थी खनाल**
**तम्घास, गुल्मी**

रेसुङ्गा गिरि कुञ्जभित्र जति छन् स्वर्गीय ठाउँहरू
मुक्ती मार्ग ती छन् बुझौं सहजमा सन्देह छाडौं बरू
पैले नै ऋषिले बुझेर महिमा आई तपस्या गरे
ऋष्यशृङ्ग बसी तपोरत छँदा नामै रेसुङ्गा छ रे !

राजा दशरथले पनि यहीं आई पुत्रेष्टि यज्ञ गरे
छोरा जन्मिए चार भाइ दशरथ राजा खुशीमा परे
पानी यहाँ थिएन कुवा कतै धारो पँधेरो पनि
हानेर श्रीरामले धनुषबाण पानी निकालौं भनी ।

भाइ लक्ष्मण साथमा थिए सधै रामका चरणमा परे
आज्ञा जो रघुनाथको हुन गयो सोही बमोजिम गरे
वर्षाको पानी पिउँथे ऋषि मुनि पातै टिपी खोंचले
गुरुजी श्री विष्णुका बाहानले कुवा खने चोंचले ।

श्रीराम लक्ष्मण नामका पोखरी छन् छन् कुण्ड क्या कञ्चन
गौरी कुण्ड गरूड कुण्ड जति छन् नुहाउँछन् सज्जन
रेसुङ्गा शिर शैलको शिखरमा माधुर्य सौन्दर्यता
काली गंगा सुसाउँछिन् बगलमा स्पर्श गर्दै उता ।

छल्दी वेग विवेकले छचलिदै रेसुङ्गाको पाउमा
दाइने साइनो लगाउँदै बढीघाट भेटछन् एकै ठाउँमा
ओढ्दै रातो पछ्यौरी मल्मल छाँया छ रूप रेसुङ्गाको
छोड्दै जाँदा मलीन छन् खोला नाला माया छ रेसुङ्गाको ।

खेल्छन् मृगहरू त्यहीं यता उता तल र माथि गरी
गाउँछिन् कोइली नाच्दछिन् रानी चरी हेर्छन् तमासा सरी
लाखौं लाख बुटी अनमोल ओखती अमृत सञ्जीवनी
नाना रङ्ग भरी लता कुसुमले सजाउँछिन् इन्द्रेणी ।

सुनगाभा त्यहीं फुल्दछन् लालीगुराँस चम्पा चमेली पनि
कोटि वृक्ष सुवासना सितलता दिन्छन् पवन् पल्लबी
बिहानी पख चिरविर चिडियाले शान्ति गीत गाउँछन्
पर्दा मिरमिरेको उठाई रोसनी लालित्य बर्साउँछिन् ।

रसाई पहरा झरेका छहरा झंकारमा झ्याउँकिरी
साउने गोठ रमाइलो गाई बाछा पर्वत गोवर्धन गिरि
बिहानै उठी द्वार खोल्छन् रविले सुवर्ण छर्छन् कला
सन्ध्यामा सुनझैं भएर रविका पर्छन् यहाँ झल्झल ।

तारा झिल्मिल गर्दछन् क्षितिजमा रेसुङ्गा झल्काउन
कोटि देव यहाँ विराजमान छन् सम्मान समर्पण
प्रकृति हरिया फेरेर फरिया लीला सहस्र बोकी
युगान्तकारी ऋषिका तपसले सत्यता झल्कन्छ कि ?

जङ्गलभित्र रहेछ मङ्गल लीला श्री सिद्धको शक्तिले
यस्तो शक्ति अपार मिल्दछ कतै रेसुङ्गाको भक्तिले
गंगालाई त लाग्छ रे ऋतु सुतक साउनको मैनामा
बाह्रै मास पवित्र यहाँ पोखरी छन् रेसुङ्गा कैलाशमा ।

जो भक्तजनले पवित्र मनले दर्शन गरे तापनि
ठूलो पुण्य कमाउन यो दुनिया छोडेर जाँदा पनि
सुन्छौं वेद पुराण भागवत गीता कथा श्रीरामको
जय जय होस् जय होस् रेसुङ्गा नगरी पुण्य महाधामको ।

वर्णन गर्न सामर्थ्य छैन अरू क्यै यौटा यो बिन्ती गरूँ
मेरो अन्तिम कालको समयमा रेसुङ्गा हेर्दै मरूँ ।

०००

# जनविकास पुस्तकालय, बझाङ

बझाङ जिल्ला सुदूरपश्चिम प्रदेशअन्तर्गत पर्ने हिमाली क्षेत्रमा अवस्थित अति दुर्गम र विकट ठाउँको रूपमा चिनिन्छ । हाल आएर मोटरबाटो बनेपछि केही हदसम्म मानिसको गास, बास तथा जीवनस्तरमा सुधार हुँदै आएको महसुस हुन थालेको छ । शिक्षा विकासको क्षेत्रमा भने अझै धेरै प्रयास गर्नुपर्ने देखिन्छ । बझाङमा जन्मिएका राजा जयपृथ्वीबहादुर सिंहले स्थापना गरेको सत्यवादी पाठशालाको पठनपाठन (वि.सं. २००८ सालदेखि मा.वि. स्तरको) हुन थालेपछि बझाङ्गी जनताले शिक्षाको ढोकाभित्र प्रवेश पाएको बुझिन्छ । उच्च शिक्षा अध्ययनको लागि भने हुने खानेहरूले काठमाडौंतिर वा बाहिर जिल्लातिर नै निस्किनुपर्ने बाध्यता थियो । पाठ्यक्रमभन्दा बाहिरका पाठ्यपुस्तक तथा पाठ्यसामग्री अध्ययनको कुनै अवसर नै थिएन त्यतिबेला । सोही अवस्थालाई मध्यनजर गरी बझाङ रनाडा निवासी स्व. श्री गजेन्द्रबहादुर सिंह (भू.पू. क्याम्पसप्रमुख, जयपृथ्वी क्याम्पस) को अगुवाइमा, स्व. श्री रामप्रसाद खत्री (समाजसेवी), श्री विष्णुप्रसाद खत्री (भू.पू. सचिव, सामान्य प्रशासन मन्त्रालय), स्व. श्री गगनजङ्गबहादुर सिंह (भू.पू. वनराज्य मन्त्री) लगायतका शिक्षाप्रेमी व्यक्तित्वहरूले वि.सं. २०१५ सालमा जनविकास पुस्तकालय चैनपुर, बझाङको स्थापना गरेको पाइन्छ ।

स्थापनाकालमा रामप्रसाद खत्रीको अध्यक्षतामा सञ्चालक समिति गठन गरिएको र उहाँका छोरा विष्णुप्रसाद खत्रीको पहलमा काठमाडौंमा अध्ययनरत तत्कालीन विद्यार्थीहरूले आवश्यक पुस्तकहरू संकलन गरी बझाङ पठाउने कार्य भएको देखिन्छ । पुस्तकालयको लागि आवश्यक पर्ने घर अध्यक्ष खत्रीज्यूको घरअगाडि सूर्यादेवीको गुठी जग्गासँग जोडिएको सानो जग्गा निःशुल्क प्राप्त गरी, श्रमदानबाट र चन्दादानबाट प्राप्त रकमले निर्माण कार्य भएको थियो । सो १ तले स्लेटले छाएको घरमा संकलित पुस्तकहरू सजाई दिनको ४ घण्टाजति खुला राखी अध्यक्षज्यूले नै सञ्चालन गर्ने गर्नुभएको पाइन्छ । वि.सं. २०५६ सालदेखि २०६१ सालसम्म स्व. श्री सुवर्णबहादुर सिंह (अध्यक्ष खत्रीका छोरीपट्टिका नाति) लाई मासिक रूपमा रू.१००० । - पारिश्रमिक दिई दिनको ३ घण्टा (दिउँसो २ बजेदेखि ५ बजेसम्म) खोल्ने र बन्द गर्ने कार्य भएको थियो । यसैगरी वि.सं. २०६२ देखि २०६७ सम्म निवृत्त शिक्षक शिवराज छत्याललाई सो कामको जिम्मेवारी दिइयो ।

पछिल्लो समयमा आएर जिल्लामा विद्यालय, क्याम्पस तथा शैक्षिक संस्थाहरू खोलिएका थिए । ती संस्थाहरूले आफ्नै मातहतमा पुस्तकालयको रूपमा बूक कर्नरसमेतको व्यवस्था हुने गरेको र सञ्चालकहरूमा धेरै जसो व्यक्तित्वहरूको देहवासन भएको र केही जीवित व्यक्तित्वहरू काठमाडौंतिर नै रहनुभएकोले पुस्तकालयको प्रभावकारी सञ्चालन हुन सकेन । सो अवस्था करिब ७/८ वर्ष जति कायम रह्यो । तत्पश्चात् पुस्तकालयको सञ्चालक समिति पुनर्गठन गरी श्री विश्वप्रकाश जेठारा अध्यक्ष र विष्णुप्रसाद खत्री संरक्षक रहनुभयो । हाल आएर २०७५ कार्तिक १ गतेदेखि स्वयंसेवी रूपमा शिक्षक धीरेन्द्रबहादुर सिंहले दैनिक रूपमा (४ बजेदेखि ५ बजेसम्म) १ घण्टा खोल्ने र बन्द गर्ने कामको जिम्मेवारी लिनुभएको छ ।

पुस्तकालयका भौतिक सामग्री अवलोकन गर्दा १ तले घरभित्र माथिल्लो तल्लामा ८ वटा स्टील ऱ्याकहरू (२०७१/०७२ आ.व.मा शिक्षा मन्त्रालयको सहयोगबाट), टेबल १, काठका हाते बेन्च ३, काठका कुर्सी २ वटा रहेका छन् । पुस्तकहरूमा इतिहास, विज्ञान, औषधि विज्ञान, धार्मिक, भाषा साहित्य, जीवनी, कथा कहानी र कविता जस्ता गरी करिब ३००० पुस्तकहरू मौज्दात भएको सञ्चालक सिंह बताउनुहुन्छ ।

पुस्तकालयको लाइब्रेरी इसू बूकको रेकर्ड हेर्दा प्रायः पाठकहरूले पढ्न रुचाएमा पुस्तकहरू घरमा लगेर पढ्ने गरेको भेटिन्छ । पुस्तकालयको भवन रोडसँगै जोडिएको र पढ्ने उपयुक्त कोठा नभएकोले यस्तो अवस्था सिर्जना भएको पाठक वर्ग तथा व्यवस्थापकको भनाइ छ । शिक्षाको ज्योति राम्ररी नफैलिएको अवस्थामा बझाङ जस्तो दुर्गम भेगमा पुस्तकालय स्थापना गरी यो अवस्थासम्म ल्याइ पुऱ्याउनुहुने सम्पूर्ण सञ्चालकहरू धन्यवादका पात्र हुनुहुन्छ भने यसमा समयानुकूल सुधार गर्नु आजको आवश्यकता हो । यसमा सबैको ध्यान जानु उत्तिकै जरूरी छ ।

**– केशबहादुर खाती**
निवर्तमान सभापति – ने.रे.सो., बझाङ
तथा
प्रधानाध्यापक – बालविकास प्रा.वि., गोलाई

ooo

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'मा विज्ञापन दिएर लाभ उठाउनुहोस् ।**

# किरण पुस्तकालयका प्रकाशनलाई विश्वव्यापी बनाउने प्रयास

२०७५ सालमा किरण पुस्तकालयले स्वर्णजयन्ती मनायो । अनेकौं आरोह–अवरोहका बीच किरण पुस्तकालयले आधा शताब्दी पार गर्‍यो । आधा शताब्दीका यसका मुख्य क्रियाकलापहरूलाई **'हाम्रो पुरुषार्थ'**को स्वर्णवर्ष विशेषाङ्कमा यसका सहयोगी, हितैषी, पाठक र लेखकका विचारहरू समावेश गरिएका छन् । किरण पुस्तकालयको एउटा संक्षिप्त अभिलेखको रूपमा कुल ४२८ पृष्ठ भएको **'हाम्रो पुरुषार्थ'**को यो विशेषाङ्क आजका नयाँ पाठकहरूलाई अन्वेषणीय र पठनीय सामग्री बन्नेछ भन्ने हाम्रो विश्वास छ ।

स्वर्णजयन्तीको अवसरमा पुस्तकालयका लागि सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको नयाँ भवन निर्माण कार्यको थालनी गर्नु हो । स्वर्णवर्षको अवसर पारेर २०७५ साल कार्तिक १८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण बिष्टले एक भव्य समारोहका बीच वैदिक विधिपूर्वक किरण पुस्तकालयको नयाँ भवन निर्माण कार्यको शिलान्यास गर्नुभयो । उक्त विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले यो भवन जति सक्यो छिटो सम्पूर्ण लागत ब्यहोर्ने गरी नेपाल सरकारको तर्फबाट बनाइनेछ भनी आश्वासन दिनुभएको थियो । उहाँको आश्वासनअनुरूप नै २०७६ सालबाट सम्पूर्ण प्रक्रिया पूरा गरी किरण पुस्तकालयको नयाँ भवन निर्माण कार्य द्रुत गतिमा अगाडि बढिरहेको छ । पुस्तकालय परिवारका लागि यो अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक उपलब्धि बन्न गएको छ । यसका लागि पुस्तकालय व्यवस्थापन समितिको बैठकले मन्त्री बिष्टप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गरेको छ ।

नेपाल सरकारको तर्फबाट पुस्तकालयको भवन निर्माणका लागि बजेट विनियोजन गराई तत्काल कार्यान्वयनमा ल्याउनका लागि मन्त्रीज्यूले निरन्तर देखाउनुभएको उत्साह र सक्रियता अत्यन्त प्रशंसनीय छ । वाई.ए. इञ्जिनियरिङ्ग कन्सल्टेन्सी काठमाडौंका इञ्जिनियर अमन मास्केले तयार गर्नुभएको डिजाइन, ड्रइङ्ग, लागत इस्टिमेटसहितको नक्शा निःशुल्क पास गरिदिनका लागि रेसुङ्गा नगरपालिकालाई अनुरोध गरिएको थियो । मिति २०७५/७/११ मा रेसुङ्गा नगरपालिका कार्यालय घर नक्शा शाखाबाट भवन निर्माण अस्थायी इजाजतपत्र प्राप्त भएको थियो ।

यस बीचमा नेपाल सरकारको तर्फबाट ५ करोड ६० लाख जतिको बजेट विनियोजन भई गोरखापत्रमा टेण्डर निस्कने कुराको जानकारी प्राप्त भएको थियो । मिति २०७५/१२/१० गते आइतबारको गोरखापत्रमा बोलपत्र आह्वानसम्बन्धी सूचना अँग्रेजी भाषामा प्रकाशित भयो । नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) बबर महल, काठमाडौंले इलेक्ट्रोनिक बिड्स आह्वान गर्‍यो । टेण्डर आह्वानका सम्पूर्ण प्रक्रिया पूरा गरी २०७६/३/२ मा ठे. बाँसुरी सुनिल समीर जे.भी. गुल्मीसँग राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) ले ठेक्का सम्झौता (Contract Agreement) गर्‍यो । उक्त प्राधिकरण केन्द्रीय आयोजनाबाट २०७६/३/१८ मा २१ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिइएको छ । उक्त कार्यादेश २०७६/३/२५ देखि लागू भएको छ । यसको रेखदेख जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) पाल्पाबाट हुनेछ ।


नेपाल सरकारबाट कार्यादेश प्राप्त भएपछि बाँसुरी सुनिल समीर जे.भी., जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) पाल्पा र किरण पुस्तकालय व्यवस्थापन समितिको एउटा संयुक्त बैठक बसी निर्माण कार्य अगाडि बढाउने समझदारी कायम भयो । पुस्तकालयको पुरानो भवन भत्काई तत्काल निर्माण कार्य अगाडि बढाउनका लागि भवनमा भएका पुस्तक, पत्रपत्रिका, फर्निचर आदि सामग्री स्थानान्तरण गर्नका निम्ति पुस्तकालयले नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा गुल्मी र जिल्ला समन्वय समिति गुल्मीलाई २/२ वटा कोठाहरू उपलब्ध गराइदिई सहयोग गर्न अनुरोध गर्‍यो । सो अनुसार उक्त शाखा र समितिबाट पुस्तकालयलाई कोठाहरू उपलब्ध गराइएको छ । अब पुस्तकालयको भवन निर्माण नहुँदासम्म पुस्तकालयको कार्यालय जिल्ला समन्वय समितिको भवन (समन्वयप्रमुखज्यूको निवास तलको भुईं तलामा, पहिले जिल्ला प्रशासन कार्यालय रहेको ठाउँमा) मा सञ्चालन हुनेछ । पुस्तकालयका अन्य सामग्रीहरू -पुस्तक, पत्र-पत्रिका, फर्निचर आदिको भण्डारण रेडक्रसबाट उपलब्ध गराइएका २ वटा कोठाहरूमा गरिएको छ ।

नेपाल सरकारको तर्फबाट निर्माण गरिने किरण पुस्तकालयको नयाँ भवनले पुस्तकालयको वर्तमान भौतिक अवस्थालाई पूरा गर्नुका साथै पुस्तकालयलाई अत्याधुनिक सुविधा उपलब्ध गराई ई-लाइब्रेरीको रूपमा विकास गर्न मद्दत गर्नेछ भन्ने विश्वास गरिएको छ ।

- ***सचिव***

# नौलो सृष्टि : सानो दृष्टि


## १. आधा जिस्ता




डा. बाबुराम ज्ञवाली पूर्वीय दर्शनसँग सम्बद्ध रहेर सारगर्भित निबन्धहरूका स्रष्टा मात्र नभई जीवनी, लघुकथा, व्यङ्ग्य र समालोचनाका क्षेत्रमा पनि परिचित नाम हो । उहाँ कुशल सम्पादक पनि हुनुहुन्छ । १२ वटा छानिएका लेखहरू जसलाई आधा जिस्ताभित्र लेखेर प्रस्तुत गर्न सकिन्छ । त्यसै अभिप्रायले प्रस्तुत संग्रहको नाम आधा जिस्ता राखिएको छ । यसको प्रकाशन किरण पुस्तकालयले आफ्नो १५ औं कृतिका रूपमा गरेको छ ।


प्रस्तुत संकलनको समीक्षा नेपाल चेयर काशी हिन्दू विश्वविद्यालयका डा. शिवप्रसाद पौडेलले गर्नुभएको छ । यस संकलनभित्र लेखकका विविध विषय-सन्दर्भका रचनाहरू छन् । पहिलो लेखमा लेखक कम्प्युटरका कारण पराधीन बन्न थालेको मानव पुस्ताका सन्दर्भमा चर्चा गर्दै मस्तिष्कको सर्वोच्चता स्वीकार्नु भएको छ । लेखकले ऐतिहासिक, पौराणिक एवं आध्यात्मिक विषय-सन्दर्भमा विचरण गर्दै गहन विचारहरू प्रस्तुत गर्नुभएको छ । उहाँको नवौं लेख – 'शब्दहरूको अर्थविस्तार र अर्थ सङ्कुचन : केही उदाहरण' मा लेखकले विगत केही समयअगाडि परिवर्तनका नाममा तथाकथित विद्वान्हरूले गरेको वर्णविन्यासगत परिवर्तन एवं भाषिक अराजक स्थितिको चित्रण गर्नुभएको छ । वास्तवमा यो सन्दर्भ नेपाली भाषाको विकासमा चिन्ताको विषय बन्न पुगेको छ । लेखकले यस लेखमा भाषिक संरचना लहडमा परिवर्तन नगर्न सुझाव पनि दिनुभएको छ । 'आधा जिस्ता' भित्रका सबै लेखहरू अत्यन्त महत्त्वपूर्ण छन्, सुरुचिपूर्ण, सारगर्भित र पठनीयसमेत रहेका छन् । अत्यन्त परिश्रमपूर्वक आफ्नो विद्वत्ता आधा जिस्तामा पस्केर कागजका किताबका पाना फर्काउने पाठकहरूमा समर्पण गर्नुहुने डा. ज्ञवाली साधुवादका पात्र हुनुहुन्छ ।

## २. बोकाको मन





चर्मचक्षुबाट ठगिएका काशीनाथ मिश्रित खण्डकाव्य, महाकाव्य, लेख-संग्रहका साथै विभिन्न साहित्यिक पत्रिकामा फुटकर रचना प्रकाशित गरेर ज्ञानचक्षुको पराक्रम देखाउने व्यक्तित्व हुन् । उनको बोकाको मन व्यङ्ग्य निबन्ध-संग्रह २०७५ मंसिरमा प्रकाशित भएको छ । प्रकाशनको जिम्मा लिने भुँडी प्रकाशनले व्यङ्ग्य निबन्ध स्रष्टाको रूपमा उनलाई चिनाएकोमा उक्त प्रकाशक साधुवादको पात्र भएको छ । यस संग्रहभित्र २४ वटा भिन्न शीर्षकका निबन्धहरू सङ्कलित छन् । निबन्धकार समाजका विकृति र विसङ्गतिहरूमा कतै आक्रोश पोख्न खप्पिस छन् भने कतै उनी भाषामा देखिएको उच्चारणगत त्रुटिलाई लिएर व्यङ्ग्य प्रहार गर्छन् अनि उनी 'ऐ' लाई 'ए' भनेर उच्चारण गर्नेहरूसित खनिएका छन् । निबन्धकारले लैङ्गिक विभेदको खोइरो खन्दै आत्मपरक शैलीमा 'थुइक्क छोरीको बाबु' निबन्ध रचना गरेका छन् । यस संग्रहमा भावना, साहित्य, राजनीति, समसामयिक सन्दर्भलगायतका पक्षमा व्यङ्ग्य गरिएको छ । नेतालाई चिठी लेख्दै निबन्धकारले खोलो तरेर लौरो बिर्सने नेताप्रति व्यङ्ग्य गरेका छन् भने छोरीलाई चिठी लेख्दा पनि निबन्धकार समसामयिक राजनीतिक सन्दर्भमा खनिएका छन् । साढे दुई दशकअगाडि रक्सी खण्डकाव्य लेख्ने निबन्धकार आज त्यही रक्सीलाई अँगेरो भन्दै गरेका छन् । लावर, चन्द्रमा र घाँसीमा निबन्धकार गाउँ समाजमा तीता-मीठा प्रसङ्गहरूमा डुलेका छन् । हरेक निबन्धमा निबन्धकारका वैयक्तिक अनुभवहरू पनि पोखिएका छन् । हाम्रो रूढीग्रस्त समाजले भिन्ना-भिन्नै रूपबाट पुऱ्याएका चोटहरू देखाउँदै अधिकांश ठाउँमा निबन्धकारले गुनासो र व्यङ्ग्य गरेका छन् । विभिन्न विषय-प्रसङ्गमा उनको कलम सशक्त रूपमा अगाडि बढेको छ । व्यङ्ग्य साहित्यको इतिहासमा प्रस्तुत संग्रह उल्लेखनीय कृतिका रूपमा रहनेछ । मिश्रितको साहित्यिक यात्रा अन्य विधातर्फ पनि मौलाउँदै जाओस् । हार्दिक शुभकामना !

## ३. हाम्रो संस्कृति र संस्कार




'सबै जाति मानव हो, मानव जाति एकै हो' भन्ने मानवीय चिन्तन बोकेका रणेन्द्र बरालीको नवौं कृति **'हाम्रो संस्कृति र संस्कार २०७२'** ढिलै भए पनि हातमा परेको छ । हाम्रो संस्कृति र संस्कारका विभिन्न पक्षहरूलाई चिरफार गर्दै रचना गरिएका २० वटा लेखहरू यस कृतिमा मुठो बनेर आएका छन् । धर्म-दर्शन, संस्कृति, मनुस्मृति, इतिहास, पुराण, वेद, निर्णयसिन्धु, श्रीमद्भागवत, बाइबल, गीता, कुरान, चाणक्य नीतिका साथै तत्सम्बन्धी विद्वान्हरूका लेखहरूसमेत गहिरो अध्ययन गरेर आफ्नो धर्म, संस्कृति र संस्कारभित्रका सकारात्मक र नकारात्मक दुबै पक्षलाई उजागर गर्ने कार्य प्रस्तुत संग्रहमा गरिएको छ । हाम्रा संस्कृति र संस्कारहरू आदि कालमा वैज्ञानिक तथ्यको जगमा उम्रेर समयको क्रमसँगै तिनीहरूमा क्रमशः विकार र विकृति देखिएको कुराको चुरो गहिरोसँग अध्ययन गर्दा भेटिने तथ्यतिर पनि लेखक पुग्नै आँट्नुभएको छ तर कतै पूर्वाग्रहका लेस भने नभेटिएका होइनन् । मानवताप्रति उपहास गर्दै जातपात, छुवाछूतका नाममा झाँगिएका विकृतिहरू आजको एक्काईसौं शताब्दीसम्म पनि हट्न नसकेको तीतो यथार्थसँग सबैको सहमति छ । शुरूमा सत्विचारले चालिएका कदमहरू पनि आज क्रमशः मोडिदै गएर विकृतिको रूप लिएको यथार्थसित लेखक सहमत छन् तर परिवर्तनका नाममा एक्कासि हरेक कुरा हटाउन खोज्दा असम्भव हुने तथ्यबाट पनि टाढा हुनुहुँदैन । जसरी सयौं वर्षको अन्तरालमा यी कुराहरू बांगिए त्यसरी नै सोझा बनाउन पनि सयौं वर्ष लाग्ने तथ्यसँग विज्ञ ग्रन्थकारलाई सायद **'हो'** भन्न कर लाग्ला । विभिन्न दृष्टिकोणबाट हाम्रा प्रमुख संस्कारहरूको नालीबेली केलाएर तयार पारिएको प्रस्तुत कृतिले हाम्रो समाजमा नयाँ दृष्टिकोण दिएको छ । कृति पठनीय छ । हाम्रा समाजको यथार्थ चित्र यसमा कोरिएको छ ।

## ४. शिक्षाका ती दिन




संस्मरणात्मक ग्रन्थ स्रष्टा पुष्पराज पौडेलको दोस्रो संस्मरणात्मक कृति 'शिक्षाका ती दिन' २०७५ लाई हेड्स नेपालले प्रकाशित गरेको छ । यस संस्मरणमा १०५ वटा संस्मरणात्मक लेखहरू छन् । लेखकले आफ्नो विद्यार्थी कालका अनुभवहरू अधिकांश ठाउँमा पस्केका छन् । ६ दर्जनभन्दा बढी लेखमा विद्यार्थी कालका अनुभवहरू समेटिएका छन् भने बाँकी साढे दुई दर्जन लेखहरूमा शिक्षक छँदाका र शैक्षिक सेवा गर्दाका अनुभवहरू समेटिएका छन् । विगतका घटनाक्रमलाई जस्ताको तस्तै दिमागमा सुरक्षित गरेर शीर्षकलाई सार्थक बनाइएको छ । हरेक पाठको अन्त्यमा उक्त घटनाबाट आफूले सिकेका पाठहरू उल्लेख गरेर सबैका लागि ज्ञान र निर्णय गर्दा ध्यान दिनुपर्ने प्रसङ्गहरू उल्लेख गरिएको छ । आफूले शिक्षा लिंदा र दिंदा बटुलेका अनुभवहरूको जीवन्त प्रस्तुति प्रस्तुत कृतिमा पाइन्छ । नेपालमा विगतका सामाजिक र आर्थिक अवस्थाले शैक्षिक अवस्थामा जमाएको प्रभाव 'शिक्षाका ती दिन' भित्र अनुभव गर्न पाइन्छ । लेखकले अधिकांश शीर्षकहरू अनुप्रासयुक्त रूपमा राखेका छन् । अनुभव र घटना सन्दर्भले एक-दुई लेख पढेपछि १०५ वटै लेख पढेर सिध्याउन खोज्ने जाँगर हरेक पाठकमा उत्पन्न हुन्छ । संस्मरणात्मक ग्रन्थका स्रष्टा : पुष्पराज पौडेल साधुवादका पात्र भएका छन् ।

***- अकिञ्चन***

ooo

# शशि पन्थी र 'किरण पुस्तकालय'

**"किरण पुस्तकालयको १३ आनाभन्दा ज्यादा जग्गा छ । ७ कोठे दुई तले भवन, आवश्यक फर्निचर र १० हजारभन्दा ज्यादा पुस्तक तथा पत्रपत्रिकाहरू छन् । यो पुस्तकालयका २ जना स्वयंसेवकबाट निरन्तर कार्य सञ्चालन हुँदै आएको छ । पुस्तकालयमा वाचनालायको व्यवस्था छ । पाठकहरूलाई निःशुल्क पढ्न पाइन्छ । त्यसरी नै धरौटी राखेर, सदस्य बनेर घरमै पुस्तक लगी पढ्न पनि पाइन्छ । यहाँ नेपालका प्रतिष्ठित कविहरूको जन्मजयन्ती मनाउने काम गरिन्छ । समय-समयमा स्थानीय स्तरमा, जिल्लास्तरमा, प्रदेशस्तरमा र राष्ट्रियस्तरमा शैक्षिक र साहित्यिक गोष्ठीहरू हुन्छन् । गुल्मीमा जन्मेर साहित्य साधना गरेका, रहेका स्रष्टाहरूलाई वार्षिक एक पटक सम्मान गर्ने परम्परा छ ।"**



**ऋषि आजाद**

आज मैले पावनभूमि रेसुङ्गाको जगमा बसेर साहित्यिक साधना गर्ने अर्का कर्मयोगी शशि पन्थीको व्यक्तित्व र उनको पहलकदमी र कुशल नेतृत्वमा स्थापित किरण पुस्तकालयको विषयमा केही लेख्ने जमर्को गर्छु । हुन त किरण पुस्तकालय सार्वजनिक पुस्तकालय हो । यो पुस्तकालयमा स्थानीय थुप्रै महानुभावहरूको पसिना सिञ्चित भएको छ । यसबाट हजारौं लाभान्वित भएका छन् । नेपाल सरकारबाट पनि सामान्य आर्थिक, भौतिक सहयोग भएकै छ । स्थानीय सरकारले पनि यसको संवर्धनको लागि ठोस योगदान दिन थालेको

छ । शशिसँग होस्टेमा हैंसे गर्ने थुप्रै नामहरू जोडिएर आएका छन् । यो संयुक्त अभियान हो । तर मैले कसैको नाम छुट्ने डरले ती आदरणीय व्यक्तित्वहरूको नाम नलिईकन सुटुक्क शशि पन्थीलाई हार्दिक बधाई दिदै किरण पुस्तकालयको विषयसँग उनको जीवन जोडेर लेख्ने जमर्को गर्छु ।

म सानै छँदा शशि पन्थीको नाम सुन्थें । उनको पूरा नाम शशिकिरण पन्थी हो । उनले २०२५ सालमा आफ्नो नाम शशिकिरणबाट 'किरण' शब्द हटाई पुस्तकालयको नाममा राखेर आफूलाई शशि पन्थी मात्र भनेका हुन् भन्ने सुनेको थिएँ । त्यो अन्धकारमय युगमा पनि उज्यालोको लागि छामछुम गर्दै किरण पुस्तकालय जस्तो महत्त्वपूर्ण संस्था खोल्न मिलेको सफलतालाई धन्य सम्झनुपर्छ । उनले त्यो पुस्तकालयबाट निरन्तर रूपमा **'हाम्रो पुरुषार्थ'** प्रकाशन गरिरहेका छन् । उनकै प्रधान सम्पादकत्वमा उक्त पत्रिका विगत ५० वर्षदेखि निरन्तर चलिरहेको छ । पचास वर्षसम्म निरन्तर चल्नु चानचुने कुरा थिएन । उनले जे गरे निकै कष्टसाध्य काम गरे । उनलाई हामी सबैले हार्दिक अभिनन्दन तथा सम्मान गर्नुपर्छ । काठमाडौंबाहिर रहेर यति परिपक्व र गुणस्तरीय साहित्यिक पत्रिका प्रकाशन भएको नेपालकै लागि पहिलो हुन सक्छ । यसर्थ पनि शशि पन्थी गुल्मी, अर्घाखाँचीतिरको लागि महत्त्वपूर्ण व्यक्ति मानिन्छन् । उनको योगदानको सर्वत्र प्रशंसा हुन थालेको छ ।

जीवनको पूर्वार्धमा गरेका असल कामहरूको मूल्याङ्कन र प्रशंसा उत्तरार्धतिर हुन थाल्छ । पूर्वार्धमा असल काम गर्न नसक्नेहरूले उत्तरार्धमा समाजमा गहकिलो योगदान दिन केही समय अवश्य लाग्छ । तर पनि नेपालमा अहिले सेवा निवृत्त कर्मचारी र शिक्षक र प्राध्यापकहरूले समाजमा थुप्रो योगदान दिन थालेका छन् । सामाजिक कामहरूमा धेरैका कर्मवीर हातहरू लाग्न थालेका छन् । पूर्वार्धमा हासिल गरेका ज्ञान, सीप, अनुभवहरू उत्तरार्धमा नयाँ पिढीलाई हस्तान्तरण गर्न सहज भएको छ । शशि पन्थी पनि आफ्ना ज्ञान सीप अनुभवहरू नयाँ नयाँ पुस्ताहरू माझ पस्किरहेका छन् । आफ्नो क्षेत्रमा अधुनातन पुरातन ज्ञानहरूको संयोजन गरी आदर्श शिक्षाका आधारमा असल समाज बनाउन तपस्या गरिरहेका छन् । यत्रतत्र डुल्न जाँदा आज शशि पन्थी आउँदैछन् भन्ने सुन्दा समाजमा जुन आकर्षणपूर्ण हलचल सुनिन्छ त्यो नै उनको महत्तम सम्पत्ति हो । उनी पूजनीय छन् । उनी जहाँ जान्छन् त्यहाँ प्रभाव छोड्छन् ।

शशि साहित्यकार हुन् । उनी साहित्यकारभन्दा पनि साहित्यिक अभियान्ता हुन् भन्दा ज्यादा उपयुक्त हुन्छ । उनले धेरै कविहरूलाई साहित्यिक साधनाको लागि अवसरहरू दिए । उनले बाटो देखाएकाहरू महाकविसम्म बन्न पुगेका छन् । राष्ट्रिय महत्त्वका थुप्रै क्षेत्रहरूमा विभिन्न ओहोदामा बसेर मुलुकको सेवा

गरिरहेका छन् । बौद्धिक, प्राविधिक, साहित्यिक, राजनैतिक, सांस्कृतिक क्षेत्र उर्बर बनाइरहेका छन् । सबैले शशि पन्थीको नाम गर्वकासाथ लिन्छन् । यी नै उनको अमूल्य सम्पत्ति हो । यही नामबाट उनी मरणोपरान्त पनि बाँचिरहनेछन् ।

हिन्दू आदर्शमा व्रतबन्धित भई स्थितप्रज्ञ स्वभाव हासिल गरेका उनी सौम्य व्यक्ति मानिन्छन् । उनी सबैका साझा व्यक्तित्व मानिन्छन् । उनको भागवतीय स्वभाव सबैका लागि अनुकरणीय छ । उनले त्यो क्षेत्रमा असल समाज बनाउन आफू मात्र असल बनेनन् सिङ्गो समाजलाई संस्कार भर्दै असल बनाउन कष्टसाध्य काम गरेका छन् । त्यसो गर्नको लागि उनले पहिला आफू असल बन्ने संकल्प गरे । उनी आफू मात्र असल बनेनन् । सिङ्गो समाज असल बनाउन पुस्तकालय स्थापना गरे । उनको चाहनाअनुसार तम्घासमा एउटा राम्रो पुस्तकालय बन्यो । उनले पुस्तकालय मात्र हैन रेसुङ्गा क्याम्पसलाई उत्कर्षमा पुराए । उनले क्याम्पस मात्र खोलेनन् गुणस्तरीय शिक्षा प्रदान गरी अब्बल जनशक्ति निर्माणमा योगदान दिए । त्यसरी नै आफूले आफ्नो स्वभावअनुसार नेपाल रेडक्रस सोसाइटीमा रहेर काम गर्दै केन्द्रसम्म पुगे । जिल्लाको मुटुमा बसेर उनले धेरैलाई शिक्षित र दीक्षित पारे ।

उक्त पुस्तकालयको प्रभाव हाम्रो मरेङ्गतिर पनि पऱ्यो । मरेङ्गमा हामीहरूले प्रगति पुस्तकालय सञ्चालन गऱ्यौं । हाम्रो उद्देश्य पञ्चायती एकतन्त्रलाई हटाएर प्रतिस्पर्धात्मक लोकतन्त्र स्थापना गर्ने उद्देश्यले प्रेरित थियो । त्यहाँबाट हामीले महत्त्वपूर्ण कार्यहरू सम्पादन गर्थ्यौं । विशेषतः त्यो मार्क्सवादी अध्ययन केन्द्रजस्तो बनेको थियो । त्यो संस्था निर्माणमा स्थानीय व्यक्तिहरूको ठूलो हात छ । तर तम्घासमा खुलेको पुस्तकालय भने सार्वजनिक अध्ययन केन्द्र बनेको थियो । विभिन्न पुस्तक र पत्रपत्रिकाहरू पढ्न हजारौं व्यक्तिहरू आउँथे । किरण पुस्तकालयले सबैलाई जगैदेखि ब्युँझाएको थियो । हाम्रो व्यक्तित्व बन्नको लागि पनि प्रत्यक्ष परोक्ष तम्घासको प्रभाव छ । तम्घासबाट शिक्षित र दीक्षित युवाहरू धेरै थिए । लोकतान्त्रिक आन्दोलनमा तम्घासले सधै अग्रणी भूमिका निभाउँथ्यो । लोकतान्त्रिक आन्दोलनप्रति निष्ठा राख्ने शशिबाट धेरैले शिक्षा लिनुपर्छ ।

आज म यस आलेखको माध्यमबाट उनको योगदानका साथै किरण पुस्तकालयको सङ्क्षिप्त परिचय उल्लेख गर्न चाहन्छु । यो पुस्तकालय २०२५ साल कार्तिक २० गते स्थापना भएको थियो । हाल रेसुङ्गा ८ मा पर्ने उक्त ठाउँ पहिला लक्ष्मीपुर गाउँ पञ्चायतमा थियो । पुस्तकालयले २०२८ साल भदौ ३ गते प्रमुख जिल्ला अधिकारी कार्यालय, शिक्षा शाखा, गुल्मीबाट अनुमति प्राप्त गरेको हो । अनुमति प्राप्त गर्न पनि ३ वर्ष पर्खनुपरेको थियो । यसको स्वीकृति भने २०२९ असोज २९ गते जिल्ला शिक्षा अधिकारीको कार्यालय पाल्पाबाट भएको हो । तत्कालीन श्री ५ को सरकारको परिवर्तित नीति नियमअनुसार समय

समयमा जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यालयमा दर्ता गराई स्वीकृति लिई अभिलेखीकरण र नवीकरण गराउँदै आएको देखिन्छ । यो वैधानिक संस्थाको रूपमा निरन्तर चलेको छ । यो तम्घासको आभूषण हो ।

यो संस्थाको प्रकृति विशुद्ध गैरनाफामूलक र जनहितकारी छ । समुदायको सहयोगमा सार्वजनिक रूपमा सञ्चालित छ । यो विशुद्ध शैक्षिक, साहित्यिक सामाजिक संस्था हो । यो स्वशासित र संगठित छ । संस्थाको विधानअनुसार निश्चित प्रक्रियाबाट जुनसुकै नेपालीले पनि यस संस्थाको सदस्यता लिन सक्नेछ । हाल १ सयभन्दा ज्यादा विशिष्ट र आजीवन सदस्य रहेका पुस्तकालय सभाबाट प्रत्येक ३, ३ वर्षमा ९ सदस्यीय व्यवस्थापन समिति गठन हुँदै आएको छ । प्रत्येक वर्ष वार्षिक साधारण सभा, लेखा परीक्षण र अभिलेख नवीकरण गराउँदै आएको छ ।

किरण पुस्तकालयको १३ आनाभन्दा ज्यादा जग्गा छ । ७ कोठे दुई तले भवन, आवश्यक फर्निचर र १० हजारभन्दा ज्यादा पुस्तक तथा पत्रपत्रिकाहरू छन् । यो पुस्तकालय २ जना स्वयंसेवकबाट निरन्तर सञ्चालन हुँदै आएको छ । पुस्तकालयमा वाचानालयको व्यवस्था छ । पठकहरूलाई निःशुल्क पढ्न पाइन्छ । त्यसरी नै धरौटी राखेर सदस्य बनेर घरमै पुस्तक लगी पढ्न पनि पाइन्छ । यहाँ नेपालका प्रतिष्ठित कविहरूको जन्म जयन्ती मनाउने काम गरिन्छ । समय–समयमा स्थानीय स्तरमा जिल्ला स्तरमा, प्रदेश स्तरमा र राष्ट्रिय स्तरमा शैक्षिक र साहित्यिक गोष्ठीहरू हुन्छन् । गुल्मीमा जन्मेर साहित्य साधना गरेका एक जना स्रष्टालाई वार्षिक एक पटक सम्मान गर्ने परम्परा छ ।

अन्त्यमा कर्मको फल पाइन्छ । त्यो फल तुरन्त हैन, धेरै वर्षपछि पनि प्राप्त हुन्छ । शशिको बगैंचामा रहेका फलफूल वृक्षहरूमा प्रशंसाका फलहरू फल्न थालेका छन् । त्यसमा सबैले प्रतिस्पर्धी समाजमा एकले अर्काको प्रशंसा गर्दा आफू तल परिन्छ भन्दै ओठ लेब्राउने चलन छ । राम्रो काम गरेकालाई अभिनन्दन गर्दा आह्निस गर्नेहरू पनि छन् । तर समाजले असललाई सम्मान गरिछाड्छ । आज म यस आलेखमार्फत शशि पन्थीलाई हार्दिक अभिनन्दन गर्दै समाज सुधारको लागि निरन्तर लाग्न सफलता मिलोस् भन्ने शुभकामना प्रकट गर्न चाहन्छु ।

*- साभार : **दैनिक पत्र** राष्ट्रिय दैनिक*

*(२४ पुस, २०७५) बाट ।*

०००

पाठक-प्रतिक्रिया

# 'हाम्रो पुरुषार्थ' वेब-साइटमा पढ्न पाउँदा खुसी लाग्यो ।

**सम्पादकज्यू,**
**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

हाम्रो पुरुषार्थ त्रैमासिकको स्वर्णवर्ष विशेषांक ८० पढ्ने मौका पाएँ । किरण पुस्तकालयको हालको भवन अगाडि र प्रस्तावित नयाँ भवनको आकर्षक फोटो पछाडि भएको यो किताब बाहिरबाट हेर्दा निकै सुन्दर देखिन्छ । भित्र हेर्दा माननीय मन्त्री श्री गोकर्ण बिष्टले नयाँ बन्ने पुस्तकालय भवन शिलान्यास गर्दै गर्दाको र पुस्तक प्रदर्शनी हेर्दै गर्दाको सम्पादक शशि पन्थीसमेत भएको रंगीन आकर्षक फोटाले यो अंक पूरै पढ्न प्रेरित गरेजस्तो भान हुन्छ । पाना पल्टाउँदा सम्माननीय राष्ट्रपति तथा प्रधानमन्त्री, परराष्ट्रमन्त्री, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, प्रदेश नं. ५ का मुख्यमन्त्री र सामाजिक विकास मन्त्रीको शुभकामना सन्देशले पत्रिकाको गरिमा बढाएको छ । कुटुरो फुकाउँदा, भेटघाट स्तम्भसहित वरिष्ठ साहित्यकार, कवि र लेखकसमेत ७५ व्यक्ति र व्यक्तित्वका महत्त्वपूर्ण लेख कविता आदिको शीर्षक पढ्न सकिन्छ । विज्ञहरूलाई रसपान गराउन सम्पादकीयलाई सजाइएको छ । विद्या, अक्षर, अविनाशी छन् । ज्ञान ज्योतिर्मय छ । अक्षर रोपेर उज्यालो उमार्न उद्यत भन्ने बेजोड शब्दचित्रमा लेखिएको सम्पादकीयको स्तरीयता सगरमाथाको चुचुरोमा पुगेको छ । सबै लेख कविता स्तरीय छन् । केही विद्वान्हरूका लेखको मूलभूत सार तल उल्लेख गरिएको छ :-

"पुस्तकलाई म जीवनको एउटा अभिन्न, साह्रै प्यारो र इमान्दार साथी मान्छु, जसले मान्छेले जस्तो धोका दिदैन; बरू सुखमा आनन्द र दुःखमा प्रेरणा र हौसला दिन्छ । पुस्तकालय जति राम्रो सेवा अरू छैन । जातजाति, वर्ग, वर्ण, धर्म, लिङ्ग, उमेर आदि केहीको भेदभाव नहुने ठाउँ पुस्तकालय हो ।"

**- प्रख्यात समाजसेवी इन्दिरा दली ।**

"भैरहवा र गौरको जेलमा बन्दी भएको बेला गुल्मीको किरण पुस्तकालयसँग बढी सम्पर्क भएको थियो । जेलमा हाम्रो पुरुषार्थ पढ्ने र लेख्ने मौका पाएको थिएँ ।"

**- मोदनाथ प्रश्रित**

"जेलमा बस्दा ज्ञानहरि र शशि पन्थी दुबै मलाई सहयोग गर्न तयार हुनुभएको थियो । किरण पुस्तकालयबाट शशि पन्थीजीमार्फत पठाइएका किताबहरू पढेपछि साथीलाई दिने गर्दथें ।"

**– केशरमणि पोखरेल ।**

"हाम्रो पुरुषार्थको स्थायी स्तम्भ भेटघाट ज्यादै महत्त्वपूर्ण छ । ज्ञानवर्धक छ । यसबाट गागरमा सागर भरिएको उक्ति चरितार्थ हुन्छ ।"

**– भागवत ज्ञवाली ।**

"किरणले विविध क्षेत्रलाई संस्पर्श गरे पनि राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षितिजमा समेत विस्तारित गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कार्य हाम्रो पुरुषार्थबाटै भएको छ ।"

**– डा. रामप्रसाद ज्ञवाली ।**

"कुनै स्थायी स्रोत नभएको, राजधानीबाहिरको एउटा साहित्यिक पत्रिकाले पुऱ्याएको योगदान अविस्मरणीय छ ।"

**– पूर्णप्रसाद अधिकारी ।**

"जुन घरमा ज्ञानवर्धक पुस्तकहरू हुँदैनन्, त्यो घर भूत बंगलाजस्तो हुन्छ ।"

**– डा. शिवप्रसाद पौड्याल ।**

"आठौं शताब्दीमा एउटा बौद्ध भिक्षुले संस्कृतमा लेखेको पत्र चीनमा आज पनि सुरक्षित राखिएको छ ।"

**– डा. बाबुराम ज्ञवाली ।**

"काठमाडौं पश्चिममा यस्तो त्याग, निष्ठा र समर्पणले कुनै साहित्यिक प्रकाशनको यति लामो इतिहास बनाएको कुरा मलाई थाहा छैन । योगदानलाई निरन्तर राखेको देखेर हर्ष लाग्छ ।"

**– डा. गोविन्द भट्टराई ।**

"नेपालमा पुस्तकालय खोल्दा पनि सजाय हुन्थ्यो । गुल्मीमा २०२५ सालमा किरण पुस्तकालयको स्थापना भै सक्रियतापूर्वक सञ्चालन भएको छ ।"

**– तीर्थराज वन्त ।**

"ज्ञानको न्यायपूर्ण वा समन्यायिक वितरणमा पुस्तकालयको ठूलो भूमिका छ र यसमा सबैको प्रवेश सुलभ हुन्छ"

**– कृष्ण ज्ञवाली ।**

"मेरो सौन्दर्य पुस्तक हो, पुस्तकको सौन्दर्य पुस्तकालय हो ।"

**– प्रा. डा. कपिल लामिछाने ।**

"जे भए पनि पुस्तकालय भनेर चिनाएकै किरण पुस्तकालयले हो मलाई ।"

**– शिवशरण झवाली ।**

"भारत, अमेरिका, अष्ट्रेलिया आदि मुलुकमा समेत यसका प्रतिनिधिहरू रहेका छन् ।"

**– डा. हिरण्यलाल झवाली ।**

"किरण पुस्तकालयले समग्र दलित हितको लागि एउटा ग्रन्थ नै प्रकाशन गरेर ठूलो गुन लगाएको छ ।"

**– ईश्वर वि.क. ।**

"सर्वप्रथम प्रदेशस्तरीय भेला आयोजना गरेर किरण पुस्तकालयले देशमा नै अग्रणी पुस्तकालयको जनाउ दिएको छ ।"

**– चन्द्रकान्त आचार्य ।**

"शशि पन्थीले जेलमा लेनीनले लेखेको राज्य र क्रान्ति जस्तो प्रख्यात मार्क्सवादी पुस्तकसमेत पठाइदिनुभयो ।"

**– बेदुराम भुसाल ।**

"पुस्तकालयले प्रत्येक वर्ष भानु, मोती, लक्ष्मी र लेखनाथ जयन्ती मनाउने र प्रतिभालाई पुरस्कार प्रदान गर्ने गर्दछ ।"

**– डा. दामोदर ढकाल ।**

"शशिकिरण पन्थीले जीवनको सम्पूर्ण शक्तिस्वरूप 'प्रकाश' पुस्तकालयमार्फत समाजलाई सुम्पेर आफू शशि पन्थी मात्र भएर रहनुभएको छ ।"

**– गणेशपुण्य श्रेष्ठ ।**

"पुस्तकालय आफै बोल्दैन, किन्तु उसले समाजलाई बोल्न सिकाउँछ ।"

**– डा. लक्ष्मीकान्त पन्थी ।**

"किरण पुस्तकालयका सञ्चालक, हाम्रो पुरुषार्थका सम्पादक मण्डल ज्यादै चट्टाने छाती बोकेर बिडो थामिरहनुभएको छ ।"

**– प्रा. डा. राजाराम उपाध्याय ।**

"पचास वर्षको कालखण्ड छोटो हो अनन्त कालक्रममा । हामी अल्पायु मर्त्यमा यो एक युग हो ।"

**– दीन पन्थी ।**

"पञ्चायतकालीन कठोर दिनमा पुस्तकालय स्थापना गरेर आजसम्म ल्याइपुऱ्याउनु चानचुने कुरा होइन । आफ्नै नाममा जग्गा नापी गराउने होड चलेको बेला

पुस्तकालयको नाममा जग्गा नापी गराउनु, भवन बनाउनु सानो लगानी र त्यागले सम्भव थिएन ।"

**- हीरा ए.सी. ।**

"मानिसहरू दुई थरिका हुन्छन् । एकथरि आफू बाँच्नका लागि खान्छन्, अर्काथरी अरूको उपकारका लागि । विद्वान् शशि पन्थीले 'परोपकार पुण्याय' उक्तिलाई राम्रोसँग बुझ्नुभएको छ ।"

**- लीलामणि ढुंगाना ।**

"किरण पुस्तकालय वास्तवमा गुल्मीको पहिचान बनेको छ ।"

**- वनमाली निराकार ।**

"पुस्तकालयले एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित गरेर मोफसलका पुस्तकालयहरूमा कीर्तिमान कायम गरेको छ"

**- अर्जुन ज्ञवाली ।**

शुभकामना, सम्पादकीय र कभरबाहेक ४०८ पृष्ठ रहेको यो स्वर्ण अंकमा किरण पुस्तकालयको संक्षिप्त जानकारी, ५० वर्षको यात्रामा आगन्तुक पुस्तिकामा अतिथिका उद्‌गारहरू, पुस्तकालयका विभिन्न तहका सदस्यहरू तथा व्यवस्थापन समितिको नामावली, दर्ता प्रमाणपत्रहरू, लेखिएका शोधपत्रहरू, पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि आदि महत्त्वपूर्ण विवरणहरू समावेश गरिएका छन् । गर्न कठिन हुन्छ तर भन्न सजिलो हुन्छ । ग्रन्थ आकारको अंक निकाल्नु सजिलो काम पक्कै होइन । यो अंकमा पहिला लेख पठाउने लेखकलाई पहिलो स्थान दिइएको छ । वरिष्ठ कनिष्ठ भनेर भेदभाव गरिएको छैन ।

पहिलो पटक यो अंक वेब-साइटमा पढ्न पाउँदा खुसी लाग्यो । वेब-साइट बनाएर पुस्तकालयलाई अतुल मद्दत गर्ने हाल अमेरिकामा रहेकी इला पन्थी र महेश आचार्यलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । हाम्रो पुरुषार्थ अब नेटबाट संसारभरि पढ्न पाइने भएको छ । आधुनिकतामा फड्को मारेको हाम्रो पुरुषार्थले संसारभरि फैलिने मौका पाएको छ । प्रतिफल नदेखिने, जीवनभर निरन्तर खटिइरहनु पर्ने यो दुष्कर कार्यलाई जीवन साथी बनाउनु भएका साधक श्री शशि पन्थी र उहाँलाई निरन्तर साथ र सहयोग दिनुहुने श्री दीन पन्थी तथा सुशिला प्रिन्टर्सलगायत सम्बन्धित सबैलाई स्वर्ण अंक ८० प्रकाशनको लागि हार्दिक धन्यवाद र सम्मान ज्ञापन गर्दछु ।

**- ध्रुवराज पन्थी**

**संरक्षक सदस्य : किरण पुस्तकालय, तम्घास, गुल्मी ।**

ooo

## हाम्रो पुरुषार्थका आजीवन/स्थायी ग्राहकहरू :

### (क) आजीवन

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९२१. | श्री कल्याण पौडेल | तिलोत्तमा नगरपालिका-३, शङ्करनगर, रूपन्देही, मो.नं.९८५७०२६३६८ |
| ९२२. | श्री मञ्जु भुसाल | तिलोत्तमा नगरपालिका-२, शङ्करनगर, रूपन्देही । मो.नं.:९८५७०७१६०५ |
| ९२३. | श्री शोभाकर न्यौपाने | तानसेन नगरपालिका-१४, अर्गली, पाल्पा, हाल-त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन मो.नं. ९८५७०६२६६४ |

### (ख) स्थायी :

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ६०. | श्री विद्यामन्दिर माध्यमिक विद्यालय | बाग्लुङ, गण्डकी प्रदेश । |

# हार्दिक श्रद्धाञ्जलि



**स्व. भेषबहादुर कुँवर 'प्रयासी'**



**स्व. डा. मणिलाल शर्मोपाध्याय**

किरण पुस्तकालयका पूर्व कोषाध्यक्ष तथा 'हाम्रो पुरुषार्थ'का सहायक सम्पादक भेषबहादुर कुँवर 'प्रयासी'को मिति २०७६/०२/१७ का दिन ७१ वर्षको उमेरमा र भारतको वारणसी सहरमा हाम्रो पुरुषार्थको विदेश प्रतिनिधिको रूपमा कार्यरत डा. मणिलाल शर्मोपाध्यायको मिति २०७६/०३/२२ गतेका दिन असामयिक निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**किरण पुस्तकालय**

तथा

**हाम्रो पुरुषार्थ परिवार**

तम्घास, गुल्मी

# भू–कम्प प्रतिरोधी घर बनाऔं ।

**२०७२ वैशाखको जस्तै भू–कम्प जुनसुकै बेला जहाँ पनि जान सक्छ । त्यसैले, घर निर्माण गर्दा इञ्जिनियरको सल्लाह लिएर मापदण्डअनुसार घर बनाऔं ।**

**गुणस्तरीय सामग्रीहरूको प्रयोग गरी तालिम प्राप्त डकर्मीहरूबाट घर निर्माण गरौं ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा

# प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपाल: (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिटयाउँको मन (२०७६) | दीन पन्थी |

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४९०)